स्थानीय पाठ्यपुस्तक तथा सन्दर्भ सामग्री लेखन कार्यदल

क्र.स.	नाम थर	पद
१	रमण बहादुर थापा	नगर प्रमुख - संरक्षक
२	बालकुमारी थापा	नगर उप-प्रमुख - संरक्षक
३	सुर्य दर्शन पण्डित	प्रमुख प्रशासकीय अधिकृत - संरक्षक
४	विकल काफ्ले	शिक्षा अधिकृत - सल्लाहकार
५	सुन्दर प्रसाद देवकोटा	प्रधानाध्यापक दरैठाटी मा.वि. - सल्लाहकार
६	बालकृष्ण लम्साल	प्रधानाध्यापक- रामतुलसी मा.वि. - सल्लाहकार
७	बद्री घिमिरे	अध्यक्ष नेपाल शिक्षक महासंघ रामपुर नगर समिति - सल्लाहकार

क्र.स.	नाम थर	पद
१	देवराज देवकोटा	प्रधानाध्यापक गंगा मा.वि. - संयोजक
२	पशुपति खनाल	प्रधानाध्यापक जन विकास मा.वि. - सदस्य
३	हरि प्रसाद अधिकारी	प्रधानाध्यापक सीताराम मा.वि. - सदस्य
४	रुपनाथ गौतम	प्रधानाध्यापक आधारभूत मा.वि. -सदस्य
५	डोलराज कंडेल	प्रधानाध्यापक कृष्णादेवी मा.वि. - सदस्य
६	रिङ कुमारी खाम्चा	प्रधानाध्यापक भानुभक्त मा.वि. - सदस्य
७	अनिता कुँवर	सहायक शिक्षा अधिकृत - सदस्य सचिव

"सुखी समृद्ध, सुसंस्कृत शहर, समुन्नत रामपुर, हाम्रो शहर"

हाम्रो रामपुर सन्दर्भ सामग्री

रामपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रामपुर, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

info@rampurmun.gov.np/ rampurmunicipality@gmail.com

"सुखी समृद्ध, सुसंस्कृत शहर, समुन्नत रामपुर, हाम्रो रहर"

स्थानीय पाठ्यपुस्तक तथा सन्दर्भ सामग्री

रामपुर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

रामपुर, पाल्पा

लुम्बिनी प्रदेश, नेपाल

Email :info@rampurmun.gov.np

: rampurmunicipality@gmail.com

स्थानीय पाठ्यपुस्तक तथा सन्दर्भ सामग्री लेखन कार्यदल

क्र.सं.	नाम, थर	पद
१	रमण बहादुर थापा	संरक्षक
२	बालकुमारी थापा	संरक्षक
३	सुर्य दर्शन पण्डित	संरक्षक
४	विकल काफ्ले	सल्लाहकार
५	सुन्दर प्रसाद देवकोटा	सल्लाहकार
६	बालकृष्ण लम्साल	सल्लाहकार
७	बद्री घिमिरे	सल्लाहकार

क्र.स.	नाम थर	पद
१	देवराज देवकोटा	संयोजक
२	पशुपति खनाल	सदस्य
३	हरि प्रसाद अधिकारी	सदस्य
४	रुपनाथ गौतम	सदस्य
५	डोलराज कंडेल	सदस्य
६	रिङ कुमारी खाम्चा	सदस्य
७	अनिता कुँवर	सदस्य - सचिव

विषय सूची

रामपुर नगरपालिकाको चिनारी **१**

१.१. भौगोलिक अवस्था १

१.२. ऐतिहासिक तथा समसामयिक अवस्था १

२.१. समाज र संस्कृति २

२.२. जातजाति, संस्कार र संस्कृति २

३. वन वातावरण र पर्यटन

स्थानीय पाठ्यक्रममा आधारीत सन्दर्भ सामग्री **१**

रामपुर नगरपालिका, वडा नं. १, रामपुर, पाल्पा **१**

परिचय **८**

१.१. भौगोलिक अवस्था ८

१.२. ऐतिहासिक र समसामयिक अवस्था ८

२. **समाज र संस्कृति** **१०**

२.१. प्रमुख वस्तीहरु १०

२.२. जातजातिहरु ११

२.३. स्थानीय संघ संस्थाहरु १२

३.२. वन्यजन्तुहरु १२

३.३. प्रमुख पर्यटकीय स्थलहरु १३

वन वातावरण र पर्यटन **१२**

३.१. सामुदायिक बन र बन पैदावार १२

४. **आर्थिक क्रियाकलाप** **१३**

४.१. प्रमुख पेशाहरु १३

४.२. स्थानीय उत्पादनहरु १३

४.३. बैक तथा वित्तिय संस्थाहरु १४

५. **विकासका पूर्वाधारहरु** **१४**

५.१. शिक्षा, स्वास्थ्य र सञ्चार १४

५.२. विद्युत र खानेपानी १५

५.३. सडक र सिँचाइ १५

रामपुर नगरपालिका, वडा नं. २, रामपुर, पाल्पा **१६**

परिचय **१६**

१.१. अवस्थिति १६

१.२. ऐतिहासिक र समसामयिक अवस्था १६

२. **समाज र साँस्कृतिक** **१७**

२.१. प्रमुख वस्तिहरु १७

२.२. जातजाति संस्कार र सस्कृति १७

२.३. स्थानीय संघ संस्थाहरु १७
३. वन, वातावरण र पर्यटन **१८**
३.१. सामुदयिक वन र वनपैदावार १८
३.२. वन्यजन्तुहरू १८
३.३. प्रमुख पर्यटकीय स्थलहरु १८
४. आर्थिक क्रियाकलाप **२१**
४.१. प्रमुख पेशाहरु २१
४.२. स्थानीय उत्पादनहरु २१
४.३. वैङ्क तथा वित्तिय संस्थाहरु २१
५. विकासका पूर्वाधारहरु **२१**
५.१. शिक्षा, स्वास्थ्य र संञ्चार २१
५.२. विद्युत र खानेपानी २१
५.३. सडक र सिंचाई २१
६. विपद् र विपद् व्यवस्थापन **२२**
रामपुर नगरपालिका, वडा नं. ३, रामपुर, पाल्पा **२३**
परिचय २३
१. भौगोलिक अवस्था तथा ऐतिहासिक र समसामयिक अवस्था २३
१.१. भौगोलिक अवस्था २३
१.२. ऐतिहासिक र समसामयिक अवस्था २३
२. समाज र संस्कृति **२४**
२.१. प्रमुख वस्तीहरु २४
२.२. जातजाति, धर्म, संस्कार तथा संस्कृति २५
२.३. स्थानिय संघसंस्थाहरु ३०
एकाइ : ३ वन, वातावरण र पर्यटन **३१**
३.१. सामुदायिक वन र वनपैदावर ३१
३.२. वन्यजन्तुहरु ३१
३.३. प्रमुख पर्यटकीय स्थलहरु ३१
एकाइ : ४ आर्थिक क्रियाकलाप **३२**
४.१. प्रमुख पेशाहरु ३२
४.२. स्थानीय उत्पादनहरुः ३२
४.३. वैंङ्क, सहकारी तथा वित्तीय संस्थाः ३२
एकाइ : ५ विकासका पूर्वाधार **३३**
५.१. शिक्षा, स्वास्थ्य, सञ्चार, सुरक्षा ३३
५.२. सडक, खानेपानी, पुल, सिंचाइ, विद्युतीकरण, खेलमैदान ३२
५.३. सामाजिक विकास ३२
एकाइ : ६ विपद् र विपद् व्यवस्थापन **३५**

रामपुर नगरपालिका, वडा नं. ५, रामपुर, पाल्पा **३७**
समग्र परिचय **३७**
१.१. भौगोलिक अवस्था ३७
१.२. ऐतिहासिक र समसामयिक अवस्था ३७
२. समाज र संस्कृति **३८**
२.१. प्रमुख वस्तीहरु ३८
२.२. जातजाति, सस्कार र संस्कृति ३८
२.३. स्थानीय संघसंस्था ३९
३. वन, वातावरण र पर्यटन **३९**
३.१. सामुदायिक वन र वनपैदावर ३९
३.२. प्रमुख पर्याटकीय स्थलहरु ४०
४. आर्थिक क्रियाकलापहरु **४०**
४.१. प्रमुख पेशा ४०
४.२. स्थानीय उत्पादन ४०
४.३. बैंक तथा वित्तिय संस्थाहरु ४०
५. विकासरका पुर्वाधारहरु **४०**
५.१. शिक्षा, स्वास्थ्य र सञ्चार ४०
५.२. विद्युत र खानेपानी ४१
५.३. सडक र सिंचाइ ४१
६. विपत र व्यवस्थापन **४१**
रामपुर नगरपालिका, वडा नं. ५, रामपुर, पाल्पा **४२**
१. परिचय **४२**
१.१. भौगोलिक अवस्था ४२
१.२. ऐतिहासिक तथा समसामयिक अवस्था ४२
एकाइ : २ **४४**
समाज र संस्कृति **४४**
२.१ प्रमुख वस्तीहरुः ४४
२.२ जाति संकार र सस्कृति ४४
२.३ संघ सस्थाहरु ४६
एकाइ : ३ **४७**
वन वातावरण र पर्यटन **४७**
३.१. सामुदायिक वन र वन पैदावर ४७
३.२. वन्यजन्तु ४७
३.३. प्रमुख पर्यटकिय क्षेत्र ४७
एकाइ : ४ **४८**
आर्थिक क्रियाकलाप **४८**
४.१. प्रमुख पेशा ४८

४.२. स्थानिय उत्पादन ४८
४.३. वैक तथा वित्तिय संस्थाहरु ४८
एकाइ : ५ **४९**
विकासका पूर्वाधारहरु **४९**
५.१. सडक ४९
५.२. शिक्षा स्वास्थ्य र सञ्चार ५०
५.३. विद्युत र खानेपानी ५०
५.४. सिचाई ५०
६. विपद र विपद व्यवस्थापन **५०**
रामपुर नगरपालिका, वडा नं. ६, रामपुर, पाल्पा **५१**
परिचय **५१**
१.१. भौगोलिक अवस्था ५१
१.२. ऐतिहासिक र समसामायिक अवस्था ५१
२. समाज र साँस्कृतिक अवस्था **५२**
२.१. प्रमुख वस्तीहरु ५२
२.२. स्थानीय संघ संस्थाहरु ५२
२.३. जातजाती, संस्कार र संस्कृति ५२
३. वन, वातावरण र पर्यटन **५३**
३.१. सामुदायिक वन र वन पैदावर ५३
३.२. वन्यजन्तु तथा पंछीहरु ५४
३.३. प्रमुख पर्यटकीय स्थलहरु ५४
४. आर्थिक क्रियाकलाप **५६**
४.१. प्रमुख पेशाहरु ५६
४.२. स्थानीय उत्पादनहरु ५६
४.३. वैङ्क तथा वित्तिय संस्थाहरु ५६
५. विकासका पूर्वाधारहरु **५६**
५.१. शिक्षा, स्वास्थ्य र सञ्चार ५६
५.२. विद्युत र खानेपानी ५७
५.३. सडक र सिचाई ५७
६. विपद र विपद व्यवस्थापन **५७**
रामपुर नगरपालिका, वडा नं. ७, रामपुर, पाल्पा **५८**
एकाइ : १ **५८**
परिचय **५८**
१.१. भौगोलिक अवस्था ५८
१.२. ऐतिहासिक र समसामयिक अवस्था ५८

एकाइ : २ **६०**
समाज र संस्कति **६०**
२.१. प्रमुख बस्तीहरु ६०
२.३. स्थानीय संघ संस्था तथा समुहहरु ६०
एकाइ : ३ **६१**
३. वन, वातावरण र पर्यटन ६१
३.१. सामुदायिक वन र वनपैदावर ६१
३.२. वन्यजन्तु तथा पशुपंक्षीहरु ६१
३.३. प्रमुख पर्यटकीय स्थलहरु ६१
एकाइ : ४ **६२**
४. आर्थिक कृयाकलापहरु ६२
४.१. प्रमुख पेशाहरु ६२
४.२. प्रमुख उत्पादनहरु ६२
४.३. बैङ्क तथा वित्तीय संस्थाहरु ६२
एकाइ : ५ **६३**
५. विकासका पूर्वाधारहरु ६३
५.१. शिक्षा, स्वास्थ्य र सञ्चार ६३
५.२. विद्युत र खानेपानी ६३
५.३. सडक र सिचाई ६३
एकाइ : ६ **६४**
रामपुर नगरपालिका, वडा नं. ८, रामपुर, पाल्पा **६६**
१. **परिचय** **६६**
१.१. भौगोलिक अवस्था ६६
१.२. ऐतिहासिक र समसामयिक अवस्था ६६
२. **समाज र संस्कृति** **६७**
२.१. प्रमुख वस्तीहरु ६७
२.२. जातजाती, संस्कार र संस्कृति ६८
२.३. स्थानिय संघसंस्थाहरु ६८
३. **वन, वातावरण र पर्यटन** **६९**
३.१. सामुदायिक वन र वनपैदवार ६९
३.२. वन्यजन्तुहरु ६९
३.३. प्रमुख पर्यटकीय स्थलहरु ६९
४. **आर्थिक क्रियाकपलाप** **७१**
४.१. प्रमुख पेशाहरु ७१
४.२. स्थानीय उत्पादनहरु ७१
४.३. वैंक तथा वित्तीय संस्थाहरु ७१

५. विकासका पूर्वाधाहरु ७१
५.१. शिक्षा, स्वास्थ्य तथा सडक र सञ्चार ७१
५.२. विद्युत, खानेपानी तथा सिचाइ ७२
६. विपद् र विपद् व्यवस्थापन ७२
रामपुर नगरपालिका, वडा नं. ९, रामपुर, पाल्पा ७३
१. परिचय ७३
१.१. भौतिक अवस्था ७३
१.२. ऐतिहाँसिक र समसामयिक अवस्था ७३
२. समाज र संस्कृति ७४
२.१. प्रमुख वस्तीहरु ७४
२.२. जातजाती सस्कार र संस्कृति ७४
२.३. स्थानीय संघ संस्थाहरु ७५
३. वन तथा वातावरण ७५
३.१. सामुदायिक वन र वन पैदावार ७५
३.२. वन्य जन्तुहरु ७६
३.३. प्रमुख पर्यटकीय स्थलहरु ७६
४. आर्थीक क्रियाकलाप ७७
४.१. प्रमुख पेशाहरु ७७
४.२.२. स्थानीय उत्पादनहरु ७७
४.३. वैंक तथा वित्तिय संस्थाहरु ७८
५. विकासका पूर्वाधारहरु ७८
५.१. शिक्षा स्वास्थ्य र सञ्चार ७८
५.२. विद्युत तथा खानेपानी ७८
५.१.४. सडक र सिंचाई ७८
६. विपत र विपत व्यस्थापन ७९
रामपुर नगरपालिका, वडा नं. १०, रामपुर, पाल्पा ८०
एकाइ–१ ८०
परिचय ८०
१.१. भौगोलिक अवस्था ८०
१.२. ऐतिहासिक र समसामयिक अवस्था ८०
एकाइ–२ ८२
समाज र संस्कृति ८२
२.१. प्रमुख बस्तीहरु ८२
२.२. जातजाति, संस्कार र संस्कृति ८२
२.३. स्थानीय संघ संस्थाहरु ८३

एकाइ–३ **८४**
वन, वातावरण र पयर्टन **८४**
२.१. सामुदायिक वन र वनपैदावार ८४
३.२ वन्यजन्तु ८४
३.३. प्रमुख पर्यटकीय स्थलहरु ८४
एकाइ–४ **८६**
आर्थिक क्रियाकलाप ८६
४.१. प्रमुख पेशाहरु ८६
४.२. स्थानीय उत्पादनहरु ८६
४.३. बैंक तथा वित्तिय संस्थाहरु ८६
एकाइ –५ **८७**
विकासका पूर्वाधारहरु ८७
१. शिक्षा, स्वास्थ्य र सञ्चार ८७
५.२. विद्युत र खानेपानी ८७
५.३. सडक र सिंचाइ ८७
एकाइ–६ **८८**
विपद् र विपद् व्यवस्थापन **८८**

रामपुर नगरपालिकाको चिनारी

१.१ भौगोलिक अवस्था :

कालीगण्डकी उपत्यकाको सवैभन्दा ठूलो फाँट रहेको रामपुर सुन्दर भौगोलिक वनोट भएको स्थान हो। रामपुर क्षेत्र झण्डै आधाभन्दा वढी समथर र उव्जाउशील फाँट र आधाभन्दा कम भूभाग डाँडा र उच्च स्थानमा रहेका समथर वस्तीयोग्य भूभागहरुवाट वनेको छ। रामपुर २७°३३'देखि २७°५३' उत्तरी अक्षांश तथा ८३°४६' देखि ८३°५४'पूर्वी देशान्तरमा अवस्थित छ। समुद्र सतहदेखि सवैभन्दा होचो भाग साँखर्दी खोला दोभान काली गण्डकी किनारको उचाइ ३१२ मिटर रहेको छ भने सवैभन्दा अग्लो भू भाग वडा नं ९ को कोटडाँडाको उचाइ १२९० मिटर रहेको छ। रामपुर नगरपालिकाको कूल क्षेत्रफल १२३.३४ वर्ग कि.मि रहेको छ *(श्रोत नेपाल, र देवकोटा नगरप्रोफाइल)* । रामपुर नगरपालिकाको केन्द्र नेपालको राजधानी काठमाडौँबाट २५० कि.मि पश्चिम भेगमा अवस्थित छ *(श्रोत गुगल म्याप)* । रामपुरको उत्तरी भेगमा कालीगण्डकी वगेको छ र उत्तरवाट दक्षिणतर्फ उचाइ वढ्दै गएकोले दक्षिणतर्फ डाँडाँहरु रहेका छन्। रामपुरको समथर भूभाग कालीगण्डकीको वहावसँगै पुर्व पश्चिम फैलावट वढी र उत्तर दक्षिण फैलावट कम रहेको छ। रामपुर उपत्यकाको सरदर लम्वाइ२४.५ कि.मि र सरदर चौडाइ ८.५ कि.मि रहेको छ। रामपुर नगरपालिकाभित्र उत्तरवाट दक्षिणतर्फ वगेर कालीगण्डकीमा मिसिने प्रशस्त मात्रामा खोलानालाहरु रहेका छन्। ती खोलानालाहरु नै रामपुरका लागि सिँचाई गर्ने प्रमुख श्रोतहरु हुन्। रामपुरमा रहेका प्रमुख खोलाहरु क्रमशः पुर्ववाट पश्चिमतर्फ, साँखर्दी खोला, निस्दी खोला, अँधेरी खोला, वह खोला, तुरुन्दी खोला, लाम्दी खोला, ग्याब्दी खोला, झम्मा खोला रहेका छन्। यस क्षेत्रको महत्वपूर्ण भौगोलिक वनावट मध्ये टापुधाम, वाँदरकुना, घट्टार, रामघाट, वशिष्टगुफा, राम्चेवन क्षेत्र, दारेगौँडा, वाघढाँड, कार्कीडाँडा, खैरेनीवन, भुजात नदी किनार, किमिघाको लेक, सितलटारलाई लिन सकिन्छ। रामपुरमा धेरै सङ्ख्यामा भञ्ज्याङ्हरु र ठूला गल्छीहरु रहेका छन्, ती मध्ये साँखर्दी खोलाको गल्छी सवैभन्दा गहिरो गल्छी रहेको छ। रामपुरको उच्च स्थानमा विभिन्न वस्तीयोग्य समथर मिलेका भूभागहरु रहेका छन्। रामपुरमा प्रशस्त मात्रामा चौरहरु र वनक्षेत्रहरु रहेका छन्।

१.२. ऐतिहासिक तथा समसामयिक अवस्था

रामपुर नगरपालिका २०७१ सालमा स्थानीय स्वयत्त शासन ऐन अन्तर्गतको मापदण्डअनुसार स्थापना भएको नगरपालिका हो। त्यस वखत रहेका रामपुर गा.वि.स, गाँडाकोट गा.वि.स, दर्छा गा.वि.स, खालिवन गा.वि.स र गेभ्रा गा.वि.स समेत ५ वटा गा.वि.स मिलेर रामपुर नगरपालिका वनेको थियो। त्यति वेला नगरपालिकामा जम्मा १५ वटा वडाहरु रहेका थिए। २०७२ सालमा नेपालको संविधान जारी भैसकेपछिको मापदण्डअनुसार पुनर्संरचना भई तिनै १५ वटा वडालाई समायोजन गरी हालको १० वटा वडा वनाइएको हो। २०७८ सालको जनगणना अनुसार रामपुरको कुल जनसंख्या ४०८८३ (चालीस हजार आठ सय त्रियासी) रहेको छ। नगरपालिकाको जनघनत्व ३३१ प्रति वर्ग कि.मि.रहेको छ। इतिहास कालमा नेपालको काठमाडौ लगायत नुवाकोट, गोर्खा, धादिङ्, लमजुङ्, कास्की, तनहूँ, मनाङ, मुस्ताङ्देखिका मानिसहरुको भारत जाने प्रमुख पैदलमार्गमा पर्ने रामपुर फाँटमा त्यस वखतको इतिहासलाई प्रमाणित गर्ने विभिन्न स्थान विशेषहरु अहिलेसम्म पनि रहेका छन्। जसमा केलादीघाट वारी रहेका स्थानीय भट्टीहरुको भग्नावशेष, रातमाटा वजार, जग्गादी वजार तथा सदावर्तको ऐतिहासिक पाटी सत्तल, साक्षीका रुपमा रहेका छन्। केलादीमा झोलुङ्गे पुल वन्नुभन्दा अघि कालीगण्डकीमा काठको धुर्पुल वनाइ वारपार गर्ने व्यक्तिहरुले वताएअनुसार कालीगण्डकी तट केलादी र रातमाटामा मुस्ताङ्का थकालीहरु आई होटल व्यवसाय गरी धेरै समय यस स्थानमा विताएका थिए। ऐतिहासिक रुपमा यो क्षेत्र दर्छा राज्य अन्तर्गत रहेको र यसको क्षेत्र निकै परसम्म विस्तार भएको व्यहोरा इतिहासकार वावुराम आचार्यको नेपालको इतिहासमा उल्लेख छ। आनन्द रामायणमा उल्लेख भएअनुसार रामपुर भन्ने शव्द रामसँग सम्वन्धित भएको र राम यस

क्षेत्रमा वसोवास गरेको प्रमाण रहेको छ। रामसँग सम्वन्धित, कोइलाटारी, राम्चे, रामकुवा, सीताकुण्ड, तथा वशिष्ट गुफा समेत यस क्षेत्रमा रहेकोले यो क्षेत्र प्राचीन कालमा समेत अस्तित्वमा रहेको प्रमाणको रुपमा लिन सकिन्छ। प्राचीन कालमा पाण्डवहरु समेत यस क्षेत्रमा आई वसोवास गरेको कुरा यस क्षेत्रका विभिन्न स्थानमा रहेका भिमसेन ढुङ्गाहरुलाई प्रमाणको रुपमा लिन सकिन्छ। राणा कालमा महत्वपूर्ण प्रशासनिक एकाइहरु रामपुरमा रहेको र रामपुरमा गोदामसमेत सञ्चालन भएको इतिहासका साक्षीहरु अहिले पनि भेटिन्छन्। रामपुरमा विभिन्न समयमा राजनैतिक चेतना जागृत गर्ने ऐतिहासिक जाँगरण कार्यक्रमहरु पनि हुने गरेका इतिहास रहेको छ , यसैअन्तर्गत पञ्चायत विरोधी आन्दोलनमा लागेको कारण यस क्षेत्रका राजनीतिक कार्यकर्ता टंकनाथ काफ्लेलाई २० वर्ष जेल सजाय तोकिएको थियो भने वोधराज भट्टराई १० वर्ष र मित्रलाल भट्टराई ४ वर्ष जेल वस्नुभएको थियो। यसैगरी २०४६ सालको पञ्चायत विरोधी निर्णायक आन्दोलनका प्रथम शहीदु सूर्य घिमिरे हुनु भएको थियो। उहाँलाई रामपुरको वेझाँडमा गोली हानी हत्या गरिएको थियो। यस स्थानमा राजनैतिक जागरणका विभिन्न कार्यक्रमहरु निरन्तर रुपमा हुने गरेको इतिहास छ। विभिन्न राजनैतिक कालखण्डमा यस क्षेत्रमा भुमिगत जीवन विताएका विभिन्न व्यक्तिहरु नेपाल सरकारका जिम्मेवार पदमा पुग्नु भएको इतिहास साक्षी छ। भौगोलिक रुपमा मिलेको सवै प्राकृतिक श्रोतसाधनले युक्त भइकन पनि भौतिक विकासको क्षेत्रमा उल्लेखनीय प्रगति हुन नसक्नुको प्रमुख कारण राष्ट्रिय सडक सञ्जालवाट वाहिर पर्नु हो। हाल कालीगण्डकी कोरिडोर रामपुरको मध्यभागवाट गएको हुँदा यस क्षेत्रको विकासको ढोका खुलेको महसुस भएको छ। रामपुर फाँट कालीगण्डकी उपत्यकाभित्र उत्तम वस्तीयोग्य भूभागमा अवस्थित छ। नगरपालिकाको सिमाना देहाय वमोजिम रहेको छ। रामपुर नगरपालिकाको पूर्वमा साखर्दी खोला पर्दछ भने उत्तरमा काली गण्डकी रहेको छ , पश्चिमतर्फ रम्भा गाउँपालिका रहेको छ। रामपुर नगरपालिकाको दक्षिणमा पूर्वखोला र निस्दी गाँउपालिका रहेका छन्। रामपुर नगरपालिकाको पछिल्लो संरचना अनुसार २०७४ सालमा नगरप्रमुखको रुपमा रमण वहादुर थापा र उपप्रमुखको रुपमा शहीद सूर्य घिमिरेकी छोरी विष्णुदेवि घिमिरे (आचार्य) रहनु भएको थियो। २०७९ सालमा नगर प्रमुखमा रमणवहादुर थापा (दोस्रो कार्यकाल) र उप प्रमुखमा वालकुमारी थापा चयन हुनु भयो। यसै गरी विभिन्न समयका जनप्रतिनिधिहरु मध्ये २०५१ सालमा प्रतिनिधि सभा सदस्य, दल वहादुर राना, २०५६ सालमा प्रतिनिधि सभा सदस्य भद्र वहादुर राना, त्यस्तै २०६९ सालको संविधान सभा सदस्यमा राधाकृष्ण कंडेल र २०७४ सालको प्रतिनिधि सभा सदस्यमा दलवहादुर राना यसै रामपुर नगरपालिकावाट प्रतिनिधित्व गर्नु भएको हो।

२.१. **समाज र संस्कृति**

रामपुर नगरपालिका भित्र विभिन्न वस्तीहरु र वजार क्षेत्रहरु रहेका छन् जसमध्ये प्रमुख वस्तीहरुमा ठुलीवेसी, फोक्सिङकोट, साँखर्दी, वार्दाकोट ,साँखर्दी, वदेली, छम्के, तिलिङडाँडा, भलायटार, रजघरा, टाँडी, चनौली, ओझेघाट, लामटाङ, गण्डकी ढिक,सदावर्त, मटेरी, इस्लामपुर, देवीस्थान, गैलुक, वहखोला, किसानवारी, वेझाँड, मटेरी, भम्वक, राङभाङ, किसानवारी, विजपुर, तिलपुर, कौंवा, तालपोखरा, प्याक्लुक, कठान, डुम्रीगाँउ, सर्पराज, वाउनडाँडा, वराहटार, कोल्टार, शेरा, जरुवापानी, रानीवास, रण्डाखाल, एक्लेटार, आँपचौर, कुमराङ, वटम्वा, धारापानी, भुजात, निसर्दी, होस्दी, जब्गादी, अर्वीसंङ, पानसय, गेझा, मनभाग, हेक्लाङ्, च्याङलिङ आदि छन्। रामपुर यस क्षेत्रको प्रमुख वजार क्षेत्र पनि भएकाले यस क्षेत्रमा वजार वनिसकेको र वजारउन्मुख वस्तीहरु पनि छन् जसमा, वजारउन्मुख क्षेत्रहरु : स्याउलीवजार, भलायटार, कीर्तिपुर, गण्डकीढिक, सदावर्त, मटेरी ठुलोटार, सेनीअमराई, कालीआँप, डल्लेचौपारी, मिलनचोक, तालपोखरा, एक्लेटार, हेकलाङ,वजारक्षेत्रहरु : वेझाँड, विजयपुर, किसानवारी, रजघरा, वर्दले, जव्गादी

२.२ जातजाति, संस्कार र संस्कृति

क) रामपुर नगरपालिका भित्र निम्नानुसारका जातजातिहरु पाइन्छन् ।

१. ब्राह्मण	२. क्षेत्री	३. ठकुरी	४. मगर,	५. दमै	६.कामी (चुँदारा, सुनार)	७. सार्की	८. नेवार	९.घर्ती
१०. कुमाल	११.वोटे (माझी)	१२. खवास	१३. गुरुङ	१४. दरैं	१५. सन्यासी (कुँवर, गिरी,)	१६.मुसलमान	१७.वादी	थारु

ख) रामपुर नगरपालिकाभित्र मनाइने विभिन्न चाडपर्वहरु निम्नानुसार छन् ।

चण्डी पुर्णिमा	दशहरा	नागपञ्चमी	जनैपुर्णिमा	कृष्णजन्माष्टमी	कुशेऔंसी	तिज	दशै	तिहार
मंसिरे ठुलो एकादशी	मंसिर पुर्णिमा, लोसार	१५ पुष	माघेसंक्रान्ती	श्रीपञ्चमी	रामनवमी (चैतेदशैं	इदुलफितर	रमदान	क्रिश्मस

ग) रामपुर नगरपालिकाभित्र लाग्ने मेलाहरु निम्नानुसार छन् ।

भलायटारमा लाग्ने चैतेदशैं मेला	वेभाँडमा, एक्लेटारमा देखाइने गाइजात्रा र रोपाइँजात्रा	कृष्णाष्टमीमा रामघाट र सीताकुण्डमा लाग्ने धार्मिक मेला
तिजमा वेभाँड र किसानवारी, विजयपुर, रजघरा, एक्लेटारमा, तिजमेला र लाखेनाच	ठुली एकादशीमा केलादीघाट, तातोपानी, ज्याग्दीघाट, आँधीघाटमा लाग्ने एकादशी मेला र तोरन तार्ने काम	

घ) रामपुर नगरपालिकाभित्र नाचिने विभिन्न प्रकारका नाचहरु

१. कौरानाच	२. घाटुनाच	३. नचरी	४. मारुनी	५.वालन	६.झ्याउरे

ङ) रामपुर नगरपालिकाभित्र विभिन्न अवसरमा गाइने विभिन्न प्रकारका गीतहरु

१. तिज गीत (तिज पर्वको अवसरमा गाइने	२.देउसी भैलो (तिहारको वेलामा गाइने)	३.असारे गीत रोपाइँ गर्दा गाइने)
४. मावल गीत (विवाह व्रतवन्ध आदिमा महिलाहरुले गाउने)	५. शिलोक (विवाहमा जन्ती पक्ष र घरवेटी विच हुने दोहोरी)	

च) रामपुर नगरपालिकाभित्र प्रचलित विभिन्न लोकवाजाहरु

१. पञ्जेवाजा	२. खैंजडी	३. मजुरा	४. मादल	५.वाँसुरी	६. सारङ्गी

छ) रामपुर नगरपालिकाभित्र विभिन्न चाडपर्व र अवसरमा खाइने विभिन्न खानाहरु

१. दशहरामा खाने गुरुङ (काँचो आँपलाई खुदोमा पकाएर खाइने एकप्रकारको परिकार)
२. तिहारमा पकाइने विभिन्न रोटीहरु (फिनी, अनरसा, अर्सा, खिउनी, सेलरोटी, फुरौला, ददेउरा, डाडुरोटी,)

३. दाइँमा पकाइने चाम्रे (अनदीको चामलमा घिउ राखेर पकाइने खाजा)
४. १५ पुषमा खाइने चिच्चर (अनदीको चामललाई घिउ र खुदो राखेर वनाइने विशेष परिकार
५. माघेसक्रान्तीमा खाइने वटुक, फुरौला,

ज) रामपुर नगरपालिकाभित्र खेती लगाउने वा अन्य कामका वेलामा प्रयोग हुने विभिन्न औजारहरु

१. कोदालो	२. हलो जुवा (फाली, अनौ, जोतारो, नारा, सोइला, कर्वा,)			३. खोक	४. दाँते	५.फोरुवा
६. हँसिया	७ दँतिया	८.झाँतो, ढिकी	९. मालदाम्ला	१०. मिही	११. कुँडुला	१२. छत्री
१३. स्याखु	१४. ढडिया	१५.पेरुङ्गा	१६.जाल	१७. खाँदी	१८.खुर्पेटा	१९. खुर्पा
२०. चाँपे कोदाली	२१. काठे कोराहा	२२. कोराहा	२३. खन्ती	२४.झ्याङपाल	२५.चुलेसी	

झ) रामपुर नगरपालिकाभित्र खेती लगाउने वा अन्य कामका वेलमा कामदारहरुलाई भनिने चलन चल्तीका शव्दहरु

१. खेतारा	२. खेतारी - धान रोप्ने महिला)	३.ठिंगारे(रोंपाइँमा छेउकुना खन्ने मान्छे
४. व्याडे (विउ काढ्ने मान्छे)	५.दयरा (दाइँ गर्ने खेतारा)	

ञ) रामपुर नगरपालिकाभित्र प्रयोग हुने परम्परागत भाँडाहरु:

१. ठेकी	२. मदानी	३.गौवा	४. हर्पे	५.चौंठी	६. पाँचमुठे	७. आने	८. सन्दुक	९.सन्जके
१०.मदुस	११.कुलुक	१२.कसौंडी	१३.पन्यु	१४.डाडु	१५.वोड्का	१६.डवका	१७.थुर्मी	१८.झान्द्रे

ट) रामपुर नगरपालिकाभित्र प्रचलनमा रहेका धार्मिक समुदायहरु

१. हिन्दु	२. मुस्लिम	३. क्रिस्चियन	४.वौद्ध

ठ) रामपुर नगरपालिकाभित्र प्रचलित विभिन्न भेषभुषाहरु

सामान्यतया यस क्षेत्रमा सवै पुरुषहरुले सर्ट पाइन्ट, कोट, दौरा, सुरुवाल र महिलाहरुले कुर्ता सुरुवाल, साडी, चोलो, व्लाउज लगाउने गरेको पाइन्छ। तर विभिन्न पर्व विशेषमा विभिन्न जातजाति, धर्म समुदायहरुले जाति विशेषका लुगाहरु लगाउने चलन पछिल्लो समयमा चल्दै आएको छ।

ड) रामपुर नगरपालिकामा विभिन्न समयमा गरिने विभिन्न पूजाहरु

१. सत्यनारायणको पुजा	२. माइको पुजा	३.रुद्री पूजा	४.नाग पूजा	५.देवीभागवत
६. सतचण्डी	७.हरीवंशपुराण	८.धन्यपर्वत तथा सप्ताह	९.वाजे वज्यैको पुजा	गुर्दौली पुजा

ढ) रामपुर नगरपालिकामा विभिन्न समयमा भक्तजनहरुको घुइँचो लाग्ने धार्मिक स्थलहरु

१.शिव मन्दिर टापुधाम	२.शिद्धवावा मन्दिर भुजात	३.लक्ष्मीनारायण मन्दिर रामघाट	४.राममन्दिर वेझाँड	५.शिवालय मन्दिर विजयपुर
६.जलेश्वर महादेव तालपोखरा	७.लक्ष्मीनारायण मन्दिर तातोपानी धाम	८.सीताकुण्ड धाम	९.अकला कालिका मन्दिर गैटार	१०. वालशिद्ध मन्दिर च्याङ्गलिङ

११.कालिका मन्दिर कोटघर	१२.कृष्णदेवी मन्दिर भलायटार	१३.राधा घनश्याम मन्दिर केलादी	१४. नर्मदेश्वर शिवालय आँधीघाट	१५.कोटडाँडा कोटघर

३. वन वातावरण र पर्यटन

रामपुर नगरपालिका समथर भुभाग र डाँडाकाडाँहरुले वनेको हुँदा यहाँ प्रशस्त मात्रामा वनजङ्गलहरु रहेका छन् । यस नगरपालिकाका सम्पुर्ण वनक्षेत्र समुदायद्धवारा संरक्षित छन् । धेरैजसो वनक्षेत्र पहिल्यैदेखि वनक्षेत्र रहेका स्थलहरु छन् भने कतिपय वनक्षेत्रहरु स्थानीय समुदायले वृक्षारोपण गरी वनाएका वनहरु छन् । रामपुरमा काठ जन्य, गैरकाठजन्य, सौन्दर्यप्रदायक तथा जडिवुटीका रुपमा प्रयोग हुने अनैको प्रजातिका वोटविरुवाहरु तथा विभिन्न वन्यजन्तुहरु र चराहरु पाइन्छन् । त्यसैले रामपुरलाई जैविक विविधताको धनी स्थलको रुपमा समेत चिनिन्छ ।

क) रामपुरमा पाइने काष्ठजन्य रुखहरु

१. साल	२. सिसौ	३. गायसिमल	४. चाप	५. करङ	६. खयर	७. टुनी
८. मदाने	९. फिरफिरे	१०. साज	११. सल्लो	१२. चिलाउने		

ख) रामपुरमा पाइने गैरकाष्ठजन्य रुख विरुवाहरु

१. वुढोधयरो	२. धुर्सेली	३. रामरीठ्ठा	४. लसुने	५. खिर्रो	६. वकाइनो	७. लोकते

ग) फलफुल, तरकारीजन्य रुख विरुवाहरु

१ . कटहर	२. आँप	३. लिची	४. डमराइ	५ . ऐसेलु	६. वयलो	७ . वडहर
८. गुलावजामुन	९. फडीयर	१० जमुनो	११.कटुस	१२. थाकल	१३ .खनिया	१४ .वेलौती
१५.खल्लुक	१६. चुत्रा	१७ .पनीयार	१८ .चिउरी	१९. सिउलीगान	२०. मनिगट्टा	२१. वयर
२२ .वनमेवा	२३. न्युरो	२४.केरा	२६ .सिंउडीफल	२७. ध्युफल	२८ .खुर्सानी	२९.कागती
३०. अमिला	३१. भोगटे	३२. ज्यामीरे	३३. आरु	३४. आरुवखडा	३५ .नास्पती	३६. जलुका
३७ . गीठा	३८. भ्याकुर	३९ .खिलुवा	४०. अंगेरी	४१ .कोइराला	४४ .कायमकै	बेल
हाडे काफल						

घ) धार्मिक साँस्कृतिक महत्वका वोटविरुवाहरु

१. वर	२. पिपल	३. स्वामी	४. पाकरी	५. डुम्री	६. पलास	७. कुश	८. कुरिलो
९. भलायो	१०. उशीर	११. गोकुलधुप	१२. तुलसी	१३. वाँस	१४. आँक	१५. फलेदो	१६. कपास

ङ) पशुवस्तुलाई घाँसको रुपमा प्रयोग हुने विरुवाहरु

१. राउसिन	२. गिंदरी	३. राम भलायो	४. गाय	५ . भुर्कुट	६. शिरिस	७ . दवदय	८. कुटमेरो
१०. वोहोरी	११. पिरपिरे	१२. गन्धेभ्कार	१३. पाडरी	१४. घुरीकाठ	१५. वन्सो घाँस	१६. तित्रेभ्कार	९. काउरो

च) औषधि जन्य रुख विरुवाहरु

१ . क्यामुना	२. रैनी	३. सिउँडी	४. सजिवन	५. पाती

६. धँयरी	७. दङ्गेउलो	८. मगरकाँची	९. गुजरगानो	१०. पानीअमला
११. राजवृक्ष	१२. सितलचिनि	१३. टटहलो	१४. वोभ्को	१५. जिम्मु
१६. भिक्सभ्कार	१७. रिठ्ठो	१८. हर्रो	१९. वर्रो	२०. अमला
२१. सर्पगन्धा	२२. वनकस्तुरी	२३. वनकपास	२४. कैडेली	२५. पारिजात
२६. भुँइचम्पा	२७. गाइखुर	२८. खट्टेभ्कार	२९. ऐरेलु	३०. कुरीलो
३१. चिनि लहरा	३२. शिस्नु	३३. शिकारीलरो	३४. पाती	३५. गुर्जो
३६. कुकुरडाइना	३७. वनतुलसी	३८. काउछो	३९. वलढेंग्रा	४०. अराली
४१. सिन्कौली	४२. कालोहलेदा	४३. वेसार	४४. अदुवा	४५. पिपिला
४६. धतुरो	४७. जलपुरेनी	४८. दुधेभ्कार	४९. कालीसिन्की	५०. कम्मरी
५१. आकाशेवेली	५२. मुसलगन्धी	५३. दत्तिवन	५४. अपमार	५५. काँस
५६. दुवो	५७. सेतो लसुन	५८. पुनरनवा	५९. गोखरु	६०. मरठ्ठी
६१. भिरकम्ली	६२. ऐजेरु	६३. घोलटाप्रे	६४. निम	६५. हड्चुर
६६. वासुकी	६७. वेल	६८. पतिना	६९. चिमकाँडो	७०. दालचिनि
७१. सेतो लोंडे	७२. घिउकुमारी	७३. रुदिलो	७४. वुहारीकाँडा	७५. दुवो
७६. असुरो	७७. कुरौ	७८. सिमली	७९. कालीसिन्की	८०. धुर्सेली
८१. चिल्लो वादलपाते	८२. सिन्कौली	८३. भक्केम्लो	चिराइतो	रक्तचन्दन
श्रीखण्ड	पाखनवेत	धतुरो	छिम्केभ्कार	वामरी
जनुवा	गलैंचे	टिमुर	सिदर्लो	गौचलो
लालीगुराँस	वनसिस्नो	आँखीतारे	मोथेभ्कार	पुनरनवा
वज्रदन्ती	चरीअमीलो	जेठीमधु	लसुन	कानचिर्ने
दत्तिवन	विरम	जम्मु	काँडेधनिया	कुचिलो

छ) अन्य विरुवाहरु

१. दारीगिठो	२. खमारी	३. वाँस	४. निगालो	५. काउचुच्चे	६. इमीली	७. गोलेनी
८. निमारो	९. कालीकाठ	१०. मधेसेकाँडा	११. टाप्रे	१२. वनमासा	१३. घाँटीसारे	१४. केतुके
१६. अशोका	१७. धुपी	१८. सयपत्री	१९. लालुपाते			

ज) रामपुर नगरपालिकाभित्र पाइने विभिन्न जङ्गली जनावर तथा किराकिरीहरु

१ . चितुवा	२ . नियाले वाघ	३. स्याल	४. वन विरालो	५. लोखर्के	६. भार्से
७. माल साप्रो	८. मृग	९ . फ्याउरो	१०. वाँदर	११. खरायो	१२. दुम्सी
१३. छेपारो	१४. गोहोरो	१५ . चमेरो	१६. न्याउरीमुसा	१७. जुका	१८. चिप्लेकिरा
१९. जुनकिरी	२०. भमरा	२१ . पुतली	२२. वनमुसा		

झ) रामपुर नगरपालिकाभित्र पाइने विभिन्न चराहरु

१. गिद्ध	२. काग	३. डांग्रे	४. भँगेरा	५. कालिज	६. लुइचे
७. ढुकुर	८. सुनढुकुर	९. ताम्वाढुकुर	१०. जुरेली	११. ख. हलेसो	१२. वयरा
१३. वकुल्लो	१४. हुटिट्याङ्ग	१५. तित्रो	१६. वट्टाइ	१७. जलहाँस	१८. हाँस
१९. फिस्टो	२०. लाटोकोसेरो	२१. भुद्दुङ	२२. चिल	२३. झोलीचरा	२४. काठफोरुवा
२५. कोइली	२६. धोवी	२७. दुलैचरो	२९. दशैंचरा (फाप्रे)	३०. च्याङकुखुरा	३१. गौथली
३२. चिवे	३३. मालचरा	३४. सुगा	३५. परेवा	३६. दोप्चे	३७. ठेवा
३८. लामपुछ्रे	३९. मैना				

स्थानीय पाठ्यक्रममा आधारीत सन्दर्भ सामग्री
रामपुर नगरपालिका, वडा नं. १, रामपुर, पाल्पा

परिचय

१.१. **भौगोलिक अवस्था**

पाल्पा जिल्ला रामपुर नगरपालिका वडा नं. १ साविक गाँडाकोट गा.वि.स.वडा नं.१, २, ५, ६, ७, ८ र ९ वडा मिलेर बनेको वडा हो।

यस वडाको अधिकाँश जमिन डाडाकांडा धेरै खोल्सा खोल्सी, भञ्ज्याङ भएको तथा फोक्सिङकोट, कुमैडाडा, वर्दाकोट, मकैडाडाको केही भाग समथर भएको चिसो, मध्यम र गर्मी हावापानी पाइने प्राकृतिक दृश्यले मनोरम वडा हो।

भौगोलिक अवस्थिति :

२७°४९' ३३'' उत्तरी अक्षांशदेखि ८३°५८'१०'' पूर्वी देशान्तरमा फैलिएको छ। सबैभन्दा अग्लो माझकोट (मझकोट)समुद्री सतहबाट १०७० मिटर उचाईमा र सबैभन्दा होचो भूभाग साँखर्दी खोलाको दोभान (समुद्री सतहदेखि ३१२ मिटर उचाइमा छ।

सिमाना

पूर्वमा : साँखर्दीखोला
पश्चिममा : सिउडीखोला
उत्तरमा : कालीगण्डकी नदी
दक्षिणमा : निस्दीखोला

यस वडाको वडा कार्यालय मकैडाँडाको विर्ता भन्ने स्थानमा रहेको छ।

वडा भित्रका खोलानालाहरु

बडहरे खोला, गमारी खोला, कोदारे जुकापानी खोला, पनारी खोला, विर खोला, कोशनी खोला, पधेरी खोला, सिवि खोला, निस्दी खोला, सिउडी खोला, कमेरी खोला, धरादी खोला, कौंदी खोला,.छपाक्दी खोला, लसुने खोला, सार्खदी खोला, मालती खोला, गिंदि खोला, पाडग्रे खोला, उल्टे खोला, ठाडो खोला, मालरी खोला, सिमारी खोला, बिचारी खोला, सौर्य खोला, चन्द्रमुखे खोला रहेका छन्।

खोल्सीहरु

छागाको खोल्सी,नाग गैरा, चाङ खोल्सी, ढोल डाडा गैरा, पन्थे भड्कालो खोल्सी, सिमलगैरा ,धनुबाँसे ,वेल खोल्सी, झिमर्दी गैरा छन्।

भरनाहरु : छाँगाडी झरना झरना , गिर्दी खोला झरना, गउनी खोला झरना छन्।

भञ्न्याङहरु : माझकोट भञ्ज्याङ, वर्दाकोट भञ्ज्याङ, चिहानडाडा भञ्ज्याङ, भारकोट भञ्ज्याङ, फुर्केचौर मुण्डे भञ्ज्याङ पर्दछन्।

गल्छी : साँखर्दी खोलाको जलवीरे गडहर गल्छी सबैभन्दा गहिरो गल्छि हो।

१.२. **ऐतिहासिक र समसामयिक अवस्था**

भूमिसुधार लागु हुनुभन्दा अघि जमिनको मालपोत उठाइ सरकारलाई एकमुष्ठ रकम बुझाउनको लागि जिम्मावाल, मुखिया प्रथा रहेको थियो।

जिम्माल तथा मुखियाका नामवली

गांडाकोट पञ्चायत अन्तर्गत :

जिम्माल : बहादुर थापा

मुखियाहरु

१. राम बहादुर अर्याल (छम्के)

२. दुर्गा प्रसाद कंडेल (फोक्सिङकोट)

३. विष्णु प्रसाद उपाध्याय (फोक्सिङकोट)

४. जित बहादुर उचै (चिहानडांडा)

क्वाङ क्वाङ पञ्चायत अन्तर्गत

जिम्माल : यज्ञमूर्ति तिमिल्सिना

प्रधानपञ्चहरु

क्वाङ क्वाङ पञ्चायत अन्तर्गत

१) अमृत खाँण

२) टीका बहादुर खाँण

३) राम बहादुर बंशी

गाडाकोट गाउँ पञ्चायत अन्तर्गत

१) रण बहादुर थापा

२)लिला बहादुर विरकट्टा

क्वाङ क्वाङ पञ्चायत र गाँडाकोट पञ्चायतको नाम एकीकरण पछि गाँडाकोट गाउँ पञ्चायतको रुपमा रहन गयो । जसअन्तर्गत प्रधान पञ्चहरु निम्न अनुसार रहेका हुन ।

१) तुलवीर थापा

२) रनवीर थापा

३) कर्ण बहादुर उचै

२०४६ सालमा बहुदलीय व्यवस्था लागू भएपछि गाडाकोट गा.वि.सको रुपमा अध्यक्षहरु

१) यम बहादुर थापा

२) अमर बहादुर थापा

नेपालको संविधान २०७३ जारी पछि पहिलो स्थानीय निर्वाचन २०७४का जनप्रतिनिधिहरु

अध्यक्ष	:	मित्रलाल कंडेल
वडा सदस्य महिला	:	माया थापा
वडा सदस्य दलित महिला	:	नरमाया नेपाली
वडा सदस्य	:	गम बहादुर मल्ल
वडा सदस्य	:	भेष बहादुर वंशी

दोस्रो कार्यकाल २०७९को स्थानीय निर्वाचनबाट निर्वाचित जनप्रतिनिधिहरु

अध्यक्ष : कपिल बहादुर खाण
वडा सदस्य : मदन खाण ठकुरी
वडा सदस्य : नारयण चन्द ठकुरी
वडा सदस्य : जिवन माय नेपाली
कार्यपालिका सदस्य : देवका पोखरेल

२. समाज र संस्कृति

२.१ प्रमुख वस्तीहरु

वडा अन्तर्गतका टोल विकास संस्था र प्रमुख वस्तीहरु

१. फोक्सिङकोट ,पन्थे ,वरादी टोल विकास संस्था

वैडा, गहिरा, पनारी, बैरनी, वरादी, अमराइ, पन्थे (पहिले पन्थीहरुको बसोबास रहेकोले पन्थे रहन गएका), लाखुटार चिहान पिपल), डुम्रीखोला, फोक्सिङकोट, पुछार गाउँ माझ गाउ, पोखरेल गाउँ, वेल्थुँगा, चिलाउनेवारी, कामी गाउँ, दमै गाउँ, परन्ते हांगेपिपल, सार्की गाउँ रहेका छन् ।

२. छम्के टोल विकास संस्था

कोशवान, छम्के, अधमारा, विरुवा, रुखेनी, बाँझोबारी रहेका छन् ।

३. वर्दाकोट, पोखराटोल विकास संस्था

वर्दाकोट (ठुलो पोखरीमा गोरु मरी देवी उत्पन्न भएको, गोरुलाई मगर भाषामा बार्दा भनिने, बार्दाबाट बर्दाकोट भएको) पोखरा, झरलेङ्दी, दमाइगाउँ, नेवार गाउँ, वराजु थान, चौढुंगा, ठकुरी गाउँ रहेका छन् ।

४. चिहाडाडा, मझकोट टोल (शान्ति दर्शन टोल)

चनौटे, चिहानडाडा (भारकोट र मझकोटको बीचमा झगडा हुँदा मरेका सैनिकहरुलाई गाड्ने ठाउँ भएकोले चिहानडाडा रहन गएको), गोठादी, कन्चने, मझकोट मिझारे आपस्वाहरा, वेसारडाँडा, मेल्सिडाडा र ग्वालेस्वाहरा

५. साँखर्दी कठैडाँडा टोल

साखर्दी, गोर्खालीडाडा, कठैडाँडा

६. स्याउली बजार टोल

स्याउली बजार, ठुलवेशी, कासीवन, डिही, आरुखर्क, माझीटार, धैरेनी छन् ।

७. क्वाङ क्वाङ गजवन्दी फकुलडाडाँ टोल

गजवन्दी, (राजाको हात्तीलाई बाँधेको स्थान भएकोल गजबन्दी भएको) क्वाङ क्वाङ, फरेडडाडा, वेलडाडा, गैरी स्वाहरा, बेलघारी, कटुवा, फालडाडा, कोलडाडा छन् ।

८. मकैडाडा , कुमैडाडा टोल

फुकुलडाडा, छपाक्दी, मकैडाडा, हटिया, फुर्केचौर, कुमैडाडा ,भगेरपाटा, भलखाडा, ढवाहा, धरपाल स्वाहोरा, सिमलडाडा, आमडाडा, मन्सराम, खजुवा, खनियाडाडा, सिमलगैरा, ढोलडाडा छन् ।

९. छाप, खटाङ टोल

छाप, खटाङ, जङगले, टापुधाम छन् ।

२.२ जातजातिहरु

नेपाल बहुजातीय सास्कृतिक सम्पदामा आधारित छ । रामपुर नगरपालिका वडा नं. १ मा मगर जातिको बाहुल्याता रहेका छ भने अन्य जातजातिहरु पनि उल्लेख्य रुपमा वसोवास रहेको छ । यस वडामा ब्राहमण, क्षेत्री, ठकुरी, नेवार, कामी, दमै, सार्की, घर्ती आदि जातजातिहरु भए पनि तिनिहरु विच अन्तर मिलन तथा अन्तरसम्बन्ध रहँदै आएको छ । विभिन्न जातजातिहरुमा भाषिक, सास्कृतिक, शैक्षिक, आर्थिक, राजनितिक, रुपमा फरकफरक भएता पनि पाविारिक, सामदायिक, व्यक्रिगत, आवश्यकता पूर गर्न एक आपसमा घुलमिल भई सामाजिक गतिशिलतालाई निरन्तरता दिएका छन् ।

प्राकृतिबाट प्राप्त नदी, खोलानाला, झरना आदिका कारण यस वडा प्राकृतिक रुपमा धनी छ भने यस वडामा भएको भाषा,सस्कृति,आदिले हामीलाई रामपुरको पहिचान दिएको छ । यी साँस्कृतिक सम्पदाहरुले मानिसलाई अनुशासित र सभ्य पनि बनाएको छ ।

वडामा रहेका धार्मिक तथा सास्कृतिक स्थलहरु :

टापूधाम	:	शिवरात्री, जनै पूर्णिमा, तिज पर्वमा विशेष मेला लाग्ने गर्दछ ।
सत्सँग घर	:	वर्दाकोटमा अवस्थित छ ।
फूर्केचौर	:	दशैं पूर्णिमाको मेला (स्थानीय उत्पादनको विक्री वितरण हुने)
मझकोट भञ्ज्याङ	:	श्री कृष्णजन्माष्टमीमा मेला
कान्छी बजार	:	फुकुलडाँडामा १६ श्राद्ध पूर्णिमाको दिन मेला लाग्छ ।
स्याउली बजार	:	ठूला एकादशीको दिन बजार लाग्ने ।
चण्डीहान	:	तीजको पूर्णिमा

अन्य धार्मिक स्थलहरु

जलकन्या देवी थान (कुमैडाडा), शिवालय (साखर्दी), अकलादेवी मन्दिर (ठूली वेंशी), दनुवार देवी मन्दिर (वर्दाकोट), मझकोट देवीस्थान, जरेवर फुकुलडाडा (शिलालेख), शिवालय (पन्थे), वराहादेवी मन्दिर(साथमा १०८ पिपल), भगेर थान , जामुनेदेवी (घोच्याहा ढुँगा), खाणदेवी मन्दिर (फकुलडाडा) रहेको छ ।

मूर्ती सम्पदाहरु

१) फुकुलडाँडामा रहेको जरेवरको शिलालेख
२) मझकोटमा रहेको पुराना हातहतियारहरु

चडपर्व विशेष आना । चलन

१) साउने सक्रान्ती	:	तिउरी लगाउने, लुतो फाल्ने, भलायो कुरिलो घरको दैलोमा राख्ने ।
२) जनै पूर्णिमा	:	क्वाटी खाने
३) तीज	:	दर खाने
४) दशैं, तिहार	:	रोटी (सेल, अर्सा, अनरसा, झर, फिनी, झिलिया, ददेओ
५) पौष १५	:	चिच्चर

६) मंसिर पूर्णिमा : वायु पूजा, भात्री पूजा, कुल पूजा
७) माघे सक्रान्ती : फुरौला, बटुक, खिचडी, तिलको लड्डु, चाकु
९) चण्डी पूर्णिमा : घाटु नाच
१०) असार १५ : दही च्युरा
११) साउन १५ : खीर

२.३ स्थानीय संघ संस्थाहरु

संघ संस्थाहरुमा जन उत्थान परिषद गाडाकोट रहेको छ। यस संस्था २०५७ सालमा स्थापित संस्था हो।
जनचेतना, वालशिक्षा, महिला शसक्तिकरण, आयमूलक, युवाको क्षमता विकास स्वरोजगारमुलक व्यवसायिक तालिम कार्यक्रम सन्चालन गरी सभ्य,आत्मनिर्भर र समतामूलक समाजको स्थापना गर्ने उद्धेश्यले स्थापना गरिएको हो।

वन वाताबरण र पर्यटन

३.१ सामुदायिक बन र बन पैदावार

१. ठुलो पाखो रुखेनी सामुदायिक वन
२. चिन्ते सामुदायिक वन
३. नाम्ले सामुदायिक वन
४. लसुने गैरा सामुदायिक वन
५. रैनापानी खर्क सामुदायिक वन
६. पारीडाँडा धैरेनीघारी सामुदायिक वन

वन पैदावारहरु

काठको रुपमा साल सिसौ, चिलाउनै, करम

जडीबुटीको रुपमा हर्रो, बर्रो, अमला, सर्पगन्धा, घोलटार्पे, चिनीलहरौ, निम, बोझो, सिमली, घिउकुमारी, पानी अमला, तुलसी, सेतो लुडो, टिमुर, गोकुलधुप, ऐसेलु, कुरिलो, सैचन, गिठा, भ्याकुर, वन तरुल, पाखनवेद, अश्वगन्धा, सर्पमकै (बाको) असुरो, पाती आदि छन्।

औजारको रुपमा : साल, चाप, गिधरी, गाए, सिमल छन्।

भाडाकाडाको रुपमा : कटहर, चाप, टुनि, दाँर, खमारी रहेका छन्।

सांस्कृतिक महत्वको रुपमा : तुलसी, बास, पलास, कुश, बर, पीपल, आँप, कुरिलो, भलायो आदि रहेका छन्।

सामान्य रुपमा पाइने भन्दा फरक बोटबिरुवाहरु :

गोकुलधुप, पनियार, क्यामुनो, जामुन, फडियार, कटुस, चिउरी, सिम्लीगान, मनिगट्टा रहेका छन्।

३.२ वन्यजन्तुहरु

पंक्षिहरुः कालिज, वनकखुरा, तित्रा, काइली, डाङ्ग्रे, भंगेरा, ठेउवा, लाटोकोसेरो, जुरेली, ढुकुर(सुन ढुकुर, टौवा ढुकुर, कुरुले ढुकुर), गौथली, लामपुच्छरे, काकोले, कुर्भुलुक आदि पाइन्छन्।

जनावरहरुः बदेल, फोत, चितुवा, दुम्सी, न्याउरीमुसा, बाँदर, स्याल, खरायो, मृग, सर्प, लोर्खके, मल्साप्रो आदि पाइन्छन्।

३.३. प्रमुख पर्यटकीय स्थलहरु

अर्थतन्त्रको विकास र बृद्धिमा पर्यटनको महत्वपूर्ण मूमिका हुन्छ। पर्यटन विकास हुँदा रोजगारीको सिर्जनाको स्रोत हुने स्थानीय वस्तुहरुको बिक्री बितरण हुने हुन्छ।

वडामा रहेका प्रमुख पर्यटकीय स्थलहरुमा

१. टापुधाम

पूर्वी पाल्पाको साविक गांडाकोट ९, खटाडमा स्थित टापु धाम पर्याटकीय धार्मिक स्थल हो। वर्षाको समयमा पवित्र नदी काली गण्डकीको वीच पारी वग्ने भएकोले यसलाई टापु भनिएको हो। यस ठाँउमा भगवान शिवको मन्दिर छ। योगी नरहरिनाथकी चेली तपस्विनी नरदेविनाथ वर्षौं वसी तपस्या गर्नुभएको पौराणिक मान्यता रही आएको छ। यस स्थानमा श्रीमद्भभागवत महापुराण, दसवतार वालन तथा स्थानीयको सक्रियतामा खेलकूदका कार्यक्रमहरु गरिदै आएको छ। योगी वलभद्रनाथको पहल र वडा तथा नगरपालिकाको आर्थिक सहयोगमा १२ लाख १२ हजार ८८८ शिवलिङ्ग प्रतिस्ठान गर्ने कार्य सम्पन्न भएको छ। प्रत्येक वर्ष शिवरात्री, जनै पूर्णिमा, तिज लगायतका पर्वमा विशेष मेला लाग्ने गर्छ।

२. छाँगाडी झरना

रामपुर वडा नं १ को खटाङ्मा अबस्थित छाँगाडी झरना प्राकृतिक झरना हो। मगर भाषामा माथिबाट झरेको पानी (छाँगा+ डी) मिलेर बनेको छाँगाडी आफै झरना भए पनि यसको अर्थ नबुझ्नेहरुले छाँग्डी झरना भन्ने गर्छन्। यो झरना तीन वटा खोल्सीहरु कमारी, धरादी, ढबाह तिनदोभाने भन्ने ठाउँमा मिली बनेको छ। यो झरनाको भित्रीभागमा ठूलो गुफा रहेको र यसमा धेरै चमेरोहरु बस्ने भएकाले चमेरो गुफा पनि भनिन्छ। हरियाली वनको वीचमा रहेको यस झरना र गुफाले धेरैको मन लोभ्याउँछ। स्थानीय बासिन्दा गोठाला, घाँस दाउरा गर्न जानेहरुले मात्र देखे जानेका गुफा र झरना प्रचार प्रसार हुँदै जाँदा आन्तरिक पर्यटकरु अवलोकन गर्न खाउँछन्। वडा, नगरपालिका र वन कार्यालयबाट यसको स्तर उन्नतिको लागि पौडि पोखरी, गुफासम्म जनो बाटो लगायतका कामहरु भएका छन्।

३. बराही मन्दिर

रामपुर वडा नं १ को रुखेनी भन्ने ठाउमा यस मन्दिर अबस्थित छ। यसको पूर्व तर्फ शिवको मुर्ति रहेको छ भने उत्तरतर्फ १०८ पीपलको बोट रहेको छ। पीपललाई विष्णु भगवानको प्रतीक मानिन्छ। शनिवार तथा विशेष तिथिमा पीपलको जल खाँदा सुख शान्ति मिल्ने जनविश्वास छ। यस वाहेक वातावरणीय सुन्दरता हरियाली, स्वस्च्छ वातावरणका साथै मनमोहक दृश्य अवलोकन गर्न सकिने छ ।

४. आर्थिक क्रियाकलाप

४.१ प्रमुख पेशाहरु

अधिकांस मानिसहरुको निर्वाहमुखि खेतीपाती गरी जिविकोपार्जन गरेका छन्। केही मानिसहरु व्यवसायिक रुपमा कुखुरापालन, बाख्रापालन, मौरीपालन गर्दछन्। केहि मानिसहरु होटल, रेष्टुरेन्ट तथा किनारा पसल छन् भने केहिले जागिर गर्दछन्।

वडामा रहेका खेतहरु

पनारी खेत गहिरा खेत रैकर खेत,तल्लाहड खेत बरादी खेत बैडा खेत सिउडी खोला खेत पारुलकोटे खेत ठुलिबेशी खेत खटाङ्फाट पिपले खेत कोशवान बडहरे खेत बिरुवा खेत।

४.२ स्थानीय उत्पादनहरु

कृर्षि उत्पादनको दृष्टिले यस वडाको जमिनको धेरै भू-भाग डाँडाकाडा छ भने केही मात्रामा कृर्षि योग्य भूमि रहेको छ।

सिँचाइको स्रोत तथा परम्परागत कृर्षि प्रणालीले गर्दा खेतयोग्य जमिनमा सिँचाइको व्यवस्था रहेकोले कृर्षि उत्पादनमा सन्तोषजनक मान्न सकिन्छ। यस वडामा धन, मकै, कोदो, फापर, अदुवा, बोडा, भट्टमास, आदीको राम्रो उत्पादन हुनुका साथै लोकल मौरीको घारबाट उत्पादित मह, सुन्तला, कागती, अमिलोको उत्पादन र बिक्री गरेको पाइन्छ।

४.३. बैक तथा वित्तियसंस्थाहरु

१. ग्रामिण बिकास बचत तथा ऋण सहकारी
२. पन्थे सामाजिक उद्यमी महिला कृषि सहकारी

५. विकासका पूर्वाधारहरु

५.१. शिक्षा, स्वास्थय र सञ्चार

व्यक्तिमा सकारात्मक चिन्तनलाई मर्यादित र सभ्य समाज बनाउन शिक्षाको महत्वपूर्ण भुमिका हुन्छ। विकासको आधारमा शिक्षा भएकाले शिक्षित व्यक्तिले मात्रै विकासको योजनालाई कार्यान्यन गर्न सक्ने रचनात्मक सुझाव दिन सक्ने र विकासमा जन सहभागिता बढाउन सक्छ।

यस वडामा गुणस्तरिय शिक्षा प्रदानको लागि वडामा सञ्चालित शैक्षिक संस्थाहरु

१) श्री चन्द्रोदय मा.वि. पन्थे (बालविकास देखि कक्षा १० सम्म सञ्चालित)
२) श्री छम्के आधारभूत विद्यालय, छम्के (बालविकास देखि कक्षा ८ सम्म सञ्चालित)
३) श्री वालहित प्रा.वि., हाँगेपिपल (बालविकास देखि कक्षा ५ सम्म सञ्चालित)
४) श्री बालज्योति प्रा.वि., वर्दाकोट (बालविकास देखि कक्षा ५ सम्म सञ्चालित)
५) श्री शान्ति प्रा.वि., चिहानडाडा (बालविकास देखि कक्षा ५ सम्म सञ्चालित)
६) श्री शंकर आधारभूत विद्यालय, फूर्केचौर (बालविकास देखि कक्षा ८ सम्म सञ्चालित)
७) श्री ज्ञान मञ्जरी प्रा.वि., ठूलिवेंशी (बालविकास देखि कक्षा ५ सम्म सञ्चालित)
८) श्री शिवशक्ति प्रा.वि., खटाङ (बालविकास देखि कक्षा ५ सम्म सञ्चालित)
९) श्री बेलघारी प्रा.वि., क्वाङ क्वाङ (बालविकास देखि कक्षा ५ सम्म सञ्चालित)

स्वास्थ्य संस्थाहरु

वडामा सञ्चालित स्वास्थ्य संस्थाहरु

१) गाँडाकोट स्वास्थ्य चौकी, पन्थे
२) आयुर्वेद औषधालय, फुकुलडाँडा
३) श्री शहरी स्वास्थ्य केन्द्र, चण्डीहान

४) **खोप केन्द्रहरु**

क) काशी वन खोप केन्द्र, हरेक महिनाको १६ गते
ख) चण्डीहान खोप केन्द्र, हरेक महिनाको १७ गते
ग) हेल्थपोष्ट स्वास्थ्य केन्द्र, हरेक महिनाको १८ गते

सञ्चार प्रविधि

आर्थिक विकासको माध्यम एवं उत्प्रेरक सञ्चार हो। सूचना प्रबिधिको विकास तिब्र रुपमा बढे सँगसँगै सञ्चारमा व्यापकता आएको छ। यस वडाका ग्रामिण भेगमा वस्ने सबै नागरिकहरुको पहुँचमा मोवाइल, टि.भि.को पहुँच भएता पनि इन्टरनेटको सुविधा पुगेको छैन।

५.२. विद्युत र खानेपानी

सबै स्थानहरुमा बुटवल पावर कम्पनिबाट उत्पादित विद्युत विद्युतीकरण भएको छ। सबै टोलका वस्तीहरुमा सर्वशुलभ खानेपानी सेवा उपलब्ध छ। सबै नागसरकले धाराको पानी पिउने गर्छन।

५.३. सडक र सिँचाइ

सबै टोल बस्तीमा कच्ची सडक पुगेको छ।

वडामा रहेका कच्ची सडकहरु

१) हरित मार्ग
२) टापुधान शान्ति मार्ग
३) काशी वन गजवन्दी वडा कार्यालय
४) स्याउली बजार, साँखर्दी, चिहानडाँडा, वर्दाकोट
५) पन्थे, मिझारे, आपस्वाहरा, माझकोट भञ्ज्याङ
६) पन्थे, फोक्सिङकोट, वर्दाकोट
७) कीर्तिपुर, गैरा पनारी हुँदै अदमारा
८) विरुवा फोक्सिङकोट, पर्केटारी हुदै वडा कार्यालय
९) पन्थे, अदमारा छम्के सडक

वडालाई सडकको सञ्जालसंग जोड्नको लागि बनेका पुल तथा कल्वर्टहरु

१) मसानेघाट पक्की पुल (कीर्तीपुर वैडा जोड्ने)
२) स्याउलीबजार र पुट्टार जोड्ने पक्की पुल
३) साँखर्दी खोला पक्की पुल (निस्दी गा.पा. र रामपुर न.पा. जोड्ने)
४) छम्के ओइरीघाट जोड्ने झोलुङ्गे पुल
५) वरादी र बेलटारी जोड्ने पुल

सिँचाइ

सवै खेतहरुमा कुलो मार्फत सिंचाई गरी खेतीपाती गरिन्छ।

वडामा भएका प्रमुख कुलोहरु

गैरा पनारी कुलो, तल्लाहाड वरादी कुलो, वडहरे कुलो, खटाङ फाँट कुलो, सिउँडी कुलो, ठुलीवेंशी खेत कुलो, विरुवा कुलो आदि

विपद र विपद व्यवस्थापन

यस वडामा आगलागी र पहिरोको जोखिम क्षेत्रको रुपमा लिइन्छ , वर्षा याममा सानाठूला धेरै पहिरो जाने तथा हिउँदमा वनजंगलमा आगलागी हुने बढी सम्भावना हुन्छ। काशीवन पहिरो प्रभावित क्षेत्र हो।
२०४८ सालमा हाँगेपीपलको वस्तीमा आगलागी भई २६ वटा घर जलेको थियो भने कुमै डाँडामा पनि ठूलो आगलागी भएका इतिहास छ।

रामपुर नगरपालिका, वडा नं. २, रामपुर, पाल्पा

परिचय

१.१. **अवस्थिति**

यसको भौगोलिक अवस्थितिमा २७ डिग्री ३३ मिनेटदेखि २७ डिग्री ५३ मिनेट उत्तरी अक्षांश र ८३ डिग्री ४६ मिनेट देखि ८३ डिग्री ५४ मिनेट पूर्वि देशान्तरमा रहेको छ। २. नं. वडा कार्यालय, खयरबोटमा रहेको छ। साविकको गाडाकोट गा.वि.स. वडा नं. ३ र ४ मिलेर हालको वडा बनेको हो। रामपुर नगरपालिका वडा नं. २ को अधिकांश भू-भाग डाडाकाडा र केही समथर भू-भाग मिलेर बनेको छ। यस वडा सबैभन्दा उच्चतम स्थान अत्रबासको थुम्किडाँडा हो जुन समुन्द्री सहतदेखि ८४० मिटर उचाइमा रहेको छ भने सबैभन्दा होचो भू-भाग खाडी खेत जुन समुन्द्री सतहदेखि मात्र ३१० मिटरको उचाइमा रहेको छ। यस वडाको पूर्वमा रामपुर नगरपालिकाको वडा १ को कौंदीखोला, पश्चिममा रामपुर नगरपालिका ३ को निस्दीखोला, उत्तरमा तनहुँ जिल्लाको घिरिङ गाउँपालिकाको वडा १ को कालीगण्डकी र दक्षिणमा रामपुर नगरपालिका १ को सिउँडी खोलाको सिमाना पर्दछ।

यस वडाको अग्लो भू-भागमा रहेको समथर भू-भागहरुमा विरता डाँडा, वज भञ्ज्याङ र वेल भञ्ज्याङ हुन्। वडा भित्र रहेका प्रमुख खोलानालाहरुमा निस्दी, सिउडी, पौदी, खाक्री, बास, बेहोरे, ढाडो, खाल्दी, गहिरी, कल्हे, विरगहिरा, फाल्डी, भालु, विर, ओडहरे, जमने, पधेरा, डुडीखोला हुन भने खोल्सा खोल्सीहरुमा प्रमुख रातामाटे चाप, फिरफिरे, साँध, सिमल गहिरा, सितापोखरी हुन। वड भञ्ज्याङ, स्वामी भञ्ज्याङ, वेल भञ्ज्याङ, वोच भञ्ज्याङ यस वडाका प्रमुख भञ्ज्याङहरु हुन।

१.२. **ऐतिहासिक र समसामयिक अवस्था**

राणाकालीन समयमा यस ठाउँमा जिम्मलको रुपमा काम गर्ने व्यक्तिहरुमा जिम्माल रेमन्त थापा, जिम्माल बहादुर थापा हुनुहुन्थ्यो भने थरी मुखियाका रुपमा मनविर थापा, श्रीष्ट बहादुर जि.सि., जुद्द बहादुर जि.सी.(घर्ती क्षेत्री), चुरे कुमाल, दल बहादुर थापा, गोरे कुमाल हुनुहुन्थ्यो। पञ्चायतकालमा यस वडा गाँडाकोट पञ्चायत अन्तर्गत पर्दथ्यो। यहा प्रधानपञ्चको रुपमा काम गर्नेहरुमा रण बहादुर मल्ल, रणविर थापा, निल बहादुर सिं, लिला बहादुर थापा, कर्ण बहादुर उचै र जगत बहादुर थापा जिल्ला पञ्चायत सभापति हुनुभएको थियो साथै उहाले वि.स.२०३२ सालमा गोरखा दक्षिणबाहु समेत प्राप्त गर्नुभएको थियो। यस वडामा गा.वि.स. अध्यक्षको रुपमा काम गर्नेमा क्या. यम बहादुर थापा र अमर बहादुर थापा हुनुहुन्छ।

पहिलो स्थानीय तहको निर्वाचनबाट निर्वाचित जनप्रतिनिधिहरु निम्नानुसार हुनुभयो:

वडाध्यक्ष : तारा बहादुर थापा
सदस्यहरु : भिम बहादुर खड्का, तेज कुमारी गैरे, नुर बहादुर थापा,
कार्यपालिका सदस्य : बालकुमारी थापा

स्थानीय तहको दोस्रो निर्वाचनबाट निर्वाचित जनप्रतिनिधीहरु:

उप प्रमुख : बालकुमारी थापा
वडाध्यक्ष : कृष्ण बहादुर दर्जी
सदस्यहरु : टक माया थापा, तेज कुमारी गैरे नेपाली, खेम बहादुर कुमाल, शिव शंकर जि.सी.

२. समाज र साँस्कृतिक

२.१ प्रमुख वस्तिहरु

हालको टोल विकास संस्थाहरुमा विभाजन भए पश्चात सोहि क्रममा यस वडाका पुराना वस्तिहरुलाई तपसिल बमोजिमको तालिकामा देखाउन सकिन्छ।

क्र.सं.	टोल विकास संस्थाको नाम	टोलमा भएका बस्तिहरू
१	सेरा टोल	वेलटारी, सिम्ले, सेरा
२	कागतीडांडा टोल	कागतीडांडा, धुलिबारी, वनकट्टा, जमौदी, डाडाबारी, साउनेवारी, काभ्रा बारी, गैराबारी, कटहर बारी, पुच्छार घर, वेलभञ्ज्याङ थुम्कीडांडा, राउतडांडा, जोगि डांडा, कार्कीडांडा, घिमिरेटार (ढाँड)
३	खयरबोट	करमेडांडा, अधमारा, मुर्कुटा, मेयलपानी, धनसारबारी, आम बारी, दध्रानटार, ठुटीबारी, विमारे डाँडा
४	तिलिङडांडा	चउरबारी खैरेनी, तिलङडांडा, सिरानडाँडा फरेतडाँडा, गैरा ,सिमलगैरा, बतरा
५	किपट	तल्लो किपट, माथिल्लो किपट, स्यानटार, गाग्रेअँप , राताढिक
६	अमराइ टोल(स्कुल)	अमराइ, बोटेनीमारा तोरीबारी
७	देवीथान टोल	दोकान टोल, धारपानी टोल, खाँक्री, देवीथान, गडुवा पानी, बेतिनी मारा
८	अत्रबास	वरथोक, अत्रबास, गाडाँकोट, स्वामीभञ्ज्याङ, थुम्की, जिम्माल थर, कटहरे थर, विर्ता, वारी थर लक्ष्मीडांडा

२.२. जातजाति संस्कार र सस्कृति

यस वडामा मगर, कुमाल, छेत्री, सार्की, कामी, दमाई, घर्ती, ठकुरी, नेवार लगायतका जातिहरूको बसावास छ। यीमध्ये यहाँ मगर जातिको वाहुल्य छ भने त्यसपछि कुमाला जाति अनि तेस्रोमा क्षेत्री जातिको बाहुल्य पाइन्छ। यहाँ प्रचलनमा रहेका संस्कारहरुमा न्वारन, छैटी, पास्नी, ब्रतवन्ध, भेजा, मागि बिवाह, भागि बिवाह, कुमाल जातिले विवाहमा जन्ति पर्सदा ढल्ला र अमलाले हान्ने चलन राहेको, चौरासी पूजा, श्राद्ध, काजक्रिया

यस वडाको प्रचलित नाचँहरुमा सोरठी, मारुनी नाच, ठूली नाच, कौरानाच, झायाउरे नाच, भजन, चुड्का, कृतन, रत्यौली आदि पर्दछन्। यहाँ मनाउने चाडपर्वहरुः- दशैं, तिहार, तिज, जन्माष्टमी, माघे सक्रान्ती, जनै पूर्णिमा, फागू पूर्णिमा, साउने सक्रान्ती, क्रिष्मस आदि हुन।

यस वडामा निर्मित धार्मिक स्थल र प्राकृतिक धार्मिक स्थलहरू पाइन्छन्। त्यस्ता धार्मिक स्थलहरूमा दुर्गादेवी कोटघर अत्रवास, कृष्णादेवी मन्दिर भलायटार, कालिकादेवी मन्दिर वनकट्टा, चौतलादेवी मन्दिर, तिलिङडाँडा, चौताला कालिका मन्दिर, इन्द्रदेवी, बाला भैरव मन्दिर, कोलपाट्नी बजै, आदि। यहाँ कालीगण्डकी अन्तर्गतको रानीघाट निस्दी दोभान तीर्थस्थलका रूपमा चिनिएको छ। यस वडाअन्तर्गतको तिलिडाँडामा सीतापोखरी नामको धार्मिकस्थल पनि छ।

२.३. स्थानीय संघ संस्थाहरु

यस वडामा सक्रिय रहेको र दर्ता भएको संस्थाहरु युवा कल्ब, आमा समुह र कृषि समुह हो।

३. वन, वातावरण र पर्यटन

३.१ सामुदयिक वन र वनपैदावार

यस वडामा विभिन्न प्रकारका वन, रूख तथा जडिबुटीहरू पाइन्छन्। यहाँ भएका सामुदायिक वनका नामहरू यस प्रकारका छन्

१. सेरावास खोला सामुदायिक वन
२. अत्रवास सामुदायिक वन
३. ठूलो पाखा सामुदायिक वन
४. भलायटार सामुदायिक वन
५. तिलिङडाँडा सामुदायिक वन
६. सालघारी सामुदायिक वन अत्रवास।

काठको रुपमा प्रयोग हुने बोटविरुवाहरु साल, कटुस, चिलाउने, खयर, सिमल, मन्दाने, फिर्फाफरे, बकाइनो, खिर्रो, साज, आँप, वर, पीपल, स्वामी जस्ता रूखहरू पाइन्छन्। सामान्यरुपमा पाईने भन्दा अन्य वनस्पतिहरुमा थाकल र रिठ्ठा हुन।

यस्तै औषधी उपचारका निम्ति उपयोगी हुने विभिन्न प्रकारका जडिबुटी पनि यस वडाका भू-भागमा छन्। जस्तै हर्रो, वर्रो, अमला, क्यामुनो, जामुनो, सर्पगन्ध, कुरिलो, वनकस्तुरी, वनकपास, राम भरेला, कैडेली, सैजन, पारिजात, भूइचम्पा, मनिगठ्ठा, गाइखुर, खट्टे भ्कार, ऐरेलु, चिनी लहरा, सिस्नो, पाती, सिकारी लहरो, रोहिनी, गज, ऐसेलु, कुकुरडाइनो, वासुकी आदि।

३.२. वन्यजन्तुहरू

यहाँ वाघ, स्याल, बाँदर, मृग, चितुवा, वन विरालो, कालिज, लुइँचे, ढुकुर, सुनढुकुर, ताम्बाढुकुर, जुरेली, हलेसो, काग, बकुल्लो, फिस्टो, डाङ्रे, भँगेरो, लाटोकोसेरो, भुद्रुङ, चिल, लोखर्के, भार्से, प्याउरो, लामपुच्छे, कोइली, धोबी, दुलही चरो लगायतका साठीसत्तरी प्रजातिका चराहरू यहाँ पाइन्छन्। यहाँ पाइने दुर्लभ पंक्षीहरु दशैचरा (फापरे चरा), च्याङ्कुखुरा, कालिज, गिद्ध हुन भने जनावरहरुमा मृग र चितुवा हुन्।

३.३. प्रमुख पर्यटकिय स्थलहरु

१. गाँडाकोटको दुर्गादेवी कोटघर अत्रवास

दुर्गादेवी भन्नेठाउँमा एउटा कोटघर छ र त्यसभन्दा अलिपर मौला भन्ने ठाउँमा पुजा गरी बली चढाउने गर्छन्। त्यहाँ पुराना हतियारहरु, खुडा, तरबार, भाला रहेको छ। कतैपनि देविको मुर्तिहरु छैन्। मौलाभित्र एउटा सुनको टुक्रा गाडेको भन्ने भनाई छ।

पुजा बिधि

घटस्थापनाको दिन पण्डित बोलाई एउटा माटाको घैटालाइ घटस्थापना गरी बिधिअनुसार पूजापाठ गरी जमरा राख्ने र प्रत्येक दिन उपासेहरुले जमरामा पानी राख्ने गर्छन्। पण्डितले पूजापाठ गर्ने र दमैहरुले साँझ गाजा बाजा बजाउने, त्यस कामको जिम्मा जिम्माल बहादुर थापाले लिने, सँझ जिम्माल मुखियाको घरमा पनि गाजा बाजा बजाउने चलन थियो। षष्टिको राती जिम्मालको घरमा उपासेहरुले दर खाई भोलिपल्ट बिहान गंगामा नुहाइ कुनै पनि मानिससँग नबोली बेवरा, कुभिण्डो, काँचो केरा, उखु आदी फुलपाती जम्मा गरी कोटघरको वरिपरी बस्ने चलन छ। साँझ दमैहरुले गाजाबाजा बजाउने, पण्डितले पूजा पाठ गर्ने, रमाइलो गरी बन्दुकको बढाइ गर्दै फूलपाती पर्सने र एउटा बोका बली दिएपछि त्यस ठाउबाट गाजा बाजा सहित कोट घर तर्फ लगि फुलपाती भित्राउने चलन छ।

पूजा गर्ने खर्च सम्बन्धमा पहिले जिल्ला सरकारबाट १ मोहर पैसा आउँथ्यो, त्यस पैसाको एउटा पाडा आउँथ्यो। कटुवाल गाँडाकोट गाउँ पञ्चायत भित्रको वडामा हेर्दै जादा कुन मनपर्छ त्यस पाडालाइ ढाम मारे पछि त्यो पाडा पूजा गर्न १ मोहरमा दिनुपर्ने नियम थियो। अरु पूजा सामाग्रीको लागि १ वडा देखि ९ वडामा पालो गरी पूजा गर्ने चलन थियो। पछि क्वाङक्वाङ, गाडाकोट एक भएपछि गाडाकोट नामकरण रह्यो। दुर्गादेवीको शक्ति धेरै छ भनी लाहुरेहरुले लडाईमा जाँदा दुश्मनसँग लड्दा गोली आउँदा पनि दुर्गादेवीलाई भाकल गरेपछि गोली पनि दायाँ बायाँ जान्थ्यो अरे भनेर लाहुरेहरुले यस देवीलाई छुट्टीमा आउँदा पञ्चबली दिने गर्छन र भाकल गर्ने चलन हालसम्म पनि रहि आएको छ।

अष्टमीको दिन काल रात्री मनाउन भेला हुन्थ्यो। साँझ गाजाबाजासहित नाच नचाउने रमाइलो गर्दै बस्ने चलन थियो। राति जून उदाएपछि बली दिन्थे रातभरि जाग्राम बस्ने चलन थियो।

नवमीको दिन गाउँलेहरु भेला भई मौलामा पण्डितहरुले पूजापाठ गरी पहिला कभिण्डा, बेवरा, काँचो केराको बली दिएपछि साबिक गाँडाकोट गा.बि.स वडा नं २ फोक्सिङकोटबाट वर्षेपिच्छे मौलाको पूजाको लागि पाठाको बली दिएपछि अन्य बलीहरुको पूजा हुने गर्दछ। मौलाको पाठा पनि बली दिने चलन थियो। राँगो पाडा बली दिने चलन थियो। त्यसपछि गाउँलेहरुले पञ्चबली गर्ने भाकल गर्ने पूजा लगाउने चलन छ। बाख्राको पाठा पाडा परेवाको पूजा लाग्छ। अरु समयमा पूजा चल्दैन मौलामा पूजा सकिएपछि कोटघरको पछाडि भँगेरथान छ त्यसमा एउटा कुखुराको भाले पूजा लाग्छ। त्यसपछि दुर्गादेवीको शाखा खाँणदेवीलाई पनि एक जोर परेवा पूजा गरेपछि समाप्त हुन्छ।

दशमीको दिन ठूलावडा गाउँलेहरु जम्मा भई गाजाबाजा बजाई पूजा पाठ सकेपछि उत्तम साईतमा टिका लगाउने चलन छ टीका लगाईसकेपछि आ-आफ्नो घरमा टिका शुरु हुन्छ। टीका लगाई सकेपछि दमैहरु गाजाबाजा सहित घरघरमा रमाइलो गरी टीका थाप्ने चलन छ। साँझ दमैहरु र उपासेहरु गाउँलेहरु भएर पूजा गर्छन्। पूरै फूलपाती बली दिएको कुभिँडा लगायत सम्पूर्ण चिजहरु जम्मा गरी उपासेहरुले डोलामा बोकी पँधेरामा लगी फूलपाती सेलाउने भन्छन् र त्यो डोलामा भएको फूलपाती घोप्ट्याई बाजा बजाएर फर्काउने चलन छ।

चैते दशैमा पनि पूजा गर्छन र चैत्र दशैंको अष्टमीका दिन पण्डित, उपासे गाउँलेहरु जम्मा भई पूजापाठ गरेपछि एउटा बाख्राको पाठा मौलाको भेजा भनी पूजा गरेपछि आ–आफ्नो पञ्चवली भाकलहरु गर्ने चलन छ र त्यही दुर्गादेवीको सानिमा भनि वनकट्टामा गई कालिका देवीको गंगा दशहरामा एउटा बाख्राको पाठा पूजा गर्ने गर्छन्।

दुर्गादेवीको हतियारहरु हाल भएको वर्थोक टापुमा रहेको छ र त्यस ठाउँबाट पञ्चायत कालमा रण बहादुर मल्ल प्रधानपञ्च हुँदा गाडाकोट गाउँ पञ्चायतको वडा नं. १ को भारकोट भन्ने ठाउँमा देवी सारेको र देवीले मन नपारेपछि गाउँमा अनेक घटना हुने भएपछि सार्न हुँदैन भनी हाल भएको ठाउँमा लगेर पूजा गरे र त्यसलाई हाम्रो बुढा पाकाहरुले असुरक्षित भए भनी हाम्रो गाउँको माझमा पर्ने थुम्की भन्ने ठाउँमा सारियो र त्यसपछि गाउँमा हैजा , झाडा पखाला र गोटी जस्ता रोगहरुले उत्पात भयो र जमानाअनुसार लामा धामी राख्दा यो ठाउँमा मलाई राख्न हुँदैन पुरानै ठाउँमा लानु भनेपछि सोही ठाउँमा ल्याई हालसम्म सोही ठाउँमा पूजा पाठ गरिदै आएको छ।

२. बादरकुना

"पर्यटकीय स्थल बाँदरकुनाको ऐतिहासिक पृष्ठभूमि"

रामपुर नगरपालिका वडा नं. २ मा एउटा यस्तो ठाउँ छ, जहाँ पुगेपछि अनुहारमा हाँसो र खुशी आउँछ, क्यामेरामा फोटो खिच्ने हात थाक्दैन, अनि मनमा एउटा प्रश्न घुमिरहन्छ कि यो ठाउँको नाम बाँदरकुना किन रह्यो होला ?

कथाअनुसार, धेरै वर्षअघिदेखि यो ठाउँ घना जङ्गलले ढाकिएको थियो। यो ठाउँ गाउँको छेउमा सानो कुना जस्तो भाग र चौर छ जसलाई सधैं बग्ने चिसो पानीको निस्दी खोलाले अझ रमाइलो बनाएको ठाउँ हो। यस कुनामा एउटा फरक कुरो

थियो यो क्षेत्र बाँदरको राज्य जस्तै थियो।

दिनभर दर्जनौं बाँदर यहाँ उफ्रन्थे, पानी पिउँथे दाना खान्थे, बास बस्थे र पर्यटकलाई नअत्याइकन आफ्नो कलाबाजी देखाउँथे। स्थानीय बासिन्दा जब जङ्गल हुँदै बाटो काट्थे, उनीहरुलाई हरेक पटक यो कुनमा बाँदरको स्वागत मिल्थ्यो। त्यही भएर गाउँलेहरुले यसलाई "बाँदरको कुना" भन्न थाले समयसँगै यो नाम छोटिदै "बाँदरकुना" बन्यो र यही नाम अहिले पर्यटकको मुखमा पनि झुण्डिएको छ।

धेरै वर्ष पहिलेदेखि यहाँ विभिन्न गाउँ ठाउँबाट वनभोजको लागि उपयुक्त आज यो ठाउँले नयाँ रुप लिएको छ। यहाँ पछिल्ला वर्षहरुमा स्थानीय तथा प्रदेश सरकारले आन्तरिक पर्यटन प्रवर्द्धनको उद्धेश्यले आकर्षक बाँदरको मूर्ति स्थापना गरिएको छ, जुन फोटो खिच्ने थलो र विश्राम स्थलको रुपमा आन्तरिक पर्यटकहरुको मनपर्ने पृष्ठभूमि बनेको छ। यो मूर्ति सजावटी मूर्ति मात्र नभइ बाँदरकुनाको ऐहिासिक नाम र पहिचानको प्रतिक हो। वरिपरिको हरियाली, चिसो हावा र इतिहासको मिठो गन्धले तपाईंलाई यहाँ लामो समय बस्न मन लाग्छ।

यदि तपाईं रामपुर आउनुहुन्छ भने बाँदरकुनामा अवश्य पुग्नुहोस् किनकि यो केवल एउटा स्थान होइन, यो एयटा कथा हो, जसले प्रकृति, इतिहास र रमाइलोपनलाई एउटै कुनामा ल्याएको छ।

३. कृष्णादेवी मन्दिर

कृष्णादेवी मन्दिर रामपुर २, भलायटारको पौराणिक कथा

धेरै पहिलेको कुरा हो, हजुरबा बाजेका पालाको समय। त्यो बेला भलायटार वरिपरि जङ्गलै जङ्गल हरियाली पाखा र खेतबारीमा अन्न झुलिरहेका थिए। यहाँका कुमाल जातिका पुर्खाहरु माटाको काम गर्दै, खेतीपाती गरेर आफ्नो जीवन चलाइरहेका थिए।

एक दिन, बिहानैको घाम भुल्किन नपाउँदै गाउँका केही पुरुषहरु माटो खाज्दै पधेराटार भनिने पाखातिर लागे। त्याँहा झरनाको रसिलो पानी छेउ, एउटा अनौठो ढुंगा देखियो सानो तर तेजिलो , मानौं भित्रेबाट उज्यालो बोकिरहेको होस्। "यो त साधारण ढुंगा होइन," एक वृद्धले भने ,"यसमा त देवत्वको गन्ध आउँछ। "त्यति भन्नासाथ, टोलीका एक जना पुरुषको शरीर काँप्न थाल्यो , आँखामा निलो चमक देखियो। गाउँलेहरु चिच्याउँदे भने , "देउता चढ्नु भयो"
देउताले उनको मुखबाट बचन सुनाए – "यो शीलालाई काँधमा बोकेर भलायटारको बीचमा लगेर बसाल र यहाँबाट म तिमीहरुको रक्षा गर्ने छु"

त्यसपछि सबै जना श्रद्धापूर्वक शीलालाई काँधमा बोक्दै, ढोल नगरा बजाउँदै भलायटारसम्म ल्याए। भनिन्छ उक्त शिला देउता चढेको व्यक्तिले बाहेक अरु कसैले पनि बोक्न त कुरै छाडौं हल्लाउन पनि सक्दैनथे रे। त्यसपछि उक्त शीलालाई गाउँको बीचमा राखियो, फूल, धुप र अक्षताले सजाइयो। त्यस दिनदेखि त्यो स्थान कृष्णादेवीको थान बनेर चिनिन थाल्यो।

आज पनि दशौं पुस्ता बितिसक्दा पनि, भलायटारको मुटुमै त्यो शीला उभिएको छ, गाउँको आस्था र सुरक्षाको प्रतिक बोनेकी कृष्णादेवी शिलाको वर्षै पिच्छे हरेक चैते दशैंमा र बडा दशैंको पञ्चमी र अष्टमी तिथिमा आफ्ना भाकल गरेका आस्थावान व्यक्तिलहरुले पञ्चवली पूजा गरेर आफ्ना मनोकांक्षा पुरा गरेका हुन्छन्। देवीको दर्शन गर्न विशेष गरि चैते दशैं (राम नवमी) मेलाको दिन भक्तालुहरु आउने गर्छन्। यसरी कृष्णादेवीको महिमा रहेको छ।

४. आर्थिक क्रियाकलाप

४.१. प्रमुख पेशाहरु

यहाँ बसोवास गर्ने मानिसहरूको मुख्य पेसा कृषि हो तापनि यहाँका मानिसहरूले आफ्नो आर्थिक उन्नतिका निम्ति पशुपन्छी पालन, जागिर, साना उद्योग, व्यापार, वैदेशिक रोजगारमा आफूलाई संलग्न वनाएका छन्।

४.२. स्थानीय उत्पादनहरु

महिलाहरुले उत्पादन गरेको साबुन जसलाई उप-प्रमुख कोसेली घरबाट विक्रि वितरणको व्यवस्था मिलाइएको छ।

४.३. वैङ्क तथा वित्तिय संस्थाहरु

१. दुर्गादेवी सामुदायिक महिला उद्यमी कृषि सहकारी
२. ग्रामिण वचत तथा ऋण सहकारी संस्था
३. भलायटार कृषि विउ विजन भण्डार

५. विकासका पूर्वाधारहरु

५.१. शिक्षा,स्वास्थ्य र संञ्चार

यस वडामा विभिन्न प्रकारका संस्थाहरू सञ्चालित छन्। तीमध्ये यहाँ सञ्चालित शैक्षिक संस्थाहरू यस प्रकारका छन्।

१. कृष्णदेवी मा.वि, भलायटार, बालविकास देखि १० कक्षा सम्म सञ्चालित
२. सरस्वती मा.वि, अत्रवास, बालविकास देखि १० कक्षा सम्म सञ्चालित
३. कालिका प्रा.वि, खयरवोट, बालविकास देखि ५ कक्षा सम्म सञ्चालित
४. वालकल्याण प्रा.वि., तिलिङडाँडा, बालविकास देखि ३ कक्षा सम्म सञ्चालित

यस वडामा भएका स्वास्थ्य संस्थाअन्तर्गत सहरी स्वास्थ्यकेन्द्र भलाएटार मात्र हो। यस वडामा खयरबोट (ओके बाजे) खेल मैदान, वृत्ता खेल मैदान, सेरा खेल मैदान, भलायटार खेल मैदान समेत रहेको छ।

५.२. विद्युत र खानेपानी

वुटवल पावर कम्पनीद्वारा वितरित विद्युत सेवा उपलब्ध छ। यस वडाका सबै घरमा पिउने पानीको सुविधा रहेको छ।

५.३. सडक र सिंचाई

यस वडाका प्रमुख सडकहरु निम्नानुसार छन्।

१. भलायटार हुँदै वडा कार्यालय जाने मोटर बाटो
२. वडा कार्यालय हुँदै सेर पन्थे जोड्ने मो.बा.
३. पुल्चोक कागतीडाँडा हुदै अत्रबास जाने मो.बा.
४. भलायटार तिलिङडाँडा हुदै अत्रबास जाने मो.बा.(हरितमार्ग)
५. रानीघाट मो.बा.(भलायटार गाग्रीआँपदेखि निस्दी दोभान
६. भलायटार बनकट्टा हुँदै घिमिरेटार जोड्ने मा. बा.
७. बाँदरकुनादेखि खटाङसम्म जाने पक्की सडक(कोरिडोर)

यहाका प्रमुख पुलहरुमा निस्दी खोला झोलुङ्गे पुल जुन वि.स. १९९९ सालमा निर्माण शुरु गरी २००१ सालमा सम्पन्न भएको निकै पुरानो पुल हो। भलायटर-बैडी झोलुङ्गे पुल, भलायटार-घट्टार झोलुङ्गे पुल र खयरबोट-पुलचोक झोलुङ्गे पुल आदी।

यस वडामा रहेका प्रमुख खेत/कुलोहरुमा सेरा-घारी, सिम्ले-बेलटारी, सेरा-अमारे, विनापाते, (ढाड, तल्लोबारी, वनकट्टा, करमे, सिम्ले, टारी) गंगटे, चालिसे, सेरा-हरहरे, वटडमारा, खाडी, गल्से खेत, धुलिबारी, बाझे कटुई, सिम्ले-छरछरे आदि हुन्।

६. विपद् र विपद् व्यवस्थापन

यस वडाको सेरा पखेरो पहिरो प्रभावित क्षेत्रको रुपमा लिन सकिन्छ। यो वडा चट्याङको जोखिम रहेको वडा पनि हो। यहाँ २०७९ सालमा चट्याङले लिला बहादुर थापाको मृत्यु समेत भएको थियो। त्यस्तै निस्दी खोलाले सेरा छरछरे खेत बगाएको थियो।

रामपुर नगरपालिका, वडा नं. ३, रामपुर, पाल्पा

परिचय

१. भौगोलिक अवस्था तथा ऐतिहासिक र समसामयिक अवस्था

१.१. भौगोलिक अवस्था:

नेपालको लुम्बिनी प्रदेश, पाल्पा जिल्ला, रामपुर नगरपालिकाको दशवटा वडामध्ये यस वडा नं. ३ पाल्पाको सदरमुकाम तानसेनवाट करिव ७० कि.मी. पूर्व तथा रामपुर नगरपालिकाको कार्यालय रहेको स्थानवाट करिव ४ कि.मि. पूर्ववाट शुरु भई पूर्वमा निस्दी खोला (रामपुर वडा नं १, २), दक्षिणमा निस्दीखोला (निस्दी गा.पा.स. २, ३, ५ नं. वडा), र तान्द्रे खोला, पश्चिममा अँधेरी खोला ढावखोला (रामपुर ४), उत्तरमा कालिगण्डकी नदी सिमानासम्म फैलिएको छ। यसले १६.५६ वर्ग कि.मि. क्षेत्रफल ओगटेको छ। यो वडा साविकको दर्छा गा.वि.सका वडा नं. १, २, ४, ५, ६ लाई मिलाएर वनाइएको रामपुर न.पा. ४ र ५ नं. वडा लाई पुनः समायोजन गरी वडा नं. ३ कायम गरिएको वडा हो।

यस वडा २७ डिग्री ५० मिनेट ४७ सेकेन्ड उत्तरी अक्षांश र ८३ डिग्री ५५ मिनेट ३६ सेकेन्ड पूर्वी देशान्तरमा अवस्थित छ। सवैभन्दा होचो भु-भाग निस्दीखोला र कालीगण्डकीको दोभान समुन्द्र सतहवाट ३१५ मिटर उचाइमा छ र सवैभन्दा अग्लो भु-भाग गैलुक ११०९ मिटर उचाइमा रहेको छ। डाँडाकाँडा र समथर भु-भागवाट वनेको यस वार्डमा रहेका अग्ला भु-भाग मध्ये गैलुक(बाहुनडाँडा) लामटाङ्ग, चनौली जस्ता ठाउँमा केही समथर भु-भाग समेत रहेको छ। प्राचीन सेन राजाहरुको राज्य दर्छा राज्यको मुकाम, प्रशासनिक केन्द्र सिताकोट समेत यस वडामा रहेको छ।

यस वडाको भूगोल भित्र निस्दीखोला तान्द्रेखोला, ढावखोला, अंधेरी खोला, भालु खोला, फिरफिरे खोला, मानखोला (कुँडहर खोला), धुँधरी खोला, कटुवाले खोला, चापगहिरा, माझखोला, एक्ले खोला, रहखोला, घागखोलो, लेंडी खोल्छा, फिस्टे खोला, आदि रहेको छ। त्यसैगरी धुँधरीखोला झरना, माझखोला झरना, भालु खोला झरना तथा चनौली पिपल भञ्ज्याङ, गैलुक ठूली भञ्ज्याङ, सिनाहा पिपल भञ्ज्याङ पनि यसै वार्डमा रहेका छन्।

१.२. ऐतिहासिक र समसामयिक अवस्था:

पाल्पाली सेन राजा मणिमुकुन्द सेन प्रथमले चौविसे राज्य अन्तर्गत रहेको विशाल पाल्पा राज्यलाई ६ वटा प्रशासनिक एकाइमा विभाजन गर्ने क्रममा वि.स. १६०१ मा दर्छा इकाइ वनाएको र यसको प्रशासन सञ्चालनको जिम्मा खड्ग सेन (काका)लाई दिएको साथै वि.स. १६२२ मा खड्ग सेनका छोराहरुले दर्छा राज्य घोषणा गरी वि.स. १८४१ चैत्र १९ (इ.स १७८५ अप्रिल ०४) सम्म करिव २२० वर्ष दर्छामा शासन गरेको इतिहास रहेको र वि.स. १९४१ चैत्रमा गोर्खाली सेनाले दर्छा राज्य माथि विजय हासिल गर्दै वि.स. १८६१ मा पाल्पा राज्य माथि विजय गरी नेपालमा गाभिए पछि पृथ्वी नारायण शाहको नेपाल एकीकरणको अभियान पूरा भएको थियो।

यस वडा वि.स. २०१९ पौष १ गते देखि तत्कालिन दर्छा वरडाँडा गाउँपञ्चायत, २०३८ साल दर्छा पञ्चायत, २०४६ सालमा पञ्चायती व्यवस्थाको अन्त्यपछि बहुदल घोषणा भएपश्चात दर्छा गाउँ विकास समिति, २०७१ साल वैशाखवाट रामपुर न.पा, वडा नं. ४ र ५ साथै २०७४ देखि हाल सम्म रामपुर न.पा. वडा नं. ३ को रुपमा रहेको छ।

नेपालमा वि.स. १९०३ देखि करिव २०१९ साल सम्म (करिव ११६ वर्ष) जिम्माल मुखियाको चलन थियो। जसको काम स्थानीय प्रशासन सञ्चालन गर्ने, खेतवारीको कर उठाई सरकारलाई बुझाउने, सामान्य विवाद मिलाई शान्ती सुव्यवस्था कायम गर्ने आदि रहेको थियो। त्यसको लागि यस वडामा जिम्मालको भूमिका जिम वहादुर राना उनको तालुकमा मुखियाको भुमिकामा चन्द्रकान्त पराजुली, परजित वोटे, नरेन्द्रराज घिमिरे, खगनाथ पाण्डे, लाल वहादुर, कृष्णलाल पाण्डे, चिरिञ्जीवी पराजुली रहनुभएको थियो। प्रधानपञ्चका रुपमा उजुर सिं राना, टंकराज अर्याल, नन्दलाल घिमिरे, वावुराम

पराजुली, नरेन्द्रराज घिमिरे, युवराज खनाल हुनुहुन्थ्यो । त्यसैगरी दर्छा गा.वि.स. को अध्यक्षमा उजुरसिं राना, युवराज खनाल निर्वाचित हुनु भएको थियो ।

२०७२ सालमा नयाँ संविधान जारी भएपछि संघीय संरचना अनुसार २०७४ साल असार १४ गते सम्पन्न स्थानी तहको निर्वाचनमा यस वडावाट वडाध्यक्षमा दिनेश कुमार खनाल सहित सदस्यहरुमा यज्ञमूर्ति घिमिरे, खगिसरा वि.क., केशरी मल्ल र हर्ष वहादुर ठाडा निर्वाचित हुनु भएको साथै देव वहादुर दर्जी कार्यपालिकाको सदस्यका रुपमा मनोनित हुनु भएको थियो । वि.स. २०७९ वैशाख ३० गते सम्पन्न निर्वाचनमा वडाध्यक्षमा दामोदर पाठक, सदस्यहरुमा खगिसरा वि.क., तेज वहादुर राना, गोप वहादुर राना, गोमा थापा, निर्वाचित हुनुभएको थियो ।

२. समाज र संस्कृति

प्रचलित नियम, परम्परा, मूल्यमान्यतामा रही एकै स्थानमा वसोवास गर्ने मानिसहरुको समूह नै समाज हो । समाजमा रहेका मानिसहरुले अपनाउने जीवन शैली, भाषा, खानपान, पोशाक, कला, धर्म, व्यवहार आदि पक्षलाई संस्कृति भनिन्छ । यस वार्ड जातीय, भाषिक, धार्मिक, चार्डपर्व, कला, संस्कृतिमा विविधताले भरिपूर्ण वार्डको रुपमा परिचित छ यस एकाइमा यस वडाको समाज र संस्कृति वारेमा संक्षिप्त चर्चा गरिएको छ ।

२.१. प्रमुख वस्तीहरु

हाल वडा भित्रका विभिन्न वस्तीहरुलाई निम्नानुसारको १३ टोलहरुमा विभाजन गरी टोल विकास संस्थाका रुपमा राखिएको छ ।

क) **वोटेगाउँ टोल**: यस टोल भित्र रहेका प्रमुख वस्तीहरुमा वोटेगाऊँ, केलादी, डिल्का, जरेवर, घट्टार,

ख) **गण्डकी ढिक टोल**: यस टोल भित्र गण्डकी ढिक, झरई, जाल्पे, डल्ली आँप, मसुवई, राताढिक वस्ती पर्दछन् ।

ग) **पूर्वमाझ टोल, चनौटे टोल**: यसमा पर्ने वस्तीहरुमा चनौटे, राताढिक, अमिलीवारी, कँडेलथर, वाँदरे आँप, रजघरा, कटुवा, अमौली, रानाथर(गुँहे पिपल), पुल्चोक टोल पर्दछन् ।

घ) **पश्चिम माझटोल कुमालढिक टोल**: यस टोलमा पर्ने वस्तीहरुमा वेसी, सिलत नगर,(कुमाल ढिक), खकौली, रैकर, विरालटार, कामीटार, तल्लो रजघरा, गौरा विंडी, डाँडाविडी, अम्वोटे, टारवारी, माथिल्लो रजघरा आदि पर्दछन् ।

ङ) **बोहरीडाँडा, शाहीडाँडा(साइडाँडा) टोल**: यस टोल अन्तर्गत बोहरीडाँडा, शाहीडाँडा, सानीअमराई, रातमाटा, भुप्री, टापु आदि वस्तीहरु पर्दछन् ।

च) **कामीगाउँ, दुर्लुमछाप टोल**: यस टोल अन्तर्गत कामीगाउँ, फेदी, दुर्लुमछाप, लामीडाँडा, सीताकोट रहेका छन् ।

छ) **कीर्तिपुर टोल**: यस टोल अन्तर्गत किर्तिपुर, जफदी, पुल्चोक, तमलोक, चुकाहा, वोही, सुखौरा पर्दछन् ।

ज) **वगाहा, सानोटाँडी ठूलोटाँडी टोल**: यस टोल अन्तर्गत वगाहा, सानो टाँडी, ठूलोटाँडी, ढवाहा, अर्थुङ्गे, करेनडाँडा, राताढिक, टारी, रामडाँडा, रानीपार, कोटेवारी, धैरीनीडाँडा(धरीनडाँडा) पर्दछन् ।

झ) **चनौली चन्दनपुर वारपंथी टोल**: यस टोलमा चनौली, चन्दनपुर, आँमडाँडा, वारपंथीथर, आलेडाँडा, सार्कीडाँडा पर्दछन् ।

ञ) **ओइरेघाट सिनाहा टोल**: यस टोल अन्तर्गत लिम्सी, कुवासी, ओइरेघाट, पितामचौर, सिनाहा वस्तीहरु पदर्छन् ।

ट) **लामटाङ्ग टोल**: यस टोलमा विरस्वारा, लामटाङ आदि टोल पर्दछन् ।

ठ) **गैलुक टोल** : यस टोलमा गैलुक, वाहुनडाँडा, सीताकुण्ड वस्तीहरु पर्दछन् ।

ड) **डाब्रा टोल** : यस टोल डाब्रा वस्ती पर्दछ ।

२.२. जातजाति, धर्म, संस्कार तथा संस्कृति

जातजाती

यस वडा भित्र धेरै जातजातीका मानिसहरु वसोवास गर्दछन् । वडाभित्र वसोवास गर्ने जातजातीमा ब्राहमण, मगर, ठकुरी, क्षेत्री, कामी, वोटे, कुमाल, नेवार, दमाइँ, सार्की, घर्ती, गुरुङ्ग, सन्यासी रहेका छन् । वि.सं. २०७८ को जनगणना अनुसार १५७० पुरुष, १९३४ महिला गरी ३५१२ जना मानिसहरु बसोवास गरेको पाइन्छ ।

धार्मिक स्थलहरु

यस वडामा रहेका मानिसहरु अधिकांश हिन्दु धर्मावलम्बी र केही क्रिचियन धर्मालम्बी रहेका छन् यहाँ धेरै ऐतिहासिक धार्मिक स्थल, मन्दिरहरु रहेका छन् । जसमा केलादी धाम क्षेत्रमा रहेका शिवालय मन्दिर, राधाकृष्ण मन्दिर, लक्ष्मीनारायण मन्दिर, लक्ष्मी नारायण गणेश मन्दिर, लक्ष्मीनारायण चर्तुभुज मन्दिर रहेका छन् । त्यस्तै अन्य मन्दिरहरुमा ढावखोला अकला देवी मन्दिर, दुर्गा मन्दिर कुमालढिक, लक्ष्मीनारायण मन्दिर रजघरा, शिवमन्दिर डाँडा विडी वगैचा, विश्वकर्मा मन्दिर कामीगाउँ, कालीका देवी मन्दिर टाँडी, गणेश मन्दिर वगाहा, शिवमन्दिर लामटाङ्क, शिवमन्दिर ओइरेघाट, सीता मन्दिर सीताकुण्ड, वरकन्या मन्दिर सन्यासी चौपारी, दुर्गामन्दिर जाल्पे, सन्सारी माइको मन्दिर वगाहा, सन्सारी माइको मन्दिर केलादी लगाएत अन्य धेरै माइको मन्दिर रहेका छन् ।

केही प्रमुख मन्दिर र धार्मिक स्थलको ऐतिहासिक पृष्ठभूमिः

शिवालय मन्दिर, केलादी

यस वडाको केलादीधाम क्षेत्रमा रहेको प्रशिद्ध ऐतिहासिक मन्दिरका रुपमा शिवालय मन्दिर रहेको छ । मन्दिर परिसरमा रहेको शिलालेख अनुसार शाके संवत १७२३ (वि.स. १८५८) मा यो मन्दिर स्थापना भएको थियो । यो मन्दिर लम्जुङ्ग जिल्ला, चिदिस्याम गा.वि.स. वर्डा नं. २ वाट आएका कुमाई पाण्डेय दाजुभाइहरु नेगराज पाण्डेय, पदमराज पाण्डेय, ज्ञानराज पाण्डेयहरुले निर्माण र संरक्षण गरेका थिए । यस मन्दिरमा निरन्तर पुजा अर्चनाको व्यवस्थाका लागि माथिल्लो रजघरा खेतमा १४० मुरी माटो जग्गा शिवालय गुठीका रुपमा राखेको पाइन्छ । प्राचीन कलात्मक शैलीमा पाकेको ईट्टा र चुनावाट निर्मित यो मन्दिर लाई जिर्णोद्वार गरी हाल सम्म पनि संरक्षित रहेको छ । यसै मन्दिरको आडमा भक्तजनको आवासका लागि एक कलात्मक पाटी पनि रहेको छ । जुन पुरातत्व विभागवाट पुनर्निर्माण गरिएको थियो ।

सीता मन्दिर, सीताकुण्ड

समुन्द्र सतहवाट करिव १०४८ मिटर उचाइमा अवस्थित यस सीताकुण्डको पौराणिक र आध्यात्मिक महत्व रहेको छ । पौराणिक काल त्रेतायुगमा मर्यादा पुरुषोत्तम भगवान श्री रामचन्द्र, पत्नी सीता र भाई लक्ष्मण सहित चौध वर्षको वनवासको क्रममा रामपुर क्षेत्रमा आई नित्य नदी स्नान गर्ने गरेको पवित्र तीर्थस्थल जुन रामघाट नामले विभुषित छ । त्यस रामघाट क्षेत्रमा रहँदा वस्दा माता सीता रजस्वला भएकोले शान्त एकान्त शीतल कुञ्जस्थल खोजी गर्दा हालको यस सीताकुण्ड भन्ने स्थानमा आई लताकुञ्ज वीचको कुण्डको भित्रपट्टि गुफामा रहनु भएकोले यस कुण्डलाई सीताकुण्ड भनिन गएको भन्ने विभिन्न धार्मिक ग्रन्थ र पुराणहरुमा प्राप्त उल्लेख गरेको पाइन्छ ।

श्लोकः गोपितं क्षेत्रमेकञ्च तेषां षष्टञ्च उत्तमम् ! क्षेत्रे रामपुरे रामः सर्वदा वसते द्विजातद् दक्षिणे च । शैलग्रो सीताकुण्डं सुशोभनाम् । तत्र सीता जगन्माता बसते जनकात्मजा (स्कन्द पुराण हिमवतखण्ड श्लोक ४७-४८)

सीताकुण्डको प्रमाणिक वर्णन स्कन्द पुराणको शिव संहितामा रामपुर क्षेत्र भगवान रामको निवास स्थल रहेको र त्यसको दक्षिणमा सीतामाताको निवास स्थल सीताकुण्ड रहेको वर्णन गरिएको छ । भगवान रामचन्द्रद्धारा श्रीकृष्ण जन्माष्टमीका

दिन वाण प्रहार गरी कालीगण्डकीको पानी यस कुण्डमा ल्याएको साथै सीतामाताको भोजनका लागि वर्षेनी फलिरहने विशेष प्रकारको धान उत्पन्न भएको किंवदन्ती रहेको छ। यस कुण्डको मुलमा माता सीताद्धारा नित्य पूजाका लागि प्रयोग गरिने त्रिदलयुक्त पवित्र वृक्षहरु तथा अन्य वृक्षहरु सीताकुण्डतर्फ झुकेर रहेको पाइन्छ। यस पवित्र स्थानमा माता सीताको पूजा अर्चना र दर्शन गर्नाले रोग, व्याधी निको हुने मनोकामना पूरा हुने महिलाहरुमा हुने महिनावारी दोषवाट मुक्त हुने जस्ता जनविश्वास समेत रहिआएको छ। कुण्ड परिसरमा श्रीकृष्ण जन्माष्टमीका अवसरमा १ वटा साना टिनको छानायुक्त मन्दिरहरु स्थानीय समुदायको सक्रियतामा वनाइएको छ जहाँ भगवान श्री रामचन्द्र, माता सीता र लक्ष्मणको पाषाण मूर्ति स्थापना गरिएको छ। हरेक वर्ष श्रीकृष्ण जन्माष्टमीको दिन यस सीताकुण्डमा विशेष मेला लाग्ने गर्दछ। यस मेला भर्न पाल्पा, स्याङ्जा, नवलपुर, कास्की जिल्लाका भक्तजनहरु आउने गर्दछन्।

त्यस्तै गरी कृष्णजन्माष्टमीका अवसरमा कालीगण्डकीमा स्नान गरी नदीको पानी ल्याई पुनः गोड्धुवा खोलामा आई स्नान गरेर त्यहाँको जल समेत लिएर गई सीताकुण्डमा पानी मिसाई सीताकुण्डको जलले स्नान गर्ने चलन समेत रहि आएको छ। हाल सीताकुण्ड ताल क्षेत्रलाई ढुङ्गे पर्खाललले घेरी संरक्षण गरिएको छ र पर्खाल वाहिरवाट प्रदक्षिण गर्नका लागि सिमेन्टका वल्क विच्छ्यर पद मार्ग निर्माण गरिएको छ।

रामपुर नगरपालिकाले सीताकुण्डलाई उत्कृष्ट ६ वटा पर्यटकीय क्षेत्रमा वर्गीकृत गरेको छ। यसलाई धार्मिक पर्यटकीय क्षेत्रको रुपमा विकास गर्नका लागि नगरपालिका, वडा कार्यालय पर्यटन मन्त्रालय, प्रदेश सरकारवाट सहयोग प्राप्त भइरहेको छ। तर यस क्षेत्रमा आवतजावत गर्ने वाटोको राम्रो सुविधा नहुँदा पर्यटक आवगमनमा समस्या देखिएको छ। समग्रमा वाटोको स्तरोन्नति मन्दिरको पुनर्निर्माण लगायत सीताकुण्डको संरक्षण, भक्तजनलाई उपयुक्त वास, खानपान, आदिको व्यवस्था गर्न सीताकुण्ड विकास गुरुयोजना निर्माण गरी काम गर्न सकेमा धेरै भन्दा धेरै आन्तरिक पर्यटक र वाह्य पर्यटन भित्र्याउन सकिन्छ। त्यसतर्फ तिनै तहका सरकार र सरोकारवाला सवैको ध्यान पुग्नु आवश्यक देखिन्छ।

केलादीघाटः

रामपुर नगरपालिका वडा नं. ३ को उत्तरी सीमानामा रहेको भगवानको गण्डस्थलवाट उत्पन्न भई शालीग्राम धारण गर्ने पूण्य दायिनी पवित्र नदी श्री कृष्ण गण्डकीको तटमा अवस्थित केलादीघाट धार्मिक पौराणिक तथा ऐतिहासिक दृष्टिले समेत महत्वपूर्ण मानिन्छ। केलादीघाट क्षेत्र पाल्पा रामपुर न.पा. वडा नं. ३ र स्याङ्जाको वडा नं. ६ को सिमानामा कालिगण्डकी र केलादी खोलाको दोभान वारिपारी आसपासमा अवस्थित छ। यहाँ पाल्पा स्याङ्जा जोड्ने झोलुङ्गे पुल नहुँदा नदी तर्न डुङ्गाको प्रयोग गरिन्थ्यो। वर्षायाममा डुङ्गा तार्ने वर्षेघाट र हिउँदमा डुङ्गा तार्ने हिउँदे घाटका नामले चिनिने यस केलादी घाटवाट लमजुङ, गोर्खा, कास्की, तनहुँ, स्याङ्जा लगायतका जिल्लावाट वुटवल देखि भारत सम्म व्यापारिक तथा रोजगारीका अन्य प्रयोजनका लागि आवतजावत गर्ने गरिन्थ्यो। प्राचिन समयमा नेपाल एकिरणको क्रममा नेपाली सेना (गोर्खाली सेन) यही घाट तरेर जितगढीको युद्धमा गएकोले अहिले पनि नेपाली सेनाले गोर्खा-जितगढी पदयात्राको प्रवेश स्थलका रुपमा यस केलादी घाटलाई लिएको पाइन्छ। यस घाट वरिपरी नदीको तटीय क्षेत्रमा करिव ३५/४० को संख्यामा साना भट्टी पसल र दुकानका अवशेष पाइन्छ।

यसरी प्राचिन ऐतिहासिक महत्वको यो क्षेत्र व्यापारीक नाका रहेको र गण्डकी वारपार गर्ने प्रसिद्ध घाट समेत रहेको तथ्यहरु पाइन्छ। नदी तर्नका लागी ४ / ५ दिन सम्म पनि पालो पर्खनु पर्ने भएकोले विश्राम गर्न तत्कालिन तीर्थयात्री व्यापारीहरुमध्ये लमजुङ्ग कुमाई दाजुभाइहरुले शिवालय मन्दिरको निर्माण गरेका थिए साथै मन्दिर अगाडि पौवा समेत निर्माण गरिएको थियो। त्यस वाहेक वन्दिरपुर तनहुँका अर्याललले राधाकृष्ण मन्दिर र स्थानीय पराजुली परिवारवाट लक्ष्मीनारायण मन्दिर कँडेल परिवारवाट लक्ष्मीनारायण गणेश मन्दिरको स्थापना गरिएको साथै मन्दिर नित्य पुजा अर्चनाको लागि गुठी समेत स्थापना गरिएको थियो। त्यस्तै गरी चापाकोट न.पा. वडा नं. ६ तर्फ कालिगण्डकी तटमा निम्वार्क

वैष्णव सम्प्रदायको केन्द्रका रुपमा राधादामोदर मन्दिर (नेपाल निम्वार्क पिठ) धर्मशाला, सत्तल (पौवा), गौशाला रहेका छन् । हाल वारी पण्डित श्री छविरमण उपाध्यायवाट श्री राधाघनश्याम मन्दिर निर्माण गरी वर्षमा २ पटक सप्ताह पुराण लगाउने कार्य गर्नु भएको छ। यस कार्यले केलादी क्षेत्रको धार्मिक महत्वलाई वृद्धि गर्न टेवा पुगेको छ। यसरी केलादीघाट एउटा प्रशिद्ध केलादी धामका रुपमा पनि चिनिन्छ। यसै क्षेत्रमा मानवजीवनको अवसान पछि पार्थिव शरीर विर्सजन गर्ने स्थान पनि रहेको छ।

केलादी घाटमा कार्तिके ठूली एकादशी, माघेसंक्रान्ती, गुजेरी पूर्णिमा, शिवरात्रिमा विशेष मेला लाग्दछ। यस्ता मेलाको अवसरमा तोरण तार्ने (ठूली एकादशीमा), फलफूल खाद्यान्न, मानवनिर्मित सामग्री डोको, नाङ्लो, हँसिया, कोदाली आदिको विक्रि वितरण हुने गर्दछ। यस क्षेत्रमा लाग्ने मेला, पर्वमा वरीपरी क्षेत्रमा धेरै मानिसहरुको जमघट हुने हुँदा स्थानीय पर्यटनको विकासको आधारका रुपमा केलादी घाट रहेको छ। यस क्षेत्रको विकासको लागि नेपाल सरकारले पद मार्गको निर्माण समेत गरेको छ। धार्मिक पर्यटकीय महत्व रहेको केलादीघाट क्षेत्रको विकासमा तिनै तहका सरकारको ध्यान जानु आवश्यक देखिन्छ।

जातजाति संस्कार

यस वडामा वसोवास गर्ने विभिन्न जातजातिका मानिसहरुमा अधिकाशंले सनातन हिन्दु धर्म अनुसार जन्म देखि मरणपर्यन्त विभिन्न संस्कार अपनाउने गरेको पाइन्छ। हिन्दु धर्म अनुसार गर्नुपर्ने १६ वटा संस्कार '**निर्णयसिन्धु**' पुस्तकमा उल्लेख गरिएको छ। उक्त संस्कारहरु आ-आफ्नो जातजातीको संस्कृति, परम्परा, शैली अनुसार गर्ने गरेको पाइन्छ। यी प्रमुख संस्कारको वारेमा संक्षिप्तमा निम्नानुसार उल्लेख गरिएको छ।

१) **गर्भाधान संस्कार**

यस संस्कार अनुसार आमा रजस्वला भएको १६ रात्री सम्म ऋतुदान गर्दा गर्भ रहने सम्भावना रहन्छ त्यसमध्ये पहिलो ४ रात्री निन्दित मानिन्छ, ११ र १३ रात्री पनि गर्भावस्थामा राम्रो मानिदैन भने अरु १० रात्री उत्तम रहने भएकोले उक्त समयमा ऋतुदान गरेमा जन्मने संतान राम्रो जन्मने भन्ने शास्त्रीय प्रमाण रहेको छ।

२) **पुंसवन संस्कार**

यस संस्कार गर्भ रहेको तेम्रो महिनाको शुरुमा गरिन्छ। जसअनुसार भगवानको पूजा गरी वरको कोमल पात र गुर्जो पिनेर गर्भिणीको नाकमा सुँघाउने साथै गुर्जो र ब्राहमी दुधमा मिसाएर खुवाउने गरिन्छ।

३) **सिमन्तो नयन संस्कार**

यस संस्कारमा गर्भरहेको आठौं महिनामा तिथि जुराई भगवानको पूजा हवन गर्ने र हवनमा घिउ खित्रो हवन गर्ने र गर्भिणी महिलालाई खुवाउने, गर्भमा रहेको शिशुको सकुशलताको प्रार्थना गर्ने गरिन्छ।

४) **जातकर्म संस्कार**

यस संस्कारमा शिशु जन्म भएपछि घिउ, मह, सुनचाँदीको तारले मिश्रण गराई शिशुको जिब्रोमा त्यही घिउ महले ॐ अक्षर लेखी चटाई वेदोसिति वेद तिम्रो पहिलो नाम हो भनेर सुनाउने संस्कार गरिन्छ। जसलाई जातकर्म भनिन्छ।

५) **छैटी**

यो संस्कार जन्म भएको छैटौ दिनमा गर्ने संस्कार हो। यसमा वच्चाको पूर्णआयु, आरोग्यता र भाग्यको कामना गरी भगवान संग प्रार्थना गरिन्छ।

६) नामाकरण संस्कार (न्वारन)

शिशु जन्मेको ११ दिनमा गरिने कर्म र शिशुलाई नाम दिएर वोलाउने तथा बुवा, आमा र घर चिनाउने कर्मलाई नामकरण संस्कार भनिन्छ।

७) निष्क्रमण संस्कार

यो संस्कारमा जन्मेको चौथो महिनामा घरदेखि वाहिर घुमाउनका लागि तिथि, मिति, साइत जुराएर लैजाने र वाहिरी दुनियाँमा प्रवेश गराउने कर्म गराइन्छ।

८) अन्न प्राशन (भातखुवाई)

वच्चा जन्मेको छैटौ महिनामा (छोरा भए) र पाँचौ महिनामा(छोरी भए) सुपाच्य अन्न पकाई भगवानलाई अर्पण गरी वच्चालाई खुवाउने र गुरु पुरोहितलाई दान दक्षिणा गर्नुलाई अन्नप्राशन संस्कार भनिन्छ।

९) चुडाकर्म संस्कार/छेवर गर्ने (छौर गर्ने)

वच्चा जन्मेको तेस्रो वर्ष वा पाँचौ वर्षमा तिथी मिति जुराई साइत निकालि वच्चाको शारीरिक मानसिक वौद्धिक विकासका लागि गर्भस्थ कपाल मुडुलो पार्ने (छेवर) कर्मलाई चुडाकर्म संस्कार भनिन्छ।

१०) विद्यारम्भ संस्कार

वच्चा तेस्रो वर्षमा लागेपछि श्री पञ्चमीका दिन विद्याकी देवी सरस्वतीको पूजा गरी अक्षर पढाउन आरम्भ गर्ने कर्मलाई विद्यारम्भ संस्कार भनिन्छ।

११) कर्णवोध संस्कार

यो संस्कारमा जन्मेको तेस्रो र पाँचौ वर्षमा तिथि मिति जुराएर कानमा नाकमा छिद्र (छेड्ने) गर्ने कर्म गरिन्छ। जसलाई कर्णवोध संस्कार भनिन्छ।

१२) यज्ञोपवित संस्कार

जन्मेको ७, ८, ९, ११, १२, १३ वर्षमा वच्चाको वौद्धिकता एवम्, देवऋण, पितृऋण, ऋषिऋणको वोधका निम्ति गुरुवाट ब्रहासुत्र, मन्त्रदान दिई अज्ञानरुपि अन्धकारलाई ज्ञानरुपि प्रकाश दिई व्यवहारिक ज्ञान दिनुलाई यज्ञोपवित संस्कार भनिन्छ।

१३) वेदारम्भ संस्कार

यो संस्कारमा यज्ञोपवित संस्कारकै दिन धर्म, कर्म अनुशासनका निमित्त हिन्दुहरुको मूलग्रन्थ वेदको अध्ययनको शुरु गराउने, गुरुकुल प्रणालीको ज्ञान दिने कार्य गरिन्छ।

१४) समावर्तन संस्कार

यो संस्कारमा वालक गुरुकुलमा पढेर शिक्षा दिक्षा लिएर सकेपछि गुरुसँग विदा भई आफ्नो गृहस्थ जीवनमा प्रवेशका निमित्त वुवासँग आई संगै भगवानसँग प्रार्थना गर्ने कर्म गरिन्छ।

१५) विवाह संस्कार

वच्चा किशोर अवस्थामा प्रवेश गरी विद्या अध्ययन सकेर गृहस्थ जीवनका निमित्त परिपक्क र सुयोग्य कन्यालाई वरण गरी गृहस्थ आश्रममा प्रवेश गरी सन्तान जन्माउने शिक्षादीक्षा दिने र समाजको सेवा गर्ने नागरिक वनाउने नै विवाह संस्कार भनिन्छ।

१६) अन्त्यसंस्कार (मृत्युसंस्कार)

मानिसको जीवनमा अनुशासित पूर्वक धर्म कर्मका साथ साथै सही ज्ञान लिएर पूर्ण जीवन व्यतीत गरी पुत्र पौत्रादि (आफ्ना सन्तान)को अगाडि मृत्यु हुनु र पुत्रले काजक्रिया वा पितृको उद्धार कार्य गर्नु नै अन्त्य संस्कार हो।

माथि उल्लेखित संस्कार मध्ये प्रमुख रुपमा छैंटी, न्वारन, नामाकरण, अन्नप्राशन्न, चुडाकर्म, विद्यारम्भ, यज्ञोपवित, विवाह र मृत्यु संस्कार ब्राह्मण, क्षेत्री, मगर, नेवार, कामी, दमाई, ठकुरी, लगायत अन्य जातीका हिन्दु धर्मालम्वीमा आ-आफ्नो संस्कृति, शैली र परम्परा अनुसार गर्ने गरेको पाइन्छ।

भाषा, भेषभुषा संस्कृति

यस वडामा वसोवास गर्ने मगर जाति, नेवार जातिका आफ्नै मातृभाषा छ। वुढापाकाले वोलीचालीमा मातृभाषा प्रयोग गरे तापनि त्यस वाहेकका अन्य माानिसहरुले मातृभाषा प्रयोग नगरी नेपाली भाषा प्रयोग गर्छन् भने अन्य जातिका मानिसले नेपाली भाषा नै प्रयोग गर्छन्।

मगर जातीले लगाउने भेषभुषामा पुरुषले टोपी, भोटो, कछाड, पटुका, आस्कोट, पर्दछन्। महिलाले लगाउने चोलो, मयेत्रो, घलेक, गुनियो आदि पर्दछन्। महिलाले विभिन्न गरगहना जस्तै चन्द्रमा, शिरवन्दी, काँटा, माडवारी, शिलमुन्द्री, ढुम्री, चेप्टे, सुनफूली, वुलाँकी, कन्ठीमाला, रैयाँ जन्तर, चुरी, वाला, खुर्पेटो आदि लगाउने चलन रहेको छ। विशेष कार्यक्रममा मगर पहिचान झल्काउन यस्ता पोशाक गहना प्रयोग गरिन्छ। यस वडामा मगरजातिको आफ्नै मौलिक लोक संगीत र लोकवाजाहरु, नाचहरु रहेका छन्। जसमा कौरा, झाम्रे, सोरठी, घाँटो नाच, ठूलीनाच, रहेका छन्। उनीहरुले हिन्दु संस्कृतिका विभिन्न चार्डहरु श्रावणी संक्रान्ती, दशै तिहार, चण्डीपूर्णिमा, चैतेदशै लगायतका चाड मनाउनुका साथै वाजेवज्यै पूजा गर्ने चलन छ र उनीहरुले वजाउने प्रमुख वाजामा मादल, डम्फु झुर्मा आदि पर्दछन्।

कुमाल, घर्ती, बोटे, दमाई, कामी, व्राह्मण, क्षेत्री, ठकुरी जातिको मुख्य भेषभुषामा पुरुषले लगाउने दौरा, सुरुवाल, टोपी, कोट आदि हुन् भने महिलाले लगाउनेमा गुन्यु, चोली, पटुका, पछ्यौरा आदि हुन्। महिलाले लगाउने गहना चन्द्रमा, फुली, वुलाँकी, मुन्द्री, वाला, मारवाडी, ढुम्री, माला आदि हुन्। हाल पुरुषले प्रायः कमिज पाइन्ट कोट र महिलाले साडी, व्लाउज, कुर्ता, पाइजा जस्ता पोशाक लगाउने गरेको समेत पाइन्छ। यी जातीहरुको लोक संस्कृतिमा भजन किर्तन, चुड्का नाच, विवाहमा रत्यौली, तिजगीत आदि प्रमुख हुन्। व्राह्मणहरुको वालननाच पनि प्रशिद्ध रहेको छ। प्रमुख वाजाहरु मादल, खैजंडी, मुजुरा, मृदुङ्गा, झ्याली, शंख, घन्ट, हारमोनियम, ढोलक, करताल, पन्चेवाजा, आदि लगायत हाल आधुनिक वाद्यवादन समेत प्रयोग गरिन्छ।

नेवार जातीका पुरुषले दौरा सुरुवाल, इस्टकोट, पटुका, कोट र टोपी जस्ता पोशाक लगाउँछन् भने महिलाले लगाउने पोशाकमा चोलो , फरिया, ढाकाको खास्टो लगाँउछन। पुरुषले सुनका मुन्द्रा, महिलाले सिरवन्दी, किलिप, चन्द्रमा, ताप, मारवडी, ढुम्री, सिलीमुन्द्री, लुपु, तिरवमाला, यार्लिङ, वाला, कल्ली, छापको औंठी, गणेशको औंठी, वेरुवा औंठी आदि गहना लगाउछन्। यस जातिका महिलाले गुफामा गाउने गित, भजन किर्तन, रामायण गाथा, महाभारत गाथा, कृष्णचरित्र गाथा आदि गाथा गाइन्छ। नाचहरुमा भैरवनृत्य, तायपचा नृत्य, वाद्यजाता नृत्य, लाखे नाच, दहीलीला नृत्य, रासलीला नृत्य, रामायण नृत्य, माघेजागा नृत्य आदि पर्दछन् भने वाजाहरुमा धिमे, मृदुङ्गा, झ्याली, ढोलकी आदि पर्दछन् चार्डहरुमा घन्टाकर्ण, नागपञ्चमी, चरेटपुजा र तिजको भोलिपल्ट मकै सुकाउने पूर्णिमा (सकिमना पुनी), श्रीकृष्ण जन्माष्टमी, दशै, तिहार, यामरी, पुन्ही लगायतका चार्डहरु पर्दछ भने विस्केट जात्रा, गाइजात्रा, वाघजात्रा, माघेजात्रा, घोडेजात्रा, आदि मनाउने गरिन्छ।

ऐतिहासिक खेतकुलो

यस वडामा प्रशस्त मात्रामा धान, मकै र अन्य बालीहरू उत्पादन हुने खेतहरू र सिँचाई कुलाहरू रहेका छन् । त्यसमध्ये प्रमुख खेतहरुमा ओहिरेघाट खेत, बोहीकीर्तिपुर खेत, तमलोक खेत, सुखौरा खेत, दार्सिङ खेत, चुकाखेत, मठार गैराबारी, चामझरी ढाप खेत, कटुवा, रजघरा, ढापखोला, तल्लो रजघरा, माथिल्लो रजघरा खेत, अमौली पहरे, मस्यौइ फाँट खेत, कुमाल खेत, चनौटे गण्डकीढिक, बोटेगाउँ खेत, आदि रहेका छन् । उक्त खेतहरुमा पानी लाग्ने नहर तथा कुलोमा रामपुर फाँट सिँचाइ नहर, ओइरेघाट कुलो, तम्लोक कुलो, बोहीकीर्तिपुर कुलो, गैराबारी मठारकुलो, अमौली कुलो, मस्यौई कुलो, माथिल्लो रजघरा खेत कुलो आदि छन् र प्राचीन कुलोमा राजकुलो पनि यस वडाको प्रसिद्ध कुलो मानिन्छ। प्राचीन सेन राजाको पालामा रजघराका खेतहरुमा सिंचाई गर्नका लागि निस्दी खोला र सोलीघोप्टे भन्ने ठाउँबाट बाँध बाँधी पानी ल्याउनको लागि खनिएको कुलोलाई **राजकुलो** भन्ने गरिन्छ । जसको अवशेष ठाउँ ठाउँमा भएको पाइन्छ । त्यस्तैगरी कीर्तिपुर ओइरेघाटको कुलो पनि कडा पत्थर फोडेर छेडुवा बनाएर निर्माण गरिएको प्राचीन कुलो मानिन्छन् जुन हालसम्म पनि सञ्चालनमा छन्

खेती लगाउने र खेती स्याहार्ने समयमा प्रयोग हुने शब्दहरू

यसवडामा मुख्य रुपमा धान, गहुँ, मकै, कोदो, मास, वोडा, वोडी, अदुवा, खुर्सानी, लगायत खेती गरिन्छ। यस्ता खेती गर्दा प्रयोग हुने प्रमुख शब्दहरुमा व्याड राख्ने, वाली गोड्ने, समाह, अहट काट्ने, आलीकान्ला गर्ने, डल्लाफोर्ने, धानको खरै राख्ने, दाँइगर्ने, टौवा राख्ने, भकारी राख्ने, मकैको कुँडुलो, मकैको सुली, झुत्ती, धानचमरा, भँगेरपाथी, दयाँरा, गोरुको मेई, आली, कान्लो गर्ने, मालदाम्लो, झयाम्पो (दाइमा खाने खाना), ठिंगारे, हलो, जुवा, जोतारा, अनौ, खोक, फाली आदि पुराना शव्दहरु प्रयोग गरिन्छ।

२.३. **स्थानिय संघसंस्थाहरु**

यस वडामा विभिन्न सामाजिक संघसंस्था, क्लब, युवा क्लब, आमा समूहहरु क्रियाशील छन् । जसमध्ये पूर्वी पाल्पा युवा क्लब, नमस्ते लामटाङ युवा समाज, जनज्योति युवा क्लब गण्डकी ढिक, पूर्वी पाल्पा नवज्योति आमा समूह, चनौली आदि दर्ता भई सञ्चालित छन् भने अन्य संस्थामा विभिन्न आमा समूह रहेका छन् । जसमा मनकामना आमा समूह कीर्तिपुर, सक्रिय आमा समूह ठूलो टाँडी, समाज विकास आमा समूह ओइरेघाट, समाजसेवा आमा समूह सानो टाँडी, नारीकल्याण आमा समूह गैलुक डाँडा, समाजसुधार मातृ कल्याण बोहरीडाँडा, सितलनगर आमा समूह, शिवशक्ति आमा समूह डाँडाविँडी, लक्ष्मीनारायण आमा समूह रजघरा, नवदुर्गा आमा समूह गण्डकीढिक, हरियाली आमा समूह रजघरा चनौटे, मिलीजुली आमा समूह, विकास आमा समूह कामीगाउँ, नमूना मातृ समूह रजघरा माझटोल, लामटाङ आमासमूह, दुर्लुमछाप आमासमूह, जनजागृती आमा समूह, साईडाडाँ आदि ।

यस वडामा प्रत्येक टोलमा रहेका महिलाहरुले मातृसमूह बनाई भाडा वर्तन किनेर विशेष चार्डपर्व उत्सवमा भोज भतेरमा सहयोग गर्छन् । अन्य सामाजिक कार्यमा आमासमूहको सक्रिय सहभागिता रहेको पाइन्छ। महिलाहरुको सक्रियता वढाउन स्थानीय सरकार, प्रदेश सरकारले आमासमूह भवन, मन्दिर निर्माण गर्न तथा महिला उद्यमशिलताको तालिम सञ्चालन गर्न अनुदान सहयोग समेत प्रदान गरेको पाइन्छ।

एकाइ: ३ वन, वातावरण र पर्यटन

यसै वडामा लालपूर्जा भएका जग्गा वाहेक अन्य जग्गा वन क्षेत्रमा रहेका छन् । वार्डको धेरैजसो भु-भाग वन क्षेत्रमा पर्दछ। यस वडामा घना जंगल रहेका छन् । यसले वडाको वातावरण स्वच्छ राख्न, वन्यजन्तु संरक्षण गर्न र वनपैदावरको सही सदुपयोग गर्न सहयोग पुऱ्याएको छ। पर्यटकलाई आकर्षक गर्ने हरियाली भु-भाग हिमालको मनोरम दृश्य अवलोकन गर्न सकिने अग्ला डाडाँहरु र ऐतिहासिक धार्मिक तिर्थस्थलहरु रहेकाले यस वडामा पर्यटकको विकासको प्रचुर सम्भावना छ।

३.१. सामुदायिक वन र वनपैदावर

यसवडामा रहेका सामुदायिक वनमा ठूलो वन सामुदायिक वन, सानीअमराई सामुदायिक वन, ५ नं. हरियाली सामुदायिक वन, ६ नं. हरियाली सामुदायिक वन, मैनडाँडा सामुदायिक वन, पहरे सामुदायिक वन, माझखोला सामुदायिक वन, लामटाङ्ग सामुदायिक वन, आदि रहेका छन् । यी वनहरुमा पाइने प्रमुख वनपैदावरमा साल, कटुस, मदाने, सिमल, हर्रो, वर्रो, सिसौ, दारी गिठो, वाँस, निंगालो, रिठ्ठो, चिलाउने, कटहर, खमारी, अमला, खयर, खल्लुक, वकाइनो आदि काठजन्यका विरुवाका रुपमा प्रयोग गरिन्छ । अन्य विरुवामा काउचुच्चे, इमलो, गोलेनी, वनतुलसी, मैनगट्टा, काँउसो, वलढेंग्रा, निमारो, पनियार, वयर, कालीकाठ, अराली, डमराई, आदि औषधी र अन्य परिकार वनाउन प्रयोग गरिन्छ।

यस वडामा पाइने जडीवुटीजन्य विरुवाहरुमा गुजरगो, सिकारी लहरो, पिपला, धतुरो, जलपुरेनी, राजवृक्ष, दुधेभ्कार, कम्मरी, सर्पगन्धा, भिरिंगीराज भ्कार, सहस्रवुटी, सिम्लीगान, अजम्मरी, निउरो, चिनीलहरो, दुधिलो, कुरीलो, तीतेपानी, कालीसिक्की, आकाशेवेली, मुसलगन्धी, दङ्ग्यौलो, अराली, तुलसी, खट्टेभ्कार, दत्तिवन (अपामार्ग), काँश, दुवो, कुश, सेतो लसुन, पुरननुवा, गोकुल धुप, गोखरु, मरेठी, गाइखुर, भिरकन्ली, मगरकाँची, मधेसीकाँडा, अैजेरु, वनमेवा, गुर्जो, घोडटाप्रे, निम, हडचुर, रोहिनी, श्रृंगार, सिस्नो, वासुकी, वेल, पतिना, चिम्काँडो आदि रहेका छन् ।

३.२. वन्यजन्तुहरु

यस वडाको जंगलमा पाइने वन्यजन्तुहरुमा वाघ, चितुवा, मृग, हरिण, खरायो, दुम्सि, बाँदर, लोखर्के, वनविरालो, आदि छन् भने पंक्षिहरुमा काग, कालिज, कोइली, भँगेरो, वकुल्ला, ढुकुर, डाँडग्रे, गौथली छन् । विभिन्न प्रजातिका सर्पहरु जस्तै करेत, गोवन, धमिलो, हर्यौं तथा अन्य घस्रेर हिड्ने जनावर जस्तै छेपारो, गोहोरो आदि रहेका छन् ।

३.३. प्रमुख पर्यटकीय स्थलहरु

यस वडामा रहेका प्रमुख पर्यटकीय स्थलहरुमा सीताकुण्ड, केलादीघाट, केलादीका तिर्थस्थलहरु, घट्टार, लामटाङ वस्ती, गैलुक, राताढिक पार्क, सानिअमराई पार्क आदि रहेका छन् ।

एकाइः ४ आर्थिक क्रियाकलाप

४.१. प्रमुख पेशाहरु

यस वडाका मानिसहरुका पेशाहरुमा परम्परागत कृषि पेशा, पशुपालन, व्यापार, वैदेशिक रोजगारी, शिक्षण, सुरक्षा निकाय तथा सरकारी जागीर, यातायत मजदुरी, मोटरसाइकल वर्कसप, फर्निचर उद्योग, कुटानी पिसानी, आइस क्रिम उद्योग, ग्रिलउद्योग, तरकारी खेती, ड्रागन खेती, अन्य फलफूल खेती, जडीवुटीको प्रयोगवाट विभिन्न रोगको उपचार (जस्तै जन्डिस उपचार प. छविरमण उपाध्याय वाट), केही कामीजातिहरुवाट आफ्नो परम्परागत आरन व्यवसाय सञ्चालन गरी आर्थिक आर्जन गरेको पाइन्छ।

४.२. स्थानीय उत्पादनहरुः

यस वडामा स्थानीय रुपमा उत्पादन हुने प्रमुख वस्तुहरु अन्नवाली धान, मकै, गँहु, कोदो आदि रहेका छन् भने दालजन्यमा वोडा, केराउ, मास, भटमास, वोडी, गहत आदि छन् । फलफूल जन्यमा आँप, कटहर, मेवा, लिची, ड्रागन, कागती, सुन्तला, भुइँकटहर, निवुवा आदि छन् । तरकारीजन्यमा काउली, वन्दा, आलु, लसुन, प्याज, फर्सि, गाँजर, साग, घिरौला, चिंडिन्डा, करेला, सिमी, वोडी आदि र मासुजन्यमा वाख्रा, वङ्गुर, भैंसी, कुखुरा, हाँस,पालन गरी आफ्नो उपभोग र विक्री गरी आय आर्जन गरेको पाइन्छ।

४.३. वैङ्क, सहकारी तथा वित्तीय संस्थाः

यस वडामा वित्तिय कारोवार गर्ने संस्थाहरुमा एन. एन. वि. लघुवित्त, रजघरा, दर्छा हरियाली साना किसान कृषि सहकारी संस्था लि. रजघरा, नवप्रतिभा वचत तथा ऋण सहकारी संस्था लि. रजघरा, केलादी वहुउद्देश्यीय सहकारी संस्था लि. गण्डकीढिक, दियालो समाजिक उद्यमी महिला कृषि सहकारी संस्था लि. कीर्तिपुर रहेका छन् । यी संस्थाहरुले प्रमुख रुपमा शेयर धनी र ग्राहकवाट वचत संकलन गर्ने र उनीहरुलाई नै लगानी गर्ने तथा वेलावेलामा आयआजर्नन सम्वन्धी तालिम दिई उद्यमशीलता विकासका लागि प्रोत्साहन गरेको पाइन्छ। यी मध्ये दियालो महिला कृषि सहकारीले आफ्ना सदस्यहरुलाई बाख्रा पालनमा प्रोत्साहित गरेको र उत्पादित बाख्रा खरिद गरी विक्री वितरण गर्ने व्यवस्था समेत गराई किसानको आयआर्जनमा सहयोग पुऱ्याएको छ।

एकाइ : ५ विकासका पूर्वाधार

५.१. शिक्षा, स्वास्थ्य, सञ्चार, सुरक्षा

यस वडामा आधारभूत तहदेखि स्नातक तहसम्म शिक्षा दिने निम्नवमोजिमका सरकारी तथा निजी शैक्षिक संस्थाहरु रहेका छन् ।

१. दर्छा क्याम्पस, दर्छा रजघरा (शिक्षाशास्त्र संकाय अन्तर्गत वि.एड.का कक्षा सञ्चालन)
२. श्री जनविकास मा.वि. रजघरा (नर्सरी देखि कक्षा १२ सम्म कक्षा सञ्चालन)
३. श्री सीता मा.वि. सीताकुण्ड (वाल विकास देखि कक्षा १० सम्म कक्षा सञ्चालन)
४. श्री वालकल्याण आ.वि. बगाहा (कक्षा १ देखि कक्षा ७ सम्म कक्षा सञ्चालन),
५. श्री नवदुर्गा प्रा.वि. वोटेगाउँ (कक्षा १ देखि ५ सम्म)
६. श्री वालहित प्रा.वि. ओइरेघाट (कक्षा १ देखि ५ सम्म)
७. श्री शान्ति प्रा.वि. फेदी कामीगाँउ(कक्षा १ देखि ३ सम्म)
८. श्री जन विकास प्रा.वि. लामटाङ (हाल मर्ज सञ्चालनमा नरहेको) रहेका छन् ।
९. श्री रजघरा अंग्रेजी सेकेन्डरी वोर्डिङ स्कुल, रजघरा (नर्सरी देखि कक्षा १० सम्म)

स्वास्थ्य संस्थाहरुमा दर्छा स्वास्थ्य चौकी सिताकुण्ड, शहरी स्वास्थ्य केन्द्र रजघरा सानीअमराई, शहरी स्वास्थ्य केन्द्र गण्डकीढिक, बगाहा खोपकेन्द्र बगाहा रहेका छन् । सबै संस्थाहरुमा इन्टरनेट सुविधा, टेलिफोन सुविधा रहेको छ। स्थानीय समुदायमा पनि धेरैमा इन्टरनेट सुविधा, टेलिफोन, टिभी सुविधा रहेकाले **सञ्चार**को राम्रो पहुँच छ । वडाको शान्ति **सुरक्षा** प्रहरी चौकी, केलादीवाट भएको छ।

५.२. सडक, खानेपानी, पुल, सिंचाइ, विद्युतीकरण, खेलमैदान

सडक

यस वडामा अंधेरी खोलादेखि रजघरा वजार क्षेत्र वरिपरि र नहरको १ नं. गेटसम्म करिव ३ कि.सि पक्की कालोपत्रे मोटर वाटो निर्माण भएको छ । कालीगण्डकी करिडोर अन्तर्गत अंधेरी खोलादेखि निस्दी खोला पुलसम्म पक्की वाटो छ। त्यसवाहेक अन्य कच्ची वाटोहरुमा रजघरा १ नं. गेटदेखि वगाहा चनौली सीताकुण्ड डाब्रा मोटरवाटो, टुनी भञ्ज्याङ सीताकुण्ड गैलुक लामटाङ ओइरेघाट कीर्तिपुर मोटरवाटो, ठूली भञ्ज्याङ देखि लामीडाँडा र गैलुक जाने मोटरवाटो, पिपल भञ्ज्याङदेखि वारपंथीथर टोल जाने वाटो, रजघरा वगाहा ठूलो टाँडी किर्तिपुर वाटो, वोहरीडाँडा झुप्री कामीगाँउ गुँहे पिपल वाटो, कामीगाउँदेखि लामीडाँडा दुर्लुमछाप वाटो, जरेवरदेखि केलादी घाट पक्की पैदल मार्ग, जरेवरदेखि कालीगण्डकी पक्की पुलसम्मको वाटो, गण्डकीढिक चोकदेखि कालीपुलसम्मको पक्की पिंच वाटो रहेका छन् । त्यस्तै गरी रजघरादेखि पुल्चोक वाटो, सीतलनगर देखि डाँडाविडी १ नं. गेटको वाटो, रजघरा रातादिक हुँदै गण्डकीढिक जाने वाटो, रजघरा मसोई गण्डकीढिक वाटो, मसोई छत्तिवन फेददेखि डल्ली आँप करिडोर जोड्ने वाटो, शितलनगर दुर्गामन्दिर हुँदै करिडोर जोड्ने वाटो लगायत अन्य सबै वस्तीमा जाने साना वाटो निर्माण भएका छन् ।

खानेपानी

खानेपानीतर्फ रजघरा वृहत खानेपानी योजना, गण्डकीढिक खानेपानी योजना, वोटेगाउँ खानेपानी योजना, टाँडी चनौली कीर्तिपुर खानेपानी योजना, गैलुक डाब्रा लिफ्टिङ खानेपानी योजना, लामटाङ्ग लिफ्टिङ खानेपानी योजना, सिनाहा ओइरेघाट खानेपानी योजना सञ्चालित छन् जसवाट एक घर एक धाराको लक्ष्य राखी खानेपानी वितरण कार्य भईरहेको छ। समग्रमा यस वडाका वाडवासीलाई टाढासम्म पंधेरोमा खानेपानी लिन हिडेर जानुपर्ने अवस्था छैन् ।

सिंचाई तथा विद्युतीकरण

सिंचाईको लागि रामपुर फाँट सिंचाइ योजना अनुसार नहरवाट धेरै खेतीयोग्य जमिन सिंचाइ हुन्छ भने अन्य साना

कुलाहरुवाट पनि सिंचाइको व्यवस्था छ। यस वडाको सवै टोल वस्तीमा विद्युतीकरण भएको छ।

खेलमैदान

यस वडामा रहेका प्रमुख खेलमैदानमा सानीअमराई, घट्टार खेलमैदान रहेका छन्।

५.३. सामाजिक विकास:

सामाजिक घटना

यस वडामा जातीय विभेद, लैङ्गिक विभेद, छुवाछुत प्रथा भएको पाइदैन। अन्य सामाजिक घटनाहरुमा वालविवाह गर्न नपाइने प्रावधान प्रति वडावासी सचेत भएपनि यसलाई पूर्णरुपमा नियन्त्रण गर्न सकिएको पाइदैन। अन्तरजातीय विवाहका लागि घरपरिवारवाट प्रोत्साहन गरेको पाइदैन तर पनि यस्ता विवाहहरु भएका छन्। कतिपय परिवारमा मादक पदार्थ, लागूपदार्थ दुर्व्यसनीका कारण तनाव, झै-झगडा भएको महिला हिंसा भएको र त्यसवाट अप्रिय घटनाहरु पनि हुने गरेको छ। आत्महत्याका घटनाहरु पनि यस वडामा भएको विवरण पाइन्छ।

परम्परागत पेसाको विकास

वडामा वसोवास गर्ने केही मानिसहरुले आफ्नो परम्परागत पेसालाई आयस्रोतका रुपमा लिएको पाइन्छ। सार्की जातीले जनावरको छालावाट नारा वनाउने, मगर जातिले गोहोरोको छालावाट डमरु, खैजडी वनाउने, बाँस र रामभर्लाको पातवाट छत्री, स्याखु वनाउने, डोका, नाम्ला, दाम्ला, डोरी वनाउने, उनीका झोला, टोप, सुइटर तयार गर्ने, दमाई जातीले कपडा सिलाउने, दमै जातिले पञ्चेवाजा वजाउने, हाल मगर कामी जातिले समेत पञ्चे बाजा बजाई आम्दानी गरेको, कामीजातीले परम्परागत आरन थापेर फलामका कृषि औजार कोदालो, फाली, कुटो, हँसिया, चाँपे, दाउ, सिंगी, चुलेसी, ओदान आदि वनाउने पेशा अपनाउने र समाजमा एक अर्कालाई सहयोग गरी समाजको विकासमा योगदान पुऱ्याउदै आएका छन्।

लक्षित वर्ग कार्यक्रम

यस वडावाट सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत लक्षित वर्गको जीवन सुरक्षाको लागि सामाजिक सुरक्षा भत्ता तथा पोषण सहयोग उपलब्ध गराइएको छ। जसमा ७० वर्ष माथिका जेष्ठ नागरिकका लागि मासिक रु ४००, दलित जेष्ठ नागरिक (६० वर्ष माथि) रु २६६०, मासिक विधवा आर्थिक सहायता (६० वर्ष मुनि) मासिक रु २६६०, क वर्ग अपाङ्ग भत्ता मासिक रु ३९९०, ख वर्ग भत्ता मासिक रु २१६०, वालपोषण भत्ता (दलित वालवालिका) मासिक रु. ५३२, जेष्ठ नागरिक एकल महिला भत्ता (६० माथि)मासिक रु. २६६०। वितरण गरिएको छ। त्यसैगरी पोषण कार्यक्रम अन्तर्गत गर्भवती, सुत्केरी महिलालाई स्वास्थ्य संस्था मार्फत पोषणजन्य खानेकुरा वितरण गरिएको छ।

अन्य सामाजिक समस्या र समाधानका लागि गरिएका प्रयास

यस वडामा रहेका विभिन्न सामाजिक समस्यामा छोराछोरी वैदेशिक रोजगारीका शिलशिलामा विदेशमा स्थायी वसोवास गर्ने, उतै मृत्यु हुने जस्ता कारणले घरमा वुढेसकालमा आमावावुको हेरचाहा गर्ने सन्तान नहुने, वडाको जन्मदर घट्ने, वैदेशिक रोजगारीको कारण श्रीमान् श्रीमती लामो समय विछोड भई सम्वन्ध विच्छेद, पुनर्विवाह हुने लगायत गाउँका उब्जनीयुक्त खेतवारी वाँझो रही उत्पादन कम हुने, खेती गरेका जग्गामा वाँदर अन्य वन्यजन्तुवाट वालीनाली नष्ट गरिदिने जस्ता सामाजिक समस्या देखा परेका छन्।

वडामा रहेका सामाजिक समस्याहरु समाधान गर्न वडाका जनप्रतिनिधि, स्थानीय न्यायिक समिति, भद्र भलादमी महानुभाव, केलादी प्रहरी चौकी, वडा स्तरीय मेलमिलाप कर्ता (वडाध्यक्ष सहित ४ जनाको सहजीकरण समिती) नगरपालिकाको न्यायिक समितिवाट न्यायिक निरुपणको प्रयास गरिन्छ। अपराधजन्य घटना अन्य विभेदका घटना, झगडा, दुर्यव्यसनीको न्यूनीकरणका लागि वेलावेलामा सचेतनामुलक कार्यक्रम सञ्चालन गरिदै आएको छ।

एकाइ : ६ विपद् र विपद् व्यवस्थापन

प्राकृतिक वा मानवनिर्मित वस्तु तथा संरचनाको कारण अचानक घट्ने घटना जसले मानिसको जनजीवन, धनसम्पति पूर्वाधार र वातावरणमा ठूलो क्षति पुऱ्याएको छ। त्यस्ता घटनालाई विपद् भनिन्छ। जस्तै भुकम्प, वाढी, पहिरो, चट्याङ, हावाहुरी, खडेरी आदि प्राकृतिक विपद् हुन भने आगलागी, सडक दुर्घटना, वायु प्रदुषण, जलप्रदुषण आदि मानवजन्य विपद् हुन्। विपद् रोकथाम र विपद्को घटना घटीसकेपछि क्षति न्यूनिकरण गर्न गर्नुपर्ने कार्यहरुलाई विपद् व्यवस्थापन भनिन्छ।

यस वडामा २०७२ साल वैशाख १२ गते गएको ७.८ रेक्टर स्केलको भुकम्पले केही घरमा क्षति पुऱ्याएको थियो। निस्दी खोला र अन्य सानाखोलाले किनार आसपास क्षेत्रमा वर्षाको समय वर्षेनी क्षती पुऱ्याएको छ। कटहरे वनको पहिरोले रजघरा खानेपानी आयोजनाको मुहान प्रभावित गरेको छ। २०४१ साल चैत्र ३ गते ठूलोटाँडी, रानीपारमा वनडढेलोको प्रभावले २ घर, गोठ जलेको र २ जनाको मानवीय क्षति भएको, प्रत्येक वर्ष चैत्र वैशाखमा सामुदायिक वनमा आगलागी भई हावाहुरीका कारण घरहरुमा आगो लाग्ने, वन्यजन्तु विनास हुने, जडीवुटी र वनपैदावर नष्ट भई वातावरण प्रदुषण हुने मानिसमा स्वास्थ्य समस्या देखापर्ने घटना भइरहेका छन्।

त्यसैगरी २०७९ सालमा गैलुकमा जंगली च्याउ खाएर ५ जना स्थानीयको मृत्यु भएको घटना, सडक दुर्घटनाका घटनाहरु यस वडामा भइरहेका विपद्जन्य घटनाहरु हुन्।

माथि उल्लेखित विपद्जन्य घटनाको व्यवस्थापनको लागि जिल्ला भू-संरक्षण कार्यालयबाट निस्दी खोला, पनौदी खोला, अँधेरी खोला, जामुने खोला, भण्डारी खोला लगायतका खोला नियन्त्रणका लागि जाली लगाएर तटवन्ध गरिएको छ। भूकम्पको असरवाट वच्न विद्यालयहरुमा भुकम्प शिक्षा दिइएको छ। विद्यालयहरुमा भूकम्प प्रतिरोधी भवन निर्माण गरिएको छ। वनविनास, आगलागी नियन्त्रणका लागि वडा कार्यालय, विद्यालय, सुरक्षा निकायवाट तालिम, सचेतनामूलक कार्यक्रम मार्फत संदेश प्रवाह गरिएको छ। विपद्वाट क्षति भएमा क्षतिको मूल्याङ्कन गरी स्थानीय सरकार, प्रदेश, केन्द्र सरकार, जिल्ला दैवीक प्रकोप समिति, जनप्रतिनिधिको सहयोगमा अनुदान उपलब्ध गराई पुनर्निर्माण गरिदिने कार्यहरु पनि भएका छन्।

अन्य केही प्रमुख वस्ती, मन्दिर, विशेष मेला इतिहास

रजघरा वस्ती

यो वस्ती समथर भू-भागमा रहेको छ। समुन्द्र सतहवाट करिव ३९५ मीटर उचाइमा रहेको यस वस्तीमा प्रशस्त खेती योग्य जमिन रहेको छ। तत्कालीन दर्छा राज्यका राजाहरु वस्ने घर(नौ तले दरवार) वरिपरिको क्षेत्रलाई राजघराना भन्ने गरिन्थ्यो। यसैवाट अपभ्रम्स भएर रजघरा नाम रहन गएको अनुमान गरिएको पाइन्छ। त्यस्तै तत्कालीन राजाहरुले खेती गर्ने माथिल्लो रजघराको खेत रजघरीको खेतलाई राजगह्वा भनिन्थ्यो। यही शब्दवाट रजघरा नाम रहन गएको भनाइ पनि रहेको छ।

वोटेगाउँ

वोटे जातिहरु यस वडाका अदिवासी जनजाति हुन्। वोटेहरुको वस्तीका रुपमा रहेको बोटेगाउँ वडाको प्रसिद्ध ऐतिहासिक महत्व बोकेको वस्ती हो। प्राचीन समयदेखि श्रीकृष्ण गण्डकीको केलादी घाटमा डुङ्गा तारेर मनिसहरुको आवत जावत गराउने काम उनीहरुवाट हुँदै आएको थियो। डुङ्गा तार्ने कामलाई निरन्तरता दिन र वोटेजातिलाई स्थापित गर्न तत्कालिन राजाहरुले अँधेरी खोला पूर्व देखि भलायटारको साँधखोल्सी पश्चिम, कालिगण्डकी नदी उत्तर र दक्षिणमा रजघराको सालवोटे सम्मको जग्गा जमिन **किपट**का रुपमा दिएको इतिहास पाइन्छ।

वोटेहरुको आफ्नै वोटे भाषासमेत रहेकोमा हालका पिंढीहरुमा उक्त भाषा बोल्ने मानिस नभएकोले भाषा वडावाट लोप भएको अवस्था छ। यस वोटेगाउँ क्षेत्रमा हाल ४६ घरधुरी वोटे समुदाय हुनुहुन्छ। विकासको गतिसंगै झोलुङ्गेपुल,

पक्कीपुल बनिसकेको हुनाले उनीहरु परम्परागत पेशावाट विस्थापित भई सामान्य खेतीपाती गरी जीविकोपार्जन गरेको पाइन्छ। यस वस्तीमा ऐतिहासिक वोटेगाउँको कोटघर, भीमसेन दुङ्गा र प्रसिद्ध घट्टार मैदानसमेत रहेको छ। यो वस्तीको संरक्षण गरी उनीहरुका भाषा, संस्कृतिको जगेर्ना गर्न सकेमा पर्यटकीय क्षेत्रको विकासमा टेवा पुग्ने देखिन्छ।

किपट: लालमोहर गरी दिइएको कहिल्यै राजिनामा हुन नसक्ने उसैका सन्तान, दरसन्तानले भोगचलन गर्नुपर्ने जग्गा।

लक्ष्मीनारायण मन्दिर केलादी

वि.स. १९७० मा तत्कालीन दर्छा ६ टाँडी वस्ने वुद्धिसागर पराजुलीवाट यो मन्दिर स्थापना गरिएको थियो। यसको संचालनार्थ रा.न.पा. ४ को गल्मारीयामा १८ रोपनी जग्गा खेत र मन्दिर परिसरमा करिव १५ रोपनी जग्गा गुठीका रुपमा राखिएको छ।

लक्ष्मीनारायण गणेश मन्दिर, केलादी

यस मन्दिरको स्थापना तत्कालीन दर्छा १ रजघरा बस्ने कँडेल परिवारवाट वि.स. १९६६ मा स्थापना गरिएको र पूजा अर्चना निरन्तरताका लागि रजघरामा १२ रोपनी र रामपुर-६ तिलपुरमा १८ रोपनी खेत गुठी जग्गाको समेत व्यवस्था गरिएको छ।

राधाकृष्ण मन्दिर, केलादी

यस मन्दिरको स्थापना तनहुँ वन्दिपुरका अर्याल थर परिवारवाट वि.स. १९६४ मा गरिएको थियो। मन्दिर संचालनार्थ रजघरामा करिब ६ रोपनी खेत गुठी जग्गाका रुपमा राखिएको छ।

लक्ष्मीनारायण चुतर्भुज मन्दिर, कोप्चेघाट

यो मन्दिरको स्थापना वि.स. १८७७ साल फाल्गुन २ गते कुमालढिक र खकौली निवासी भारद्धाज गोत्रीय जिम्माल रामचन्द्र पाण्डेयवाट भएको थियो। जसको संचालनार्थ अमौलीमा १० रोपनी खेत र चनौटेमा ६ रोपनी खेत गुठीमा राखिएको छ।

विशेष मेला पर्व :

यस वडाको ऐतिहासिक महत्व भएका स्थान धार्मिक तीर्थस्थलहरुमा पर्व विशेषमा विशेष मेला लाग्ने गरेको पाइन्छ। त्यस्ता मेलाहरुमा केलादीघाटमा कार्तिकमा हरिबोधनी एकादशी, माघे संक्रान्ती, गुजेरी पूर्णिमा, शिवरात्री पर्वमा विशेष मेला लाग्छ। तिजको पञ्चमीमा जाल्पेमा लाखेनाच सहित मेला लाग्छ। चैते दशैको पञ्चमी र तिजको पञ्चमीमा वगाहा मेला, श्रीकृष्ण जन्माष्टमीमा सीताकुण्ड मेला, तीज पञ्चमीमा ओझेघाट मेला, तिजको दिन रजघरा वजार मेला (लाखेनाच सहित) लाग्ने गर्दछ। यी मेलामा यस क्षेत्रका हजारौ मानिस जम्मा भई विभिन्न धार्मिक कार्य गर्ने, स्थानीय उत्पादित सामग्री विक्री वितरण गर्ने, मनोरञ्जन लिने कार्य गरिन्छ। खासगरी यस्ता मेलामा सुन्तला, तरुल, सखरखण्ड, केरा, उखु, लगायतका फलफूल विक्री वितरण हुन्छ। अन्य मानवनिर्मित वाँसवाट वनेका सामाग्री डोको नाङ्लो सुपो, मान्द्रो, चाल्नो, भकारी लगायत नाम्लो, हँसिया, कोदाली, माटाका भाँडाहरु घैटो, हाडी, भुडँकी, खुत्रुके, आरी, पाला, खुर्पा लगायतका सामग्री विक्री वितरण हुने गरेको छ। साथै भलिवल लगायत विभिन्न प्रतियोगितात्मक खेलहरु खेलाइन्छ। यस्ता विशेष मेलाले यस क्षेत्रको आर्थिक विकास पर्यटन विकास, धार्मिक महत्व वढाउने कार्यमा सहयोग पुग्छ।

घट्टार

यस वडाको केलादीघाट धार्मिक स्थलको दक्षिणमा वोटेगाउँको पूर्वमा अवस्थित करिव १७३ रोपनी क्षेत्रफलमा फैलिएको विशाल समथर चौरलाई घट्टार नामले चिनिन्छ। ऐतिहासिक तथ्यअनुसार केलादी घाटको छेउमा स्थित टारलाई घाटटार घाटटार भन्दै गर्दा अपभ्रंस भई घट्टार नाम रहन गएको हो। यस भेगको खेलमैदानको रुपमा प्रयोग हुदै आएको यो टार वनभोज स्थलको लागि अत्यन्त रमणीय शितल र सुन्दर दृश्य रहेको छ। यस क्षेत्रको संरक्षण र संवर्द्धन अति आवश्यक देखिन्छ।

रामपुर नगरपालिका, वडा नं. ५, रामपुर, पाल्पा

समग्र परिचय

१.१. भौगोलिक अवस्था

रामपुर नगरपालिकाको वडा नं. ४ मा धेरै समथर भाग र केही भाग डाँडाकाडा रहेको प्राकृतिक सुन्दरताले भरिपुर्ण स्थान हो। यो वडा २७° '५०' उत्तरी अक्षांशर ८३° '५३' '५३' पूर्वी देशान्तर अवस्थित छ। यहाँको सवै भन्दा होचो भु-भाग बडवान क्षेत्र समुन्द्र सतहदेखि ३२१ मिटरमा रहेको छ भने सबै भन्दा अग्लो स्थान पुरानो दर्छाको कोटघर समुन्द्र सतहदेखि १०५४ मिटरमा अवस्थित छ।

पुर्वमा ढापखोला र अँचेरी खोला पश्चिममा वहखोला र वडा नं. ५ उत्तरमा कालीगण्डकी नदी र दक्षिणमा तान्द्रेखोलाले वडा नं. ४ को सिमाना छुट्टयाएको छ।

गुप्तबास गुफा(वशिष्ट गुफा) करिब ४० मिटर लम्बाइ भएको, हनुमान गुफा, विश्राम गुफा र कौशिक गुफा आदि यहाँका प्रमुख गुफाहरु हुन् ।

१.२. ऐतिहासिक र समसामयिक अवस्था

सीताराम गुठी, पाटी भवन वडा नं. ४ का प्रमुख ऐतिहासिक सम्पदा हुन्। हालको वडा नं. ४ राणाकालिन समयमा भुवान सिं राना र बहादुर राना जिम्मालका रुपमा काम गरेका थिए भने नेत्र वहादुर थापा (दिसुवा) मुखीयाका रुपमा थिए त्यस्तै दशकटियाको थरी मुख्याका रुपमा हमिद मियाँ थिए। हालको वडा नं. ४ मा वि.स. २०१९ साल पैाष १ गते दर्छा वरडाँडा पञ्चायत वनेको थियो भने २०३८ सालमा दर्छा पञ्चायत भएको थियो भने प्रधान पञ्चको रुपमा उजुर सिं राना थिए। वि.सं. २०४६ सालपछि बहुदलीय शासन व्यवस्थाको उद्य भएपछि यो वाड दर्छा गा.वि.स.मा नामकरण भयो र यस दर्छा गाउँ विकास समितिको प्रथम गा.वि.स. अध्यक्षका रुपमा उजुर सिं राना नै निर्वाचित भएका थिए।

पुरानो दर्छाको कोट घरको प्राचीन चिनारी

रामपुर नगरपालिका ४ नम्बर वडा अन्तर्गत पर्ने पुरानो दर्छाको कोटघर यसै वडाको १०५४ मिटरको उचाइमा रहेको सबैभन्दा अग्लो स्थान हो। कोटघरमा विजय दशमीको दिन दुर्गा देवीको पुजा गर्ने प्रचलन रहेको छ। फुलपातिका दिन कोतघर वरीपरीका मानिसहरु द्धारा कोटघरमा विशेष फुलपाति जम्मा गरिन्थ्यो। दशैको अष्टमी र नवमीका दिन बली दिने परम्परा रही आएको छ। दशमीको दिन बन्दुक पड्काएर बडाई गरे पछि मात्र अन्य सर्वसाधारण नागरिकले टिका जमरा लगाउने प्रचलन रहेको थियो।

वि.सं.१९०३ मा कोतपर्व भएपछि जंग वहादुर राणाले जनता सवैलाई हात हतियार कोटमा जम्मागर्नु भन्ने आदेश पछि कोतघर वरिपरिका मानिसहरुले आफूसंग भएका हतिहारहरु कोतघरमा जम्मा गरेका भनी त्यहाँका बुढापाका बताउछन्। वडा दशैमा ती हातहातियारहरुलाई पुजा गर्ने प्रचलन रहेको छ। विजय दशमीका दिन कोटघरवाट ल्याएका फुलपाति अक्षता र जमरा मिसाएर लगाउनाले शुभ मंगल हुने जन विश्वास रही आएको छ।

ऐतिहासिक धरोहर पाटी भवनको एक चिनारी

पाल्पा जिल्ला रामपुर न.पा. वाड नं. ४ खोपटारमा स्थित पूर्वी पाल्पाकै ऐतिहासिक धरोहर पाटी भवन करिब २०० वर्ष अगाडि तुलसी राम रेग्मीले स्थापना गर्नु भएको थियो। लक्ष्मी नारायण गुठी समेत स्थापना गरेको तुलसीराम रेग्मीले तत्कालीन राजा राजेन्द्र विक्रम शाहबाट वि.सं. १८८९ सालमा सन्नत प्राप्त गरी वि.सं. १९०३ सालमा ताम्रपत्रमा लालमोहर गरी तुलसीराम रेग्मीलाई प्रदान गरिएको थियो। सनतमा नै पाटी, धर्मशाला, फूलवारी सदावर्त चलाएको भनी

उल्लेख भए अनुसार यसको स्थापना १८८९ अगाडि नै भएको मान्न सकिन्छ। पहिला पहिला होटेल नभएको, केलादी घाट प्रमुख नाका पर्ने र यही बाटो भएर बटौली, भारत समेत हिड्ने मुख्य बाटो भएकोले पर्वत बाग्लुङ, तनहू, स्याङ्जा, परासी समेतका बटुवाहरु, यही बास वस्ने खाने गर्दथे। यहाँ वस्ने बटुवालाई निःशुल्क बास र खानाको व्यवस्था गुठीले मिलाउने गर्दथ्यो। धर्मशाला (धर्म गर्ने ठाउँ) भनेर ताम्रपत्रमा उल्लेख भए अनुसार यहाँ औसी, पूर्णिमा, संक्रान्तिमा जोगी सन्यासीहरुलाई नियमित सिधा चलाउने, बालापालिको बाहिर पट्टि पटुवालाई पानी खुवाउने, विशेष गरेर अक्षय तृतियाको दिन जौको सातु, खुदे पानी खुवाउने जस्ता प्रचलन धेरै पुरानो भएको छैन त्यसैले सधै सिदा, खानपिन, वास वसाई सहयोग गर्ने भवन हुनाले यसलाई ताम्रपत्र अनुसार सदावर्त पनि भनिएको हो। यी सबै काममा सघाउन एक पौवालीको व्यवस्था गरिन्थ्यो पौवालीलाई वार्षिक रुपमा धानको व्यवस्था गुठीले गर्दथ्यो। ताम्रपत्र अनुसारै यस पाटी भवनको करीव १० रोपनी जग्गा चारै तिर पर्खालले घेरिएको जग्गा भित्र फुलवारीको रुपमा आँप, कटहर, चिउरी, र साना फलफूल केरा, भुईकटहर प्रसस्तै थिए भने धार्मिक वृक्षको रुपमा चाप पलास समेत रहेको थियो। भवन नभएको अवस्थामा करीव १० महिना यहि भवनमा रामतुल्सी मा.वि. चलेको र उक्त विद्यालयलाई यसै गुठीले सहयोग गर्ने गर्दथ्यो। सो गरेवापत रेग्मी परिवारले शुल्क तिर्न नपर्ने रामतुल्सीको स्वर्ण स्मारिकामा उल्लेख छ। यो एतिहासिक भवन र पर्खाल यहि गुठीका मोहीबाट २०५० सालमा मर्मत गरिएको थियो। तर २०७२ को भुकम्पले बस्नै नहुने भएपछि सस्थागत रुपमा पुरातत्व विभागमा निवेदन भए अनुसार पुरातत्व विभागको सिफारिस र पूननिर्माण प्राधिकरणको लागतमा पुनःनिर्माण भएके छ। यो भवन करिव २.५ रोपनी क्षेत्रफलमा उस्तै शैलीमा बनेको छ। त्यस भवनलाई लक्ष्मीनारायण गुठीको विधान अनुसार लक्ष्मीनारायण संग्रालय बनाउने उल्लेख छ।

यो बाहेक सरकारी कामकाजमा हिड्ने कर्मचारीहरु पनि राणाकालीन समयमा यही गुठीमा बस्ने गर्थे। एकीकरणको दैरानमा नेपाली सेना पनि पश्चिम जादा यहि पाटिमा बास बस्ने गर्दथे रे त्यही भएर अहिले पनि गोर्खा देखि जितगढीको पैदल मार्ग हिड्दा यहि भवनमा पसी नाच्ने, रमाइलो गर्ने परम्परा रहदै आएको छ।

२. समाज र संस्कृति

२.१. प्रमुख वस्तीहरु

लखनटोल(खोप्टार), सदावर्त, इस्लामपुर(दशकतिया), भिमसेनटोल, व्यास वसपार्क (भालु आँप), बाङ्गेपसल, देविस्थान, गोदाम चौपारी, बुद्धविहार(गैरावारी), समाङसिङ, छत्तिउनडाडाँ, वडडाडाँ, रेवतीपोखरा, सुधार विकास (काँसजरी), मौलाथर, फूलवारी, उल्टेखरक, बाजोवारी, जामुने, लाकुरी आदि यहाँका प्रमुख वस्तीहरु हुन्। टुनिभन्ज्याङ, लाँकुरीभन्ज्याङ र मुरलीडाडाँ यहाँका प्रमुख भन्ज्याङहरु हुन्। गलमादी, भर्ने, दाब, अंचेरी, चुरे, तान्द्रे र सुँगुरे यहाँका प्रमुख खोला हुन्।

२.२. जातजाति , सस्कार र संस्कृति

मगर, मुस्लिम, क्षेत्री, ठकुरी, नेवार, गुरुङ, दमै, सार्की, बाहुन, दरै, तमाङ, माझी, थारु, घर्ति, कुमाल आदि वडा नं. ४ मा बसोवास गर्ने प्रमुख जातिहरु हुन। जातका आधारमा यहाँ कुनै किसिमका द्धन्द, कलह, झैझगडा, मारपीट हुने गरेको छैन तसर्थ यस वडामा जातिय सहिष्णुता रहेको पुष्टि हुन्छ। हिन्दु, इस्लाम, इसाई, बौद्ध आदि धर्म मान्ने मानिसहरु यहाँ रहेका छन् भने धर्मका नाममा कुनै किसिमको सामाजिक द्धन्द, कलह, मारपीट हुने गरेको छैन। तसर्थ धार्मिक सहिष्णुता हिसावले पनि वडा नं. ४ उदाहरणीय वडाको रुपमा परिचित छ।

मगरहरुको भाङग्रा, लर्पु, पटुका र घलेक नेवारहरुको हाकुपटासी, मुस्लिमहरुको कुर्ता पाइजामा पुरुषका लागि र वुर्का महिलाका लागि, दौरासुरुवाल गुन्युचोलो आदि वडा नं. ४ का प्रमुख पहिचान योग्य भेषभुषाहरु हुन। नेवार जातिको

विवाह संस्कार अन्य जातिहरुको भन्दा पृथक रहेको छ। मुस्लिम जातिमा छोरा जन्मेको छ महिना देखि २ वर्ष ६ महिना भित्र सुन्नत(लिङ्गको टुप्पाको छाला विधि पूर्वक छेदन गर्ने) गर्ने संस्कार रहेको छ। मुस्लिम जातिको मृत्यु संस्कार पनि अन्य जातिको भन्दा पृथक रहेको छ। मुस्लिम जातिमा मृतकको शव चिहानमा लगेर विधिपूर्वक दफन गरेपछि किरिया वस्नु पर्दैन्।

चिच्चर, क्वाटी, यमोरी, वारा, फूरौला, खीर, पुलाउ, रोटीका प्रकारहरु आदि पर्व विशेष खानाका परिकार हुन् मालदाम्ला, रोपाइ, वियाडे, ठिगारे, मैजार, न्वाइ, हरेलो, छत्री, स्याखु, हलो, हली, जुवा, खोक, जुवा, नारा, जोतारो, दाँइ, वाउसे, खेताला, खेतारी, टौवा, खरै, मियो, कुनियो, कुडुलो, अर्मपर्म, बाउसे, अनउ, आदि खेति लगाउने र खेती स्याहार्ने वेला प्रयोग हुने शव्दावलिहरु हुन मरुनी नाच, घाटु नाच, लाखे नाच, बाजेरोपाँइ, गाइजात्रा, रोपाइजात्रा, भ्याउँरे नाच आदि वडा नं. ४ मा प्रचलित जाति विशेष र पर्व विशेष नृत्यका उदाहरण हुन्। यि यस्ता नृत्यहरुको संरक्षण र प्रर्वद्धन गर्न सकेको खण्डमा आन्तरिक र वाह्य पर्यटकहरुका लागि आकर्षण हुन सक्दछन्।

यस क्षेत्रमा लाग्ने विभिन्न मेलापर्वहरुमा देविस्थानमा गंगादशहरा, मौलाथरमा दशै कालरात्री, सदावर्तमा मेखे सक्रान्ति, जलदेवीस्थानमा पुर्णीमा मेला आदि यहाँका प्रमुख मेला पर्व हुन। गंगादशहराको अवसरमा २१८ घरले संयुक्त पुजा गरी पुजाभर भेजा उठाउने चलन रहेको छ।

बराजु, पारिङ्गे, कालिका मन्दिर, रामसिता हनुमान मन्दिर, अहले सुन्नत जामे मष्जिद, रेलाल जामे मष्जिद, जलदेवी मन्दिर, कोप्चेघाट शिव मन्दिर, भिमसेन टोल शिव मन्दिर, व्यास सत्सङ्ग घर, समाङ्गसिङ दुर्गा मन्दिर, मौलाथर दुर्गामन्दिर आदि वडा नं. ४ का प्रमुख धार्मिक स्थान हुन्।

माथिल्लो वडमान, तल्लो वडमान, गलमाडी, काँसजरी यहाँका प्रमुख खेत हुन्। पुरानो दर्छा बासी सबैले प्राचिन सामयदेखि दशैको कालरात्रीमा सरकारी पाडाराँगाहरु, बोकाहरु वलि दिने र फूलपाती चठाउने यहाँको परम्परा रहेको छ।

२.३. स्थानीय संघसंस्था

यस रामपुर नगरपालिकाको वडा नं. ४ को सुन्दर वस्तीमा थुप्रै स्थानीय संघसंस्थाले सामाजिक सेवा प्रवाह गर्दै आएका छन्। वडा कार्यलय आमा समूह, बालल्कव, टपरी उद्योग, खोप्टार खानेपानी संस्था, लघुवित्त, सहकारी आदि यहाँका प्रमुख स्थानिय संघसंस्थाका उदाहरण हुन्। सामाजिक, साँस्कृतिक र राजनैतिक चेतनाको विकास गराई सामाजिक समस्या निराकरण र रोजगारी सृजनामा यिनीहरुको महत्वपुर्ण योगदान रहेको छ।

३. वन, वातावरण र पर्यटन

३.१. सामुदायिक वन र वनपैदावर

यस वडामा निम्नानुसार सामुदायिक वनहरु छन्। वडमान, गावुडाँडा, चिसापानी, जलकेडि, ल्यामी सोहोरा, वाँसपानी आदि यहाँका प्रमुख सामुदायिक वनका उदाहरण हुन्। साल, सिसौ, चिलाउने, आदि वनपैदावरवाट काठको आवश्यकता पुरा भएको छ। चाप, टुनी, कटहर आदि वाट काठका सामाग्री वनाउन प्रयोग हुने गरेको छ। साल, चिलाउने आदि वाट काठका औजारहरु निमार्ण गरिन्छ। वास, पलास, कुरीलो, भलाय, कुश आदि प्रजातीका वोटविरुवाहरु वनपैदावर संस्कारजन्य कार्यमा प्रयोग गरिन्छ। हर्रो, बर्रो, अमला, सर्पगन्ध, दालचिनी, पानीअमला, घोलटाप्रे, चिनीलहरो, सेतोलोडे, निमपत्ता, वोझो, घिउकुमारी आदि जडीवुटीका रुपमा प्रयोग गरिन्छ।

वनकुखुरा, कालिज, तित्रा, दुकुर, वट्टाई, आदि पंक्षीहरु यहाँ पाइन्छ भने स्याल, भार्से, खरायो, दुम्सी, नियाली बाघ आदि जनावरहरु यहाँ पाइन्छ। ठेउवा, लाटिकोसेरो यहाँका दुलभ पंक्षिहरु हुन भने सजिवन, सिउँडी, पाती, असुरो, चाप, सर्पगन्धा, टाप्रे यहाँका दुर्लभ वनस्पती हुन्।

३.२. प्रमुख पर्यटकीय स्थलहरु

पाटी भवन, व्यास भवन कोटघर, मष्जिद, बौद्धबिहार, लखन पार्क आदि वडा नं. ४ मा रहेका प्रमुख पर्यटकीय स्थलहरु हुन । पाटी भवनलाई संग्रालयको रुपमा विकास गरिएको छ । प्राचिन र ऐतिहासिक महत्वका वस्तुहरुको अवलोकन गर्न दिनहु जसो पर्यटकहरुको घुइचो लाग्ने गर्दछ । व्यासभवन शतसङ्का लागि प्रसिद्ध छ । हरेक शनिवार यहाँ सिद्धी प्राप्तीका लागि फरक फरक गुरुवाट प्रवचन सुन्न पाइन्छ । कोटघरमा प्राचिन समयमा प्रयोग भएका पुराना तरवार खुडा लगाएतका वस्तुहरुको अवलोकन गर्ने अवर प्राप्त हुन्छ । दशैको फूलपातीमा यहाँ दशै विशेष मेला हुने गर्छ । त्यसै गरी यहाँ दुई प्रकारका मष्जिदहरु रहेका छन् । जसवाट मुस्लिम समुदायको चालचलन, संस्कार, संस्कृति वुझ्ने अवसर प्राप्त हुन्छ । यहाँ बौद्धविहारवाट बौद्धधर्म सम्वन्धी ध्यान, ज्ञान प्राप्त गर्न सकिन्छ । लखनपार्कवाट कालीगण्डकीको दृश्य हिमशिखरको दृश्य अवलोकन गरी आनन्दको अनुभुति गर्न सकिन्छ ।

४. आर्थिक क्रियाकलामपहरु

४.१. प्रमुख पेशा

जिविकोपार्जन र आम्दानी गर्ने हिसावले वडा नं. ४ का वासीहरले विभिन्न पेशा, व्यावसाय र सेवामा संलग्न छन् । यहाँको प्रमुख पेशाका रुपमा कृषि र पशुपालन नै हो । धेरैले निर्वाहमुखी कृषिमा संलग्न छन् । थोरै व्यवसायिक कृषि पनि गरेका छन् । व्यवसायिक कृषिका रुपमा तरकारी खेती, च्याउखेती, नगदेवाली उत्पादन आदि नगन्यमात्रामा हुने गरेको छ । व्यवसायिक पशुपालनको रुपमा भैसीपालन, बंगुरपालन, बाख्रापालन, मत्स्यपालन छिटफुटरुपमा हुने गरेको छ । व्यवसायिक तरकारी खेती र फूल खेतीको लागी यस क्षेत्रमा पहिचान वनाउन सफल दिलवहादुर थापा र लाल व. थापाको हाम्रो आधुनिक कृषि फर्म उदाहरणीय रहेको छ । यसले वार्षिक १५ लाखको तरकारी र ४ लाखको फूल विक्रि गर्ने गरेको छ । सेवाकारुपमा यहाँका वासिन्दाहरु शिक्षक, कर्मचारी, आर्मी, पुलिस, आदि विभिन्न तहकका स्वास्थ्यकर्मी, इन्जिनियर आदि पेशामा संलग्न छन् । केही मानिसहरु राजनीतिमा पनि संलग्न रहेका छन् भने केहि व्यापार, व्यवसाय, उद्योगधन्दा, कलकारखाना निर्माण व्यावसाय आदिमा पनि संलग्न छन् ।

४.२ स्थानीय उत्पादन

यस क्षेत्रमा अदुवा, वेसार, वोडा, गहत, पिंडालु आदि प्रशस्त मात्रामा उत्पादन हुने गरेको छ । यी वस्तुहरुको विक्री वितरणवाट वडावासीले राम्रो आम्दानी गर्ने गरेका छन् । सालको पातवाट टपरी वनाउने टपरी उद्योग संचालन गरिएको छ ।

४.३. बैंक तथा वित्तिय संस्थाहरु

यस वडा भित्र रहेका वित्तिय संस्थाहरु लक्ष्मी लघुवित्त, हातेमालो वचत तथा ऋण सहकारी, इन्फिनिटी लघुवित्त र स्वरोजगार लघुवित्त वित्तिय संस्थाहरु हुन् ।

५. विकासरका पुर्वाधारहरु

५.१. शिक्षा, स्वास्थ्य र सञ्चार

शिक्षा विकासको पहिलो आधार हो । शिक्षामा पहुँच र गुणस्तरीयता अभिवृद्धि गर्न यहाँका शैक्षिक संस्थाहरुलाई सवलीकरणका लागि यस वडामा वडाअध्यक्ष लगायत सम्पुर्ण जनप्रतिनिधिहरु शैक्षिक उत्प्रेरणा, शैक्षिक जागरण र सचेतनामुलक विद्यार्थी, शिक्षक र अभिभावक लक्षित कार्यक्रम संचालन गर्दै आउनुभएको छ । वर्तमान वडाअध्यक्ष राम वहादुर राना शिक्षाप्रेमी र शिक्षाको महत्व वढी वुझेको कारण होला रामपुर नगरपालिका वडा नं. ४ मा विविध शैक्षिक गतिविधिहरु संचालन हुँदै आएको छ । सीताराम मा.वि., लक्ष्मी प्रा.वि, रेवतीपोखरा प्रा.वि. र मदरसा नुरुहुलहुदा

अहलेसुन्नत प्रा.वि., मदरसा नुरुलहुदा मा.वि. यहाँका प्रमुख शैक्षिक संस्थाहरु हुन । गुणस्तरीय शिक्षा प्रवाहमा यी संस्थाहरु लागीपरेका छन् । यि शैक्षिक संस्थाहरुको वृद्धिविकासका लागि वडावाट हरेक कार्यमा रचनात्मक र सकारात्मक सहयोग उपलब्ध हुँदै आएको छ ।

विकासको आधारभूत पुर्वाधारमध्ये शिक्षापछि स्वास्थ्यलाई महत्वपूर्णरुपमा लिइन्छ । यहाँका वासिन्दाहरु शिक्षामा जस्तै स्वास्थ्यमा पनि उत्तिकै सचेत र संवेदनशील छन् । यस क्षेत्रमा गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहका लागि शहरी स्वास्थ्य ल्किनिक, आधारभुत स्वास्थ्य केन्द्र स्थावित छन् । यहाँका नागरिकहरुलाई आधारभुत स्वास्थ्य उपलब्ध गराउनमा यि उल्लेखित संस्थाहरुको महत्वपुर्ण योगदान रहेको छ ।

सञ्चारको दृष्टिले यस वडाका सवै भागमा मोवाइल, इन्टरनेट, टेलिभिजन सुविधा रहेको छ । सञ्चार सम्बन्धि घरघरमा इन्टरनेट, हात हातमा मोवाइल भन्ने राष्ट्रिय नारा साकार पार्न वडा नं. ४ पुर्णरुपमा सक्षम रहेको छ ।

५.२. विद्युत र खानेपानी

यस वडाको धेरै जसो स्थानमा विद्युत र खानेपानीको सुविधा पुगेको छ । स्वच्छ खानेपानीको पहुँच वडाका अधिकाशं भेगमा भएपनि गाउँ पोखरा टोलका वासिन्दा १ घण्टा हिडेर स्वच्छ खानेपानीका लागि सीताकुण्ड वा धरादीमा पुग्नुपर्ने बाध्यता रहेको छ ।

५.३. सडक र सिंचाइ

सवै स्थानमा पक्की सडक निर्माण हुन नसके पनि कच्ची सडक यस वडाका प्राय सबै स्थानमा पुगेको छ । कालीगण्डकी करिडोर वाहेक यहाँ पाँच किलोमिटर पक्की सडक निर्माण भएको छ । जमुने सडक मार्ग, सीताकुण्ड सडक मार्ग, गाउँपोखरा सडक मार्ग, देविस्थान सडक मार्ग र भिमसेन टोल सडक मार्गले यस वडा भित्र यातायात सुविधा पुऱ्याएका छन् ।

यस वडाका अधिकांश भागमा सिचाई सुविधा पुगेको छ । सिंचाइ सुविधा प्रर्याप्त रहेकाले यहाँ माथिल्लो वडवान, तल्लो वडमान, गलमाडी खेत, काँसजरी खेतले प्रशस्त मात्रामा उत्पादन दिदै आएका छन् । वडमान कुलो, गलाडी कुलो, काँसजरी कुलो यस स्थानका सिंचाइ सुविधा पुऱ्याउने महत्वपुर्ण कुलोहरु हुन् । यि वाहेक रामपुर फाँट सिंचाइ योजना (निस्दीखोलामा वाँध वाँधी नहर खनेर पानी ल्याएर रामपुर फाँट सिंचाइ सुविधा उपलब्ध गराइएको छ) ले यस स्थानमा भरपर्दो सिंचाइ सुविधा उपलब्ध गराएको छ ।

६. विपत र व्यवस्थापन

यस वडा समान्यतया प्राकृतिक प्रकोप (विपत) वाट सुरक्षित स्थान हो । वाढी, पहिरो, भुकम्प, जस्ता विपत वाट ठुलो क्षेति भएको इतिहास छैन् । वाढी र पहिरोवाट सडक, खेत, कुलोलाई सामन्य असर पुऱ्याए पनि ठुलो क्षतिको इतिहास छैन् । यस वडालाई शिववाट सुरक्षित स्थानको रुपमा वुझिन्छ तर एकचोटी २०८० साल चैत्रमा वनमा डडेलो लागेर समाङसिङ रेवतीपोखरा लगायत क्षेत्रमा मानवीय क्षेति नभए पनि केहि घरपालुवा पशुहरु मारिएका थिए । २०७२ सालको महाभुकम्पवाट गाउँपोखरा टोलमा सामान्य क्षेति भएको थियो ।

विपतवाट खासै ठुलो जोखिम नभए पनि यहाँका वासिन्दाहरु विपत र यसवाट हुने नोक्सानिका वारेमा संचेत र संम्वेदनशिल छन् । वाढी पहिरो, भुकम्प लगायतका विपतवाट हुने क्षति र क्षति न्युनिकरणका विषयमा समय समयमा वडा कार्यलयको समन्वयमा रामपुर इलाका प्रहरीकार्यलय वाट वडावासीहरुलाई सचेतनामुलक तालिम गोष्ठी, सेमिनारहरु संचालन गरिदै आएको छ । विपतलाई पुर्णरुपमा रोकथाम गर्न नसकिए पनि यसको क्षेति न्युनिकरण गर्न सकिन्छ भन्ने वारेमा वडावासीहरु संचेत छन् ।

रामपुर नगरपालिका, वडा नं. ५, रामपुर, पाल्पा

१. परिचय:

१.१: भौगोलिक अवस्था:-

पाल्पा जिल्ला रामपुर नगरपालिका ५ नं. वडा २७°५१'०" उत्तरी आक्षांश र ८३°५३'३८" पूर्वी देशान्तरमा अवस्थित छ। यस वडाको सबैभन्दा अग्लो स्थान राम्चे (समुद्र सतहवाट ६६२ मीटर) र सबैभन्दा होचो स्थान रामघाट कालिनदीको किनार समुद्र सतहवाट ३२२ मिटर रहेको छ। यो वड़ा धेरै जसो भू-भाग समथर र केही भाग (राम्चे र छत्तिउन डांडा क्षेत्र) पहाडी भू-भाग रहेको छ। यो वडा क्षेत्र रामपुर नगरपालिकाको केन्द्र विन्दु र शहरीकरण भएको क्षेत्र हो। यहा वस्ती धेरै र कम खेतीपातीको रुपमा जमिन प्रयोग भएको पाइन्छ। यस्को पूर्वमा गैरा तिनतले लामीस्वंरा पश्चिम शेराटुन वहखोला दक्षिण छत्तिउनडाँडा र उत्तरमा कालिगण्डकीले सिमाङकन गरेको छ। यहाँ वहखोला, भुलादी खोला, प्रमुख खोला हुन्। यहाँ राम्चेको भू-भाग उच्च स्थानमा रहेको समथर भू-भाग हो।

१.२ ऐतिहासिक तथा समसामयिक अवस्था:

रामपुर नगरपालिकाको यस क्षेत्र राङमाङ पञ्चायतबाट रामपुर गा.बि.स.हुदै रामपुर नगरपालिका बनेको हो। यो रामपुर गा.वि.स ३ र ४ वडा रामपुर न.पा.को ६ र ७ बाट ५ नं. वडा बनेको हो। यस क्षेत्रमा त्रेतायुगमा भगवान राम चौध वर्ष बन प्रस्थानको समयमा यस क्षेत्रमा आई विचरण गर्नुभएकोले यस क्षेत्रमा रामसंग सम्वन्धित रामघाट, कोइलाटारी, राममन्दिर, रामचुल्हो, (रामले भात पकाएको) राम्चेजस्ता स्थानहरु प्रख्यात छन्। यस वडामा मुखिया प्रथाको रुपमा (कृष्ण बहादुर दरै) जिम्मुवाल प्रथा (खिमानन्द गौतम) र राङभाङ पञ्चायत हुँदै रामपुर पञ्चायतमा प्रधानपञ्च टंकनाथ सिग्देल, दिवाकर शर्मा, भुपराज भट्टराई, गिरीराज वाशिष्ट र देवराज ढकाल र गा.वि.स.भइसकेपछि रामप्रसाद भट्टराई र तिर्थ प्रसाद पंगेनी र नगरपालिका भई सकेपछि नगर प्रमुखको रुपमा दुई कार्यकाल रमण बहादुर थापा रहनुभएको छ।

यस क्षेत्रमा कालिनदी तटमा रामघाटमा रामनवमी मेला (काली नदी र सेती नदी यो जल मिश्रण भएकोले यो पवित्र तिर्थस्थल भएको कुरा स्कन्द पुराण हिमवत खण्डमा उल्लेख भएको पाइन्छ। यसका अन्य ऐतिहासिक स्थलहरुमा रामले भात खाएको क्षेत्र, राम (रामचुलो) राङभाङ कोइला खसालेको ठाउ (कोइलाटारी) जस्ता ठाउहरु प्रख्यात छन्। यस क्षेत्रको पौराणिक तथा धार्मिक स्थलको रुपमा रामघाटलाई चिनिन्छ। जसको ऐतिहासिक कोइलाटारीमा उत्खनन गर्दा कोइला जस्तै कालो वस्तु भेटीएको कुरा स्थानीय वताँछन्।

रामघाट (पौराणिक तिर्थस्थल रामघाट धाम) को परिचय

पाल्पा जिल्ला रामपुर न.पा वडा नं ५ को गण्डकी किनारमा अवस्थित रामघाटधाम ताम्रपत्र र सनत अनुसार वि.स १८८९ सालमा तुलसीराम रेग्मीले स्थापना गर्नु भएको थियो। निजलाई सपनामा प्रत्यक्ष रामचन्द्र भगवानले दर्शन दिइ रामघाटमा लक्ष्मीनारायण भगवानको मन्दिर स्थापना गर भनि भनेको हुनाले उहाँले आफ्ना विर्ता भाइहरुको विर्ता र घिमिरे गोतामे सँग जग्गा किनी स्थापना गर्नु भएको रहेछ। रामघाटमा उहाँले १८८९ सालमा मन्दिर र मानिसहरु जलासर लैजादा राख्ने एउटा सत्तल बनाउनु भएको रहेछ। त्यहि ठाँउ पछि योगी नरहरीनाथले वि.स २०४४ साल असार ४ गतेदेखि २७ गते सम्म कोटीहोम पनि सञ्चालन गर्नु भएको थियो।

पौराणिक कथा अनुसार रामघाटमा त्रेता युगमा भगवान राम वनवास आउदा यहि स्नान गरि वस्नु भएको थियो। स्कन्दपुराणको हिमवत खण्डको ४७,८४८ स्लोकमा राम सदा रामपुर वस्नु हुन्छ भनि लेखेको छ। स्कन्दपुराणको हिमवत

खण्डको ३९,४०,४४ स्लोकमा रामघाटमा तिरखा नक्षत्र पर्दा शिव र रामको भेट हुन्छ। रामनवमीमा रामघाटमा शुक्ला गण्डकीको जल आउछ जुन जलमा स्नान गर्नाले दुवै नदिमा स्नान गरेको फल मिल्छ भनेको छ। मेघदुत माहाकाव्यमा जनकको छोरी सीताले स्नान गरेको पवित्र घाट भनेर भनिएको छ। गण्डकी आदालेमा सूर्य वंश (रामचन्द्र भगवानको वंश) कुलका कुल गुरु यशिएन्त ठूलो तपस्या गरेर वस्नु भएको थियो भनेर भनिएको छ। यसरी अरु पुराणमा पनि रामघाटको वारेमा उल्लेख भएको छ।

रामघाट धामको पौराणिक महत्वलाई मध्यनजर गर्दै स्थापना काल देखि हालसम्म लक्ष्मीनारायण गुठीले आफ्नो गुठीको कुतबाट मन्दिर सञ्चालन गर्दै आइरहेको छ। खास गरेर रामघाटमा रामनवमी, कुष्णाष्टमी, शिवरात्री र नयाँ वर्षमा विशेष पुजा गरिने परम्परा छ। यि पर्वहरु मध्ये रामनवमीमा दिनभर पुजा पाठ, भजन किर्तन र रामघाट देखि लक्ष्मीनारायणको भुमि,सहित रामसँग जोडिएका ठाउहरु कोइलाटारी रामकृष्ण, राम्चेवन, रामचुलो र वशिष्ठ गुफा सम्म कलश यात्रा गर्ने र कृष्णाष्टमीमा रामघाटको जल राममन्दिरमा चढाउने परम्परा छ। नयाँ वर्षमा नवग्रह कटाउने स्नान गर्ने भजनकिर्तन गर्ने परम्परा रहेको छ। अन्य बेला दैनिक पुजा आजा भइ नै रहन्छ

हाल लक्ष्मीनारायण गुठीले वि.स २०४९ सालदेखि गुठीको विधान बनाई गुठी सञ्चालन गर्दै आइरहेको छ भने २०७५ साल गुठीलाई समुदायले साझा सम्पत्तिको रुपमा सञ्चालन गर्न रेग्मी परिवार वाहेक अन्य विधान अनुसार समितिमा सहभागी वनाई काम गर्दै आइरहेको र वि.स२०७४ सालमा करीव ८४ रोपनी जग्गा गुरुयोजना बनाइ काम गरी रहेको छ। हाल रामघाटमा बीस किसिमका धार्मिक वृक्षहरु शिवजीको मूर्ति हनुमान, शुक्रियको मुर्ति, शालिकराम स्तम्भ, पार्क, जेष्ठ नागरिक दिवा मिलन केन्द्र, जेष्ठ नागरिक स्कुल धर्म शाला भोजनालय आदि सञ्चालन हुदैं आइरहेका छन्। भने यस्तो पवित्र तिर्थ स्थलको पूननिर्माणमा उक्त संस्थाका अध्यक्ष बुद्धिप्रकाश रेग्मीको अतुलनीय योगदान रहेको छ। रामपुर नगरपालिका, लुम्बिनी प्रदेश सरकार र संघिय सरकारको समेत योगदान रहेको छ।

समसामयिक अवस्था:

यस वडा रामपुर नगरपालिकाको केन्द्र पनि हो। यहाँ धेरै कार्यालय, वित्तिय संघ संस्थाहरु, विद्यालयहरु, अस्पताल आदि छन भने स्थानिय सरकारको रुपमा जननिर्वाचित प्रतिनिधिहरु द्धारा यसक्षेत्रको विकासमा सधै टेवा पुऱ्याइ रहनु भएको छ। जुन जनप्रतिनिधि निम्नानुसार रहनु भएको छ :

रामपुर नगरपालिका भई सकेपछिका जनप्रतिनिधी यस प्रकार रहनुभएको छ।

२०७४ मा निर्वाचित	**२०७९ मा निर्वाचित**		
५ नं. वडा अध्यक्ष क्या. हिमाल मल्ल	अध्यक्ष	:	दुर्गा प्रसाद पोख्रेल
५ नं. वडा सदस्य काशिनाथ रेग्मी	सदस्य	:	युवराज शाही
५ नं. वडा सदस्य विष्णु प्रसाद वस्याल	सदस्य	:	नरेन्द्र कुमार जर्घा
५ नं. वडा, कार्यपालिका सदस्य सावित्रा गौतम	सदस्य	:	इश्वरी कुमारी काफ्ले
५ नं. वडा सदस्य माया देवि नेपाली	सदस्य	:	कार्यपालिका सदस्यः माया देवि नेपाली
	सदस्य	:	कार्यपालिका सदस्यः गोपाल कुमाल

एकाइ : २
समाज र संस्कृति

२.१ प्रमुख वस्तीहरुः

रामपुर नगरपालिका वडा नं. ५ मा रहेका प्रमुख वस्तीहरु निम्नानुसार रहेका छनः गौडान, कोइलाटारी वचाइनी, स्यालपानी, सानीआमराइ, कठान राङभाङ, रानाटोल, हुलाकटोल, पानीवाडा, वाँझवारी, गैरा, वहरखोला, छतिउनडांडा रामचे, वाङ्गे घडेरी, चिसापानी, दध्रान, दरैंगाउ, बाङगेपसल, ठूलोटार लस्करे, गौंकटुवा, मटेरी, कान्जिहाउस, दुङ्गेवारी, सर्केटारी र वेझाड बजार क्षेत्र रहेको छ।

२.२ जाति संकार र सस्कृतिः

यस क्षेत्रमा ब्राह्मण, क्षेत्री, ठकुरी, नेवार मगर, परियार, वि.क नेपाली बोटे कुमाल, दरै। थारु, चौधरी राई लगायत अन्य जातजातीको बसोवास रहेको छ। केहि मुस्लिम समुदाय पनि रहेको छ। गुरुङ, दरै, माझी, आदि अल्पसङख्यक हुन्।

यहाँ ब्राह्मण जातीकोः भजन, चुड्का, बालननाच प्रख्यात छ, त्यसैगरी नेवार जातीको, धिमेनाच, लाखेनाच र विभिन्न जात्राहरु देखाउने गरिन्छ। मगर जातीको सोरठी झ्याउरे आदी कला संस्कृति रहेको छ। आआफ्नो जातिय परम्परा अनुसार, जन्म मृत्यू संस्कार रहेको छ। यहाँ सबै जातजाती समान सँस्कार संस्कृती रहेको समेत पाइन्छ।

यस क्षेत्रमा रामनवमी मा रामघाट र सिताकण्डको रामसिता विवाह उत्सवको रुपमा मनाउदै आइएको छ। यस क्षेत्र विशेष गरेर रामनवमीमा विशेष मेला लाग्दछ। नेवार जातीको लाखेनाच निकै प्रख्यात रहेको छ। मुस्लिम र बौद्ध धर्मसंग सम्बन्धित केही संस्कारको पनि शुरुवात हुन थालेको छ। मगर दिवसको अवसरमा झ्याउरे, कौरा, मारुनी ठूलोनाच आदि देखाएर आफ्नो कला संस्कृतिको जगेर्ना गरेको देखिन्छ।

यहाँ विशेष गरेर नेवार परम्पराको जनैपूर्णिमा देखि तिज पछिको लाखे सेलाउने पूर्णिमा सम्म लाखेनाच, गाइजात्रा, रोपाइजात्रा आदि जात्रा देखाउने चलन छ। कुनै व्यक्ति मृत्यु भएको वर्ष गाईजात्राको दिनमा त्यहाँबाट निजको सम्झनामा फोटो सहित जात्रा निकाल्ने चलन छ। जसलाई गाईजात्रा भनिन्छ। छोरीहरु पहिलो रजस्वला नहुँदै ३ दिन चोखो वसी वेलसँग विवाह गराइन्छ भने वेलविवाह पछि १२ दिन सुर्य र लोग्ने मान्छेको मुख नदेख्ने गरी ओवा राख्ने चलन छ। त्यो सुर्य सँगको विवाह हो। धान रोप्ने परम्परालाई वचाइ राख्न रोपाइ जात्रा मनाउने चलन छ। नेवारहरुको आफ्नै नेवारी पोशाक (हाकु पटासी) लगाउने चलन छ। नेवारको आफ्नै भाषा र संस्कृति रहेको छ।

रामपुरमा लोपोन्मुख दरै जातीको वस्ती रहेको छ।

नेपाल एक बहुजातिय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक लोकतान्त्रिक र गणतान्त्रिक मुलुक हो। नेपालमा झण्डै १२५ जातजाति र १२९ भाषाभाषीको बसोवास रहेको छ। यहाँ रहेका ५९ आदिवासी जनजाति मध्य दरै जाति पनि एक हुन। आफ्नै मौलिक भाषा, भेषभुषा, संस्कार र संस्कृति रहेको यस जातिको नेपाल आदिवासी जनजाति महासंघ सन २००४ ले यस जातिलाई सिमान्तकृत वर्ग भित्र राखेको छ। परापूर्व कालदेखि नै नेपालको विभिन्न पहाडका बेसी, खोलाका किनार र तराईका फाँटहरुमा यस जातिको बसोवास रहदै आएको पाइन्छ।

दरैजातिको उत्पत्ति र इतिहासका बारेमा कुनै लेख्य अभिलेख पाइदैन तर मानवशास्त्री डोर बहादुर विष्टले पिपुल अफ नेपाल मा उल्लेख गरेअनुसार दरै माझी र दनुवार हजारौ वर्षदेखि नेपालमा बसोवास गर्दै आएको पाइन्छ। (विष्ट १९६७.१२९) यसैगरी डा. राजेश गौतम र अशोक कुमार थापा मगरले ट्राइवल इथ्नोग्राफी नामक पुस्तकमा उल्लेख गरे अनुसार राजा पृथ्वी नारायण शाहले वि.सं १८२७ मा सिद्ध भगवन्तनाथलाइ प्रदान गरेको लाल मोहरमा दरोइ उल्लेख गरेको पाइन्छ। यो जातिको विभिन्न नामहरु जस्तै दरवइ, दरोइ, दरइ आदिले चिनिएता पनि हाल आएर दरै र दराइ नामले चिनिन्छ। यसरी विभिन्न अध्ययन, अनुसन्धान र यस समाजका अगुवा बुढापाकाहरुको अनुसार तनहुँ जिल्ला लाई नै

पुख्यौंली थाक थलोको रुपमा मानेको पाइन्छ। बसाइँसराइको क्रममा अन्य जिल्लामा फैलिएको देखिन्छ। नेपालको तनहुँ, चितवन, नवलपरासी, पाल्पा, गोरखा, रुपन्देही, मकवानपुर, बारा, पर्सा, बर्दिया लगायत झण्डै १६ जिल्लामा दरै जातिहरुको बसोवास रहेको पाईन्छ। २०७८ सालको जनगणना अनुसार दरैजातिहरुको अधिराज्यभरी कूल जनसंख्या १८६९५ रहेको पाइन्छ।

पाल्पा जिल्लालाई दरैजातिको ऐतिहासिक जिल्लाको रुपमा लिईन्छ। पाल्पा जिल्लाको रामपुर नगरपालिका को बडा नं ५ मा मात्र दरै जातिहरुको बसोवास रहेको छ। यहाँका अग्रज र बुढापाकाहरुका अनुसार पाल्पाकै बगनास गा.पा को सराइ नगिचै कोकल भन्ने ठाउँबाट बसाईं सरी रामपुर आएको भन्ने छ। कहिले आएको एकिन समय नभएपनि हालका दरैहरु ७ औं पुस्तामा आइपुग्नुले पनि यिनीहरु यहाँका पुराना बासी हुन भन्ने प्रमाणित हुन्छ। २००७ साल अगाडि मुखिया प्रथा हुदा यस ठाउँको मुखिया कृष्ण बहादुर दरै थिए। अहिलेको राममन्दिर रामचुलो परिसरको जग्गा उनले नै दान दिएर बनेको हो। बटुवाकालागि बास बस्न बनाएको दरैठाँटी हालको दरैठाँटी उच्च मा.वि हो। दरैमौला गुठीका गुठीयारहरु दरै नै हुनु, यस क्षेत्रको मुख्य स्थानहरुमा दरैकै बस्ती रहनुले पनि दरैहरु यहाँका पुराना रैथाने आदिवासी हुन भनेर नकार्न मिल्दैन। सात पुस्ता अगाडि एउटै घर र दाजुभाईबाट आज आएर झण्डै २८ घरधुरीमा फैलिएको छ भने १८० कूल जनसंख्या रहेको छ।

नेवारी संस्कृति : परम्परा र पहिचान

नेपालको समृद्ध सांस्कृतिक विरासतमा नेवारी संस्कृति विशेष स्थानमा रहेको छ। यहाँका नेवार समुदायले आफ्नो पुरानो परम्परा, भाषा, कला र संस्कारलाई पुस्तौंदेखि जोगाउँदै आएका छन्।

हिन्दू धर्ममा आस्था राख्ने नेवारहरुले जीवनका प्रत्येक चरणमा विशेष संस्कार पालना गर्छन - जन्मदेखि अन्नप्राशन, चुडाकर्म, केटीहरूको ईहि (बेलविवाह) र बराह (गुफा बस्ने संस्कार) हुँदै वास्तविक विवाह, बुढ्यौली सम्म। नेवारी संस्कृति रिवाज, भोजन, पोशक, पूजाआजा, जात्रा र विवह संस्कारका कारण नेपालको सांस्कृतिक पहिचानमा महत्वपूर्ण योगदान पुऱ्याउँछ।

१. **नेवारी परम्परागत पोशाक:**

नेवार समुदायको पहिचान झल्काउने एउटा महत्वपूर्ण तत्व पोशाक हो।

- **महिलाको पोशाक** : हाकुपा सया (कालो साडी रातो किनार सहित) र पातुका (कमरमा बाँधिने कपडा) प्रचलित छ। ब्लाउज वा चोली र विभिन्न गहना जस्तै तिलहरी, माला, अदि पहिरिन्छन्।
- **पुरुषको पोशाक** : सुरुवाल, दौरा सुरुवाल, टोपी र वाः सया (लामो कोटजस्तो) प्रमुख पोशाक हो।
- विशेष पर्व वा विवाहमा सुन-चाँदीका गहना, विशेष डिजाइनका टोपी, र सिंगारसहितको पोशाक प्रयोग गरिन्छ।

२. **चुडाकर्म (Bratabandha)**

नेवारी केटाहरूमा बाल्यकालमा गरिने यो संस्कारलाई का. या हायेगु पनि भनिन्छ। साधारणतया ५-७ वर्षको उमेरमा गरिन्छ। यस दिन बालकको टाउकोको कपाल पहिलोपटक काट्ने नयाँ लुगा लगाईदिने र आशीर्वाद दिने चलन छ।

३. **ईहि/बेल विवाह संस्कार**

नेवार समुदायमा छोरीहरुको जीवनमा एउटा विशेष संस्कार बेलविवाह हो।

- यो संस्कारमा अविवाहित केटीलाई बेल सँग विवाह गराइन्छ।
- वेललाई भगवान विष्णुको प्रतीक मानिन्छ, जसले केटीको वैवाहिक जीवनमा शुभता ल्याउने विश्वास गरिन्छ।
- बेलविवाहले गर्दा समाजमा पुनर्विवाह गर्दा विधवा बन्ने अवधारणा लागू हुदैन।
- यो कार्यक्रममा नाचगान, भोज र आफन्तको उपस्थितिलाई विशेष महत्व दिइन्छ।

४) **बराह चुयेग**

- केटीको दोश्रो पूर्वविवाह संस्कार, जन पयतालिक (यौवन) मा पर्नु अघि गरिन्छ; सूर्य देवसित प्रतीकात्मक विवाह र १५ दिन एकान्तवास गरेर सम्पन्न हुन्छ।

५) **तेस्रो वास्तविक विवाह**

- तेस्रो र वास्तविक विवाह हुन्छ, जहाँ पारस्परिक पोशाक, पूजा, भोज र सामाजिक कार्यक्रमहरु गरिन्छ।

६) **जात्रा र पर्वहरू**

नेवारी संस्कृति जात्रा र पर्वमा अत्यन्त धनी छ।

- **गाईजात्रा**: दिवंगत आत्माको स्मृतिमा नाचगान, व्यंग्य र सजावटसहितको यात्रा।
- **लाखे जात्रा**: मुखुण्डो लगाएर डराउने तर मनोरञ्जन दिले नाच, दुष्ट शक्तिको प्रतिक र त्यसको पराजयको संकेत।
- **रोपाई जात्रा**: असारको समयमा रोपाइँसँगै रमाइलो, गीतगान र माटो खेल्ने परम्परा।

यस्ता जात्रामा बाजागाजा, मुखुण्डो, सामूहिक सहभागिता र धार्मिक अनुष्ठानको गहिरो मिश्रण पाइन्छ।

७) **नेवारी खानपान**

नेवारी खाना स्वाद, पोषण र विविधताका कारण प्रसिद्ध छ।

मुख्य परिकारहरुः

- **योमरी**: चामलको पीठोबाट बनेको बाहिरी आवरण र चालु वा खोवा भरिएको मिठाई।
- **चटामरी**: चामलको पातलो रोटीमाथि मासु, अण्डा वा तरकारी राखेर पकाइने परिकार।
- **सुरखुती**: सुकाइएको मासु, मसला हालेर खाने।
- **अइला**: घरमै बनाइने परम्परागत रक्सी।

विवाहा, जात्रा र पूजाआजामा दर्जनौं प्रकारका परिकार रारिखन्छन्, जसलाई भ्वय भनिन्छ।

८) **पूजाआजा र धार्मिक विश्वास**

- नेवार समुदाय हिन्दु र बौद्ध दुबै धर्ममा आस्था राख्छ।
- घरघरमा द्योः छें (देवकोण) मा दैनिक पूजा गर्ने परम्परा छ।
- विभिन्न देवदेवीको मन्दिरमा बली, दीप, धूप र भजन सहितको पूजा गरिन्छ।
- माघ, असोज र विशेष तिथिहरुमा सामूहिक पूजा गर्ने चलन छ।

नेवारी संस्कृति नेपालकै ऐतिहासिक र सांस्कृतिक सम्पदाको महत्वपूर्ण हिस्स हो। पोशक, खानपान, जात्रा, विवाह र पूजाआजाले यसको विशिष्ट पहिचान बनाएको छ। समयसँगै केही परम्परा परिवर्तन भए पनि यसको मौलिकता अझै कायम छ। जुन नेपाली समाजको विविधता र सौन्दर्यको प्रतीक हो।

२.३. संघ सस्थाहरु

यस ५ नं. वडा भित्र युवा क्लवहरुः रामपुर युवा क्लव, भम्वक युवा क्लव, मटेरी युवा क्लव लगायत आमा समुहहरू गठन भएका छन्। यस क्षेत्रमा रामपुर अस्पताल, आयुर्वेद अस्पताल, ३ वटा सरकारी र २ वटा निजि विद्यालयहरु रहेका छन्। नेपाल टेलिकमको अफिस मटेरीमा रहेको छ भने रामपुर साना सहरी खानेपानीको अफिस र रामपुर नगरपालिकाको प्रमुख प्रशासकिय भवन पनि रहेको छ। यसका साथै नापी, कार्यालय, मालपोत कार्यालय, इलाका प्रहरी कार्यालय र इलाका प्रशासन कार्यालय रहेको छ। इलाका वन कार्यालय, विभिन्न वित्तिय संघ संस्था समेत रहेका छन्। यसका साथै विभिन्न आमा समुहहरु र टोल विकास संस्था समेत रहेका छन्। नेपाली सेनाको वेस क्चाम्प, रामपुर उद्योग वाणिज्य संघ, नेवारी सङग्रहालय आदि संघ संस्था रहेका छन्। रामपुर फाट सिजाई अफिस कालि गण्डकी सार्वजनिक पुस्तकालय आदि।

एकाइ : ३
वन वातावरण र पर्यटन

३.१. सामुदायिक वन र वन पैदावर :

यस वडा क्षेत्रभित्र राम्चे सामुदायिक वन, रामघाट सालबोटे सामुदायिक वन सानी अमराई सामुदायिक वन रहेका छन्। यी मध्ये राम्चे सामुदायिक वनले वन संरक्षण गरे बापत राष्ट्रिय पुरस्कार समेत प्राप्त गरेको छ। यस वनले वन्यजन्तु वन पैदावरको संरक्षणका साथै आन्तरीक पर्यटनलाई समेत बढाइ आन्तरीक आन्दानी बढाएको छ। यस क्षेत्रमा वन पैदावार दाउरा, फर्निचर जडीबुटी वातावरण संरक्षण वन्यजन्तुको आश्रय स्थल तथा दैनिक प्रयोग हुने घास दाउरा आपूर्ति गरेको छ।

क) वन पैदावरको रुपमाः साल, सिसौ चिलाउने प्रगोग हुन्छ।
ख) भाँडा बनाउनः कटहर टुनी, चाँप र मदाने प्रयोग हुन्छ।
ग) औजार बनाउने : चिलाउनी र साल प्रयोग हुन्छ।
घ) धार्मिक वनस्पतिः वर, पिपल, स्वामी, डुम्री, आँक, पाकरी।
ङ) जडीबुटीको रुपमाः आंक, दुबो, दङगेउलो, निम, सर्पगन्ध, घोलताप्रे भलाय, असुरो, आकाशवेली, चिनीलहरो, गुजरगानो, कुरीलो, कुश फलेदो डुम्री पाकरी जस्ता वनस्पतीहरु पाइन्छ र उपयोग पनि हुदै आइरहेक छन्।
च) फलफूल जन्य वनस्पतिहरुः आँप, कटहर, लिचि, फडियार, केरा, वेलौती, वेल, क्यामुनो, जामुनो आदि।

३.२. वन्यजन्तु :

यस क्षेत्रमा पाइने पशुपन्छीः ढुकुर, तित्रा, भगेरा, डाग्रे, गौथली धोविनी, चिवे, चिल, गिद्ध, वन कुखुरा, कालिज, काग, चमेरो लाटो कोशेरो, लोखर्के आदि।

यस क्षेत्रमा पाइने वन्यजन्तुः स्याल, नियाले वाघ, मलसाप्रो, वाँदर मृग आदी पाइन्छ।

३.३. प्रमुख पर्यटकिय क्षेत्रः

यस वडा क्षेत्रभित्र पर्ने प्रमुख पर्यटकिय क्षेत्रहरु रामघाट, राम मन्दिर कान्जीहाउस, मटेरी ठूलोटार, भ्यू टावर, फन पार्क, कोइलीटारी, राम्चे सानी अम्राई वेभ्राड बजार क्षेत्र, वहखोला क्षेत्र आदी पर्दछन्। यस अलवा विभिन्न मठ मन्दिरहरु रहेका छन्। व्यवसायिक रुपमा खोलिएका फन पार्क आदि छन्। राम भगवानसँग नाम जोडिएका क्षेत्र रामनवमीमा विशेष मेला लाग्दछ। वेभ्राडको शिवालय मन्दिर, मटेरीको राधाकृष्ण मन्दिर, राममन्दिर, सैनिक इलाका रमणेश्वर मन्दिर, रामपुर सामुदायिक रेडियो, पाल्पा एफ.एम रेडियो आदि छन्। कान्जिहाउस पहिला पहिला छाडा चौपायलाई खेतीपाती नष्ट गर्न नदिने र नियन्त्रण गर्ने उद्देश्यले पशु चौपाय थुन्ने काठको खोर जुन हाल रामपुर आधारभूत विद्यालय भएको ठाउँमा थियो।

एकाइ : ४
आर्थिक क्रियाकलाप

४.१. प्रमुख पेशा

यस वडा क्षेत्रभित्र उद्योग, व्यापार, वैदेशिक रोजगारी, आन्तरीक रोजगारी, शिक्षण सेवा, निजामति सेवा, स्वास्थ्य सेवा, वित्तिय संघ संस्थाका कर्मचारी, होटल व्यवसाय, फुटसल, स्केटिङ, फनपार्क सञ्चालन, कृषि जन्य उत्पादन र वितरण, फलफुल तथा तरकारी खेती पशुपालन कुखुरा पालन आदि प्रमुख पेशाहरु हुन् । यसका साथै निजि पसल पेट्रोल पम्प, होटल, क्रसर, सवारी साधन सररफाइ आदि क्षेत्रका रोजगारी रहेका छन् । ग्रील उद्योग फर्निचर उद्योग प्लम्विङ्ग उद्योगले रोजगारी प्रदान गरेको छ ।

४.२. स्थानिय उत्पादन :

यस क्षेत्रमा कृषि र कृषिजन्य उत्पादन जस्तै धान, गहुँ, मकै, आलु, तोरी आदि मासुजन्य उत्पादन : वाख्रापालन, कुखुरा पालन, वङ्गुर पालन, पाडापालन आदि हुन् ।

उद्योग जन्य उत्पादन : फर्निचर भ्यूाल, ढोका, कुर्ची टेवल, घरेलु उत्पादन दुना, टपरी, स्वेटर, टोपी, ढाका, सिलाइबुनाइ बुटिक, हस्तकलाका सामाग्रीहरु सेवा जन्य, होटल व्यावसाय, व्यापार व्यावसाय, औषधी व्यवसाय यातायात व्यवसाय, कृषि औजार उत्पादन आदी रहेका छन । यहाका प्रमुख परिकारमा सिरम्ला, खट्टे सातु, मस्यौरो, तितौरा, अनरसा, चाम्रे, सेलरोटी, खीर, खिचडी, सिखर्नी, चुकाउनी, अर्सारोटी, दालभात, नेवारी खाना, (क्वाटी) वारा(वटुक) आदि परिकार प्रख्यात छन् । यस क्षेत्रमा नेवारी साना सेट र मगरी खाना प्रख्यात रहेको छ । आँप पकाएर गुरुङ भाडा, साग कुटेर गुन्द्रुक, आदि परिकार पनि प्रख्यात छन् ।

४.३. वैक तथा वित्तिय संस्थाहरु

यस वडाक्षेत्र रामपुर नगरपालिकाको सदरमुकाम र व्यापारी केन्द्र रहेकाले यहा विभिन्न बैंक तथा वित्तिय संस्थाहरु रहेका छन् । वैकहरुमा राष्ट्रिय वाणिज्य बैंक, कृषि विकास बैक, गरिमा विकास बैक, ग्लोवल आइएमइ, लक्ष्मी वैक, कामना सेवा विकास बैक, मुक्तिनाथ तथा एस.वि.आइ. र मेघा वैक रहेका छन् । अन्धकार मुक्ति सहकारी शाखा, रामपुर वचत सहकारी, सरक्षा वचत सहकारी लगायत अन्य सहकारीहरु छन् । यहाँका विभिन्न लघुवित्त कार्यालय कालिका लघुवित्त नेस्डो लघुवित्त तथा विमा कम्पनी मा नेपाल लाइफ इन्सोरेन्स, सनलाइफ इन्सोरेन्स, सूर्यलाइफ इन्सोरेन्स, प्राइम लाइफ इन्सोरेन्स आदि रहेका छन् । अन्य ननलाइफ इन्सोरेन्स कम्पनीहरुले पनि यहाँ सेवा प्रदान गरिरहेका छन् ।

एकाइ : ५
विकासका पूर्वाधारहरू:

५.१ सडक :

यस वडा क्षेत्र रामपुर नगरपालिकाको विकासको दृष्टिकोणले निकै सुगम मानिन्छ। यसक्षेत्रमा कालिगण्डली करिडोरले यहाको मुहार फेरेको छ। यहा हरेक वस्तीमा पक्की सडक पुगेको छ। नमुना मोटरबाटो लम्बाइ १.५ कि.मी ले रामपुर मुहार फेरेको छ। सिताराम मार्ग वेभ्राड- रामघाट सम्म ३ कि.मी ले धार्मिक पर्यटनलाई सहयोग पुगेको छ। वरुणेश्वर मार्ग २ कि.मी धार्मिक पर्यटन विकासमा जोड दिन्छ। वेभाँड किसानवारी सडक २ कि.मी जसले व्यापार प्रर्वद्धनमा जोडेको छ। सिमलिघारी बस पार्कदेखि बहखोला २ कि.मी रामपुरको प्रवेश मार्ग रुपमा चिनिन्छ। सिमलिघारी वसपार्क हुँदै शहिद पार्क प्रहरी चौकी सम्म ३ कि.मी रहेको छ। वेभ्राड बजार क्षेत्र, बाङ्गेपसल, भुल्लेवारी हुदै ठूलोटार, बेभ्राड देखि ढिके आप हुँदै कान्जिहाउस सडक, वाङ्गेपसल गोदाम चौतारी हुदै ठूलोटार सडक, ठूलोटार लस्करे गौडान रामघाट सडक, वेभ्राड, रामतुलसी मा.वि हुदै राम्चे तिनतले चौतारी मार्ग, राङभाङ प्रतिक्षालय देखि बहखोला मार्ग (उन्नती पथ) आदी प्रमुख मार्गहरु रहेका छन्। जसले यहाका हरेक वस्ती पक्की सडक प्रयोग गरि वेभ्राड वजारसम्म जोडिएका छन। जस्ले यो वडा क्षेत्र सडक सञ्जाल ले जोडिएको छ। त्यसैले सडक यातायातले गदो यहां वस्ति विकास भई शहर उन्मुख वडा बनेको छ।

५.२ शिक्षा स्वास्थ्य र सञ्चार

शिक्षा:

यस वडा क्षेत्रमा सामुदायिक विद्यालय तर्फ रामतुलसी माध्यमिक विद्यालय, रामपुर आधारभुत विद्यालय र बालकल्याण प्राथमिक विद्यालय छन भने संस्थागत तर्फ रामपुर अंग्रेजी आवासिय मा.वि. र भु.पु. सैनिक राइजिङ इङलिस माध्यमिक विद्यालय छन्। यी विद्यालयहरु बलविकास देखि कक्षा १२ सम्म पढाइ हुन्छ भने रामतुलसी माध्यमिक विद्यालय प्राविधिक विषय विज्ञान र कृषि वालि विज्ञान समेत पढाइ हुन्छ। त्यसकारण यस वडावासी सबै शिक्षाको पहुँचमा छन्। जुन यस प्रकार छन् :

यस वडा भित्र रहेका शैक्षिक संस्थाहरु

- **रामतुली मा.वि:** कक्षा नर्सरी देखि कक्षा १२ सम्म नेपाली र अङ्ग्रेजी दुवै माध्यममा पढाइ हुन्छ। कक्षा ११/१२ मा शिक्षा, व्यवस्थापन, विज्ञान, होटल मेनेजमेन्ट, कृषि वाली विज्ञान तथा मेन्शेवरी कक्षा समेत सञ्चालनमा छ।
- **रामपुर अंग्रजी मा.वि:** कक्षा नर्सरी देखि कक्षा १२ सम्म मन्टेश्वरी कक्षा र कक्षा ११/१२ मा व्यवस्थापन संकाय सञ्चालनमा रहेको छ।
- **भु.पु सैनिक राइजिङ्ग वोडिङ्ग स्कुल:** नर्सरी देखि कक्षा १२ सम्म मन्टेश्वरी कक्षा र कक्षा ११/१२ मा व्यवस्थापन संकाय सञ्चालनमा छ।
- **रामपुर आधारभूत विद्यलाय:** कक्षा नर्सरी देखि कक्षा ८ सम्म अंग्रजी माध्यममा पढाइ हुन्छ।
- **बालकल्याण प्रा.वि:** कक्षा नर्सरी देखि कक्षा ५ सम्म अंग्रेजी माध्यममा पढाइ हुन्छ।
- **स्माल किड्स मन्टेश्वरी:** मन्टेश्वरी कक्षा सञ्चालनमा छन्।

यसका साथै निजी ट्युसन कोचिङ्ग सेन्टरहरु समेत रहेका छन्।

स्वास्थ्य तर्फ:

५० वेड भएको सुविधा सम्पन्न रामपुर अस्पताल र आयुर्वेद अस्पतालले एलोपेथिक र प्राकृतिक चिकित्सा सेवा दिदै आइरहेको छ। स्वास्थ्य सेवाको दिने निजि अस्पताल मेट्रोसिटि, होराइजन डेन्टल अस्पताल, अक्कुपन्चर सेवा तथा विभिन्न निजि मेडिकलहल र औषधी पसलहरुले सेवा दिइरहेका छन्।

सञ्चार तर्फ

यस वडामा नेपाल टेलिकम, एनसेल, इन्टरनेट सेवा प्रदायक संस्थाले सेवा प्रदान गरिरहेका छन्। जसका कारण इन्टरनेट र टेलिफोन सेवा सबै वडावासीले प्राप्त गरेका छन्। टेलिभिजनको रुपमा रहेको पृथ्वी टेलिभिजनले सेवा दिइरहेको छ भने सामुदायिक रेडियो रामपुर र पाल्पा एफ एम. सञ्चालनमा छन। अनलाइन तर्फ कटुवाल खवर वोलीखबर सवल न्यूज, आदी सञ्चालनमा छन्। गोरखापत्र सम्वाददाता, कान्तिपुर सम्वाददाता, एभिन्यूज टिभि., रा.स.स सम्वाददाता मार्फत यस क्षेत्रको सूचनामा पहुँच पुगेको देखिन्छ।

५.३. विद्युत र खानेपानी

यस वडाका सबै घर धुरीमा बुटवल पावर कम्पनीद्वारा वितरित विद्युतसेवा पुगेको देखिन्छ भने रामपुर साना शहरी खानेपानी तथा भुमीगत पानी, पुराना धारा पधेरावाट पानी आपूर्ति हुन्छ। शान्ति कुवा रामकुवा, भुलादी धारा सुतेधारा, लस्करेका पानीका मूलवाट खानेपनिको आपूर्ति भइरहेको छ। सबै घरधुरीमा खानेपानी को सुविधा रहेको छ। चिसापानीवाट बड्केचरी धारो (सानी अमराई) केवलवोट पधेरो (रातोढिक), खजानीखोला खानेपानी, लुते धारो आदि स्थानहरुका प्राकृतिक मूलबाट खानेपानी आपूर्ति भइरहेको छ।

५.४. सिचाई

यस क्षेत्रमा कृषि योग्य जमिन रहेको छ। यहाँ पूराना कुलोहरु वेभ्राड कुलो, राङभाङ कुलो, कठान कुलो, शेरा कूलो वाह्रविसे कुलो मार्फत सिचाइ सुविधा पुगेको छ। साथै स-साना खोल्सा खोल्सीबाट पनि सिचाइ गर्ने गरेको पाइन्छ।
यस क्षेत्रमा खेतीयोग्य फांटहरू जसले यस वडालाई हराभरा वनाएको छ। जुन फाँट निम्न छन :
वेभ्राड खेत, मटेरी, कोइलीटारी खेत, गौडान खेत, स्वर्गटारी फाँट आदि फाटमा खाद्यान्न, वाली तरकारी खेती लगाई घरायसी खाद्यान्न तथा तरकारीको आपूर्ति गर्ने गरेको पाइन्छ।

६. विपद र विपद व्यवस्थापन

यस वडा क्षेत्र समथर भू-भाग भएको र डाँडाकाँडा कम भएकोले पहिरोको कम सम्भावना रहेको छ। खोलाहरुमा वहरखोला, भुलादी खोलाको कटानले प्रभाव पारेको छ। वेभ्राड बजार देखि कान्जिहाउस जानेवाटो पहिरो जादा त्यहाको वस्ती जोखिमा परेका छन्। त्यसै घिमिरे टारको पहिरोले नहर अफिसको चौरलाई कटान गरेको छ। कालीगण्डकी तर रामघाट क्षेत्र पनि कटानमा परेको छ। यहा ठूला विपदका घटना नभएतापनि २०८० सालमा राम्चे वनमा लगेको आगोलागीवाट धेरै धन र पशुचौपाय नष्ट भएका थिए। विपद्पश्याच नगरपालिका, सेना, प्रहरी परीचालन गरी उचित वचाउ र क्षतिपुर्तिको व्यवस्था गरीऐो थियो। विपद्पूर्व सावधानि र जोखिम सम्वन्धि पूर्वसूचना र सावधानिमा थप कार्यक्रम गर्नुपर्ने देखिन्छ।

रामपुर नगरपालिका, वडा नं. ६, रामपुर, पाल्पा

परिचय :

१.१. भौगोलिक अवस्था

लुम्बिनी प्रदेश पाल्पा जिल्लाका ८ ओटा गाउँपालिका र २ ओटा नगरपालिका मध्येको रामपुर नगरपालिका अन्तर्गत उत्तर तथा विच भागमा अवस्थित रामपुर नगरपालिका वडा नं ६ एक समथर खेतीयोग्य, उर्वर जमिन रहेको र बसोबास समेतका लागि अति उपयुक्त स्थान मानिन्छ। २७°५२'०४" उत्तरी अक्षांश र ८३°५२'४७" पूर्वी देशान्तरमा रहेको यस वडाको सबैभन्दा अग्लो भाग कालिआँप समुद्र सतहदेखि ४११ मिटर उचाइमा रहेको छ भने सबैभन्दा होचो भाग बहखोलाको दोभान (रामघाट) समुद्र सतहदेखि ३२३ मिटरको उचाइमा रहेको छ। यस वडाको पूर्वमा वडा नं ५ (बहखोला साँध), पूर्वदक्षिणको केहीभाग दत्यौली खोला, पश्चिममा वडा नं ८ (तुरुन्दी खोला साँध), उत्तरमा कालिगण्डकी र दक्षिणमा वडा नं ७ कालिआँप (धारा माथिको सानो बाटो) भित्र अवस्थित छ। यस वडाको उत्तर सीमानामा कालीगण्डकीले ठुलो बाटो बनाएर बगेको कारण वडाको समथर भागबाट एक्कासी भिरालो बनी करीब ७० मिटरको ठाडो ओरालो समेत परेका केही भागहरु छन् जस्तै दारेगौडा (एक्कासी भिरालो परेको दाह्रैदाह्रा भएको कारण वरिपरि हिड्न कठिन भएको भाग) जसमा पूर्वबाट पश्चिम सम्म कालीगण्डकी पैदल मार्ग निर्माण कार्य भइरहेको छ। यस वडाको उत्तरमा गौरीघाट, तातोपानी घाट, कोप्चे घाट, परेवा घाट, टुटुवा घाट आदि घाटहरु छन् जसमा हिन्दुधर्मावलम्बीहरुले विभिन्न चाडपर्वमा गण्डकी स्नान गर्ने एवम् हिन्दुहरुले दाहासंस्कार गर्ने समेत गर्दछन्। पुरानो वडा नं १ र ६ को सीमाना उत्तरमा चुवाडि खोलोले परेवा घाट र टुटुवा घाटलाई छुट्याउँछ।

१.२. ऐतिहासिक र समसामायिक अवस्था

पञ्चायती व्यवस्थाको सुरुवाति चरणमा राङभाङ्ग पञ्चायतको मुडिखोक मौजा अन्तर्गतको वडा नं ६, ७, ८ र राङभाङ्ग पञ्चायतको बाहुनडाँडा मौजा अन्तर्गत रहेको वडा नं १ समेत ४ वटा वडाहरु मिली २०७१, ०७२ मा वडा नं ९ र २०७४ मा नयाँ संरचना निर्माण भएपछि रामपुर नगरपालिका वडा नं ६ निर्माण भएको हो। राणा कालमा पोखराढिके खगनाथ देवकोटा जिम्माल र मुखिया भई यहाँको कार्य सञ्चालन भएको, निजको मुत्यु पछि निजका छोराहरु सूर्य प्रसाद देवकोटा जिम्माल र कृष्ण प्रसाद देवकोटा मुखिया भई कार्य सञ्चालन भएको भने तिलपुर क्षेत्रमा तोया बहादुर कुमाल जिम्माल रहेका थिए। पञ्चायत कालमा यसै वडा नं ६ तत्कालीन वडा नं ८ का देवराज ढकाल समग्र रामपुरको दुई कार्यकाल प्रधानपञ्च र तत्कालीन वडा नं ७ का ञमनाथ देवकोटा २४ वर्ष सम्म निरन्तर उपप्रधानपञ्च रहनु भएको थियो। २०४६ सालको जनआन्दोलन पछि तत्कालीन वडा नं १ का कृष्ण प्रसाद अर्याल रामपुर गाउँ विकास समितिका उपाध्यक्ष हुनु भएको थियो। २०६२-०६३ को जनआन्दोलन पश्चात २०७४ सालमा वडा नं ६ मा हुमनाथ न्यौपाने र २०७९ सालमा दिवाकर देवकोटा वडा अध्यक्ष हुनु भयो। २०७४ देखि हालसम्म यसै वडाका रमण बहादुर थापा नगरपालिकाका दुई कार्यकालकालागि नगर प्रमुख हुनुभयो।

वडा नं ६ मा २०७४ सालका निर्वाचित जनप्रतिनिधिहरु :

वडा अध्यक्ष : हुमनाथ न्यौपाने
वडा सदस्य : थिरलाल ढकाल
वडा सदस्य : यम बहादुर घर्ती
वडा सदस्य : लोक माया कुमाल (जनजाति महिला)
वडा सदस्य : छवि कुमारी वि.क (दलित महिला)

वडा नं ६ मा २०७९ सालका निर्वाचित जनप्रतिनिधिहरु :

वडा अध्यक्ष : दिवाकर देवकोटा
वडा सदस्य : हरिनाथ ढुङ्गाना
वडा सदस्य : शारदा आचार्य
वडा सदस्य : प्रकाश कुमाल (जनजाति)
वडा सदस्य : थाम माया नेपाली (दलित महिला)

कार्यपालिका सदस्यहरु :

२०७४ मा यम बहादुर घर्ती
२०७९ मा यम बहादुर घर्ती र शारदा आचार्य

२. **समाज र साँस्कृतिक अवस्था :**

२.१. **प्रमुख वस्तीहरु :**

तत्कालिन अवस्थामा रामपुर वडा नं ८ तिलपुर वडा नं ७ मा पोखरा (कुलापारी), तातोपानी वडा नं ६ मा कौंवा, पोखरा डिक, विजपुर र वडा नं १ मा सेट्टार, प्याक्लुक, गैटारमा रहेका क्षेत्रहरुमा हाल निम्नानुसार प्रमुख वस्तीहरु रहेका छन् ।

१. साविक ८ तिलपुर : जिम्माल टोल, वगाले टोल, मुखिया थर, खयरबारी, पाल्पाली थर, डल्ले चौतारी, मधेसथर, खच्यानबारी, कुनाबारी आदि ।
२. साविक ७ पोखरा ढिक : तल्लो पोखरा, माथिल्लो पोखरा, गेजालि टोल, तातोपानी, किसान टोल (कामी टोल), विरुवा टोल, गौशाला चोक ।
३. साविक ६ : कौंवा टोल, कडेलबारी, पोखरा डिक, बाहिर बारी, नेपानेटारी, माझ टोल, बुद्ध पार्क (तिसमुरे), विजयपुर, कालिआँप ।
४. साविक. १ : सेट्टार, प्यक्लुक, स्वारा, पूर्वटार, बुलटार, मैदानबारी, गैटार, सिग्देलबारी, सातविसे, टुन्टारी, नयाँबजार, तुरुन्दी ढिक

२.२. **स्थानीय संघ संस्थाहरु :**

- ग्रामीण उत्थान क्लब (हाल नवीकरण नभएको)
- सृजनशील युवा समाज
- तिलकपुर युनाइटेड क्लव
- रामपुर मोडेल सोसाइटी
- तालपोखरा युवा क्वल
- विभिन्न आमासमुह
- आयआर्जन महिला समूह आदि ।

२.३. **जातजाती, संस्कार र संस्कृति**

यस वडामा ब्राहमण, क्षेत्री, ठकुरी, घर्ती, कुमाल, नेवार, मगर, कामी, दमै, सार्की, गुरुङ आदि जातजातिहरुका मानिसहरु बसोबास गर्दछन् । बहु जातीय र विविध संस्कार भएता पनि धेरैजसो संस्कारमा समानता छ । करिव सबैले एकै प्रकारका चाडपर्वहरु मनाउदछन् । नयाँवर्ष, आमाको मुखहेर्ने (मातृ औसी), दशहरा (गंगा दशहरा) साउने सक्रान्ती (लुतो फल्ने) नाग पञ्चमी, रक्षवन्धन, श्री कृष्ण जन्माष्टमी, तीज, सोह्रश्राद्ध, दशै, तिहार, बुबाको मुख हेर्ने (पितृ

औसी) ठुली एकादशी, पौष १५, माघे सक्रान्ती, बसन्तपंचमी, होली, चैतेदशै, रामनवमी आदि सबैका चाडहरुहुन् । यी चाडहरु सबैले हर्षउत्साहका साथ मनाउँदछन् । सन्तान जन्मदा ११ दिनमा हवन पूजा गरी नामकरण सबैजातजातीको संस्कार परम्परा हो भने मृत्युहुँदा १३ दिनमा हवन पूजा गरी पञ्चगव्य गहत खाइ शुद्ध हुने संस्कार छ । यिनै चाडवाडहरु लगायत हरेक समयमा विभिन्न प्रकारका खानेकुराहरु खाने समेत चलन चली आएको छ ।

गुड, जौं, १० थरी मिसावट तरकारी, खित्रो (मासको दाल र चामल मिसाएर पकाएको खाना), खाजा, चिच्चर (अनदीको चामल भिजाइ ध्यू र खुदो राखि ढाकेर पकाएको खानेकुरा), चाम्रे (अनदीको चामल भिजाइ ध्यू राखि बफाएर पकाएको खानेकुरा), लट्टे (भिजाएको चामललाई ध्यूमा भुटि बफाएर पकाएको खानेकुरा), खट्टे (अनदीको धान भुटि, त्यसलाई कुटि बनाएको सिरम्ला (चामल) भुटेर बनाएको खानेकुरा), सेलरोटी, अर्सा, अनरसा, ददेउरा, फुरौला, झर, सखरखण्ड, तरुल, बटुक आदि ।

त्यसैगरी खेती लाउने, स्यार्ने अवसरमा यहाँका मानिसहरुले प्रयोग गर्ने सामग्रीहरु, कामगर्ने मानिसहरुलाई गरिने सम्बोधन जस्तै हरुवा, चरुवा, हलि (जोत्ने खन्ने मानिस) हलो, कोदालो, जुवा, ठिंगारे/कोदाले/बाउसे (रोपाइमा कोदालोले काम गर्ने मान्छे), वियाडे, खेतारी, छत्री, सेउ (खेताला, खेतालीले पानी आउँदा ओड्नी बास र पातहरुबाट बनेको साधन), टौवा, खरै, खोक, समाहा/रुवा (माथिल्लो गह्राबाट तल्लो गह्रामा पानी झार्ने ठाउँ), भकारी, असारे गीत, बाजे रोपाई, हरेलो, मुठिलिनि, न्वाइ खाने, दाइ हाल्ने, मालदाम्लो, मेगी, नाम्लो, जोतारो, नारा कुटी, हसिया, मैजार (रोपाइ सकिएपछि खाइने खाना (खाजा, मासु आदि)

विभिन्न अवसरमा नाचिने नाचहरु : मारुनी, झ्याउरे, भजनकृतन, चुट्का, तिजका नाचहरु, घाटु, नचरी, बालन नाच, ठेट्टर नाच आदि ।

३. वन, वातावरण र पर्यटन

३.१. सामुदायिक वन र वन पैदावर

१. ज्याग्दी सामुदायिक वन : तत्कालिन रामपुर वडा नं १
२. गडाहा सामुदायिक वन : तत्कालिन रामपुर वडा न ७
३. वेलघारी सामुदायिक वन : तत्कालिन रामपुर वडा न ८
४. कोप्चे सामुदायिक वन : तत्कालिन रामपुर वडा न ६

माथि उल्लेखित वनबाट तपसील बमोजिमका वनपैदावर प्राप्त गर्न सकिन्छ ।

१. काठ : साल, सिसौ, खयर, गाहे, आँप, पिपल, वर, समि, सीमल, गाहेसीमल, फडियार, जामुनो, करङ, दबदय, चिलाउने, टुनि, बुढधएरो, रामरिठ्ठो आदि
२. स्याउला तथा घाँस : पाति, वनमासा, असुरो, कुरौ, डुम्री, जामुन, सीमली, खनिया, टाप्रे, घाँटी सारे, काउरो, गिदरी, राङसिंग, दबदय, कुटमेरो, बडहर, बाँस, रोइनि, बोहोरी, पिपिंरे, सीरु, गन्धे, कुस, भलाय, चिउरी, निमारो, कालिकाठ आदि ।
३. जडिबुटि : कालिसिङ्कि, बोझो, सर्पगन्धा, चिनी लहरो (गुर्जो), घोलटाप्रे, धुर्सेली, रुदिलो, वेसार, हलेदो, अदुवा, दुदेझार, दङ्ग्यौलो, ध्यूकुमारी, नीम, मगरकाची, केमुनो, सजिवन, सीमली, चिल्लो बादलपाते, पिपला, कुरिलो, गुजरगानो, आकाशेवेली, अराली, खुर्सानी, आँक, मुसागेडी, राजवृक्ष, सितल चिनी, सिक्कौली, भक्केम्लो आदि
४. फलफूल जन्य : वयर, बयलो, कागति, अमिलो, लिचि, आँप, कटहर, बेलौती, भोगोटे, ज्यामिर, मैनिगट्टा, आरु, आरुबखडा, नास्पती, अमिली आदि

३.२. **वन्यजन्तु तथा पंछीहरु :**

बाँदर, गिद्ध, चिल, मृग, हरिण, वन कुखुरा, कालिज, तित्रा, भंगेरा, गौथली, धोविनी, ढुकुर, चिवे, चिल, काग, सुगा, परेवा, डाँग्रे आदि

३.३. **प्रमुख पर्यटकीय स्थलहरु :**

तालपोखरा : वर्षौं अघिदेखि कौवा कुलो खेत, बारविसे खेतबाट बग्दै भलाय आइ पोखरा ढिकको खालि चौरमा पानी जम्मा हुँदै आएको गाई, गोरु, भैसी आहाल खेल्दै आएको सोही अनुसार पानी जम्मा हुँदै जादा पशु लगायत मानिस समेत पौडि खेल्न थालेको रोपाइ पछि गोरु धुने गरेको कहिले काँहिँ माघ, फागुनको महिनासम्म पनि पानी जम्मा हुने गरेको, माछा समेत पाइने गरेको तालालाई २०६६ सालमा देवराज देवकोटाको अध्यक्षतामा तालपोखरा विकास समिति गठन गरी धनधान्याचल महायज्ञ सञ्चालन गरेको र धनधान्याचल ज्ञान महायज्ञ समितिको अध्यक्ष रमण बहादुर थापा रही रकम संकलन गरिएको र पछि तालपोखरा संरक्षण समितिमा रुपान्तरण गरिएको थियो । धनधान्याचल महायज्ञबाट संकलित रकमबाट करिब ६५ रोपनी ताल पोखरा क्षेत्रमा माटो खनी ताल निर्माण गरिएको, नहर तथा कालीगण्डकी र अन्य कुवा, पधेरोबाट पानी ल्याइ जम्मा गरिएको नेपाल सरकारको १०० ओटा पर्यटकीय स्थलहरु मध्ये यसलाई पनि समावेश गरिएको। महायज्ञ, रामपुर नगरपालिका, प्रदेश तथा संघीय सरकारबाट रकम विनियोजन भई निर्माण कार्य भइरहेको, पार्क निर्माण गरिएको, तालपोखरामा कम्पाउण्ड वाल निर्माण, ढुगा सञ्चालन गरिएको बीचमा शिवजीको मन्दिर सहित मूर्ति स्थापना गरिएको र पर्यटकहरुको एउटा गन्तव्य स्थल बनेको छ।

गौशाला : रामपुर नगरपालिका वडा नं ६ अन्तर्गत तातोपानी धाम लक्ष्मी नारायण मन्दिरको अगाडिको चौरमा अवस्थित छ। २०७४ सालको स्थानीय निर्वाचन पछि रामपुर वडा नं ६ लगायतका ठाउँहरुमा घरमा पालेर छोडिएको गाइगोरुहरुले वरिपरीका खेतीवाली खाने, नष्ट गर्ने गरेकोले वरिपरिका वासिन्दाहरु आजित भई गाइगरु लखेट्ने, पिट्ने गरेको दर्दनाक अवस्थालाई वडा नं ६ वडा कार्यालयको र वरिपरिका वसिन्दाहरुको अग्रसरतामा वडा कार्यालय भन्दा उत्तरपट्टि एउटा सानो कान्जिहाउस (गाइ थुन्ने सानो बारबन्देज) निर्माण गरी वरिपरि छरिएर रहेका वस्तुहरु सो ठाउँमा राख्ने गरी यसको सुरुवात गरिएको । उपयुक्त स्थानको खोजीमा छलफल कार्यक्रमहरु अगाडि बढेको वडा नं ८ को भुजात वडा नं १, वडा नं ६ मध्ये हालको स्थानलाई उपयुक्त मानि सोहि स्थानमा तत्कालिन वडा अध्यक्ष हुमनाथ न्यौपानेको अध्यक्षतामा महायज्ञ समेत सञ्चालन गरी सो रकमबाट कम्पाउण्डवाल, गाइगोठ, भवन समेत निर्माण गरिएको, रु ५०००।- मा सदस्यता लिन सकिने, प्रत्येक २०००।- तिरि गाई ल्याउन सकिने, आवश्यक पर्दा गाई, बाछ्छि लान सकिने व्यवस्था गरिएको छ। वरिपरिका मानिसहरुले आनो जन्मदिन तथा उत्सवमा केही रकम गौशालालाई प्रदान गर्ने गरेको गोबर तथा पिसाब विक्रि गरि आम्दानी गरिएको र सोबाट गौशाला सञ्चालन गरिएको छ।

यस कार्यमा रामपुर नगरपालिकाले संरक्षकत्वको भूमिका निर्वाह गरिरहेको छ भने प्रदेश र संघ बाट पनि आवश्यक सहयोग भइरहेको छ।

ज्याग्दी पार्क : साविकको १ नं वडाको संरक्षणमा रहेको ज्याग्दी सामुदायिक वन क्षेत्रमा विभिन्न समयमा वडा वासिहरुले चौरलाई संरक्षण गरी बोटविरुवा लगाइ सोबाट आम्दानी गरी वडाको विकास निर्माणमा समेत काम गरिरहेको अवस्थामा २०७५ साल पछि गुरुयोजना निर्माण गरि ज्याग्दी पार्क निर्माण गर्ने सोचको विकास भएको वडा, नगरपालिका, प्रदेश सरकारबाट पनि रकम विनियोजन भई पैदल मार्ग, भवन, टहराहरु, खानेपानी, खेल सामाग्रीहरुको व्यवस्थापने, चिडियाघरे, पिक्निक स्थल निर्माण गरी पर्यटकीय क्षेत्र बनेका छ।

बुद्धपार्क (तिसमुरे) : रामपुर वडा नं ६ मा अवस्थित बुद्धपार्कमा शान्तिका प्रतिक गौतम बुद्धको ठुलो मूर्ति स्थापना गरिएको, बारेबेर गरिएको, वरिपरि घरहरु बीचमा करिब २० रोपनी जग्गामा वरिपरि बस्ने स्थल, खुल्ला व्यायमशाला निर्माण गरिएको छ। आगन्तुकहरुलाई आनन्दपूर्वक बस्ने, खेल्ने व्यवस्थाको सुरुवात गरिएको छ।

बाघको ढाँड : रामपुर वडा नं ६ को उत्तरमा नदी किनारमा परापूर्वकाल देखि बाघ पस्ने, निस्कने गरेको ठाउँमा बाघको मूर्ति निर्माण गरिएको मानिस बस्ने स्थलहरु, शौचालय निर्माण गरी एउटा पर्यटकीय स्थालको रुपमा विकास गरिएको छ।

शिवालय मन्दिर : रामपुर ६ विजयपुरमा परापूर्वककाल देखि आचार्यहरुको गुठिमा मन्दिर निर्माण गरी भगवान शिवको मूर्ति स्थापना गरी वरिपरिका मानिसलाई समेत पूजा गर्न सहजीकरण गरिएको एउटा मन्दिर हो।

तातोपानी मन्दिर : रामपुर ६ गौशालाको अगाडि पट्टि रहेको कडेलहरुद्धारा स्थापित लक्ष्मी नारायणको मन्दिर जहाँ विभिन्न किसिमका धार्मिक गतिविधिहरु गरिन्छन्।

दरैठाँटी मा.वि. सभाहल : दरैठाँटी माध्यमिक विद्यालयको उत्तरपट्टिको कम्पाउण्डवाल भित्र रामपुर नगरपालिकाको आर्थिक तथा प्राविधिक सहयोगमा २०७४ साल देखि २०७९ साल सम्मको करिब १ करोडको लागतमा १०० फिट ×५० फिटको लम्बाइ चौडाइमा करिब ५०० जना अट्ने शैक्षिक सभाहल।

वडामा रहेका खेल मैदानहरु :

विजयपुर खेल मैदान
माँझ टोल, चारपाटा
बुलटार
सातविसे
पूर्वटार
नवदुर्गा खेल मैदान
तिलपुर खेल मैदान
गौशाला
किसान टोल खेल मैदान।

४. आर्थिक क्रियाकलाप

४.१. प्रमुख पेशाहरु :

समथर र उर्वर जमिन, सिचाइको व्यवस्था भएका यहाँका मानिसहरुको प्रमुख पेशा कृषि र पशुपालन हो । करिब सबै मानिसहरु निर्वाहमुखी खेती प्रणालीमा संलग्न छन् । केही व्यवसायीक खेती, तरकारी खेती, कुखुरा पालन तथा पशुपालन गरेका छन् । सेवाका हिसावले कोही शिक्षकहरु, कर्मचारीहरु पनि छन् । व्यापारमा पनि संलग्न छन् तर त्यो सिमित मात्रामा छन् । वैदेसिक रोजगारीमा जानेका संख्या अलिबढी छ । ज्यालामजदुरी, होटल, पेट्रोल पम्प, आलुमुनियम उद्योग, ग्रील उद्योग र माटोका भाडाहरु बनाउने आदि छन् । वडा नं ६ ले विगत वर्षहरुमा यस वडालाई आलु पकेट क्षेत्र घोषण गरि प्रसस्त मात्रामा आलु उत्पादन गरि बेचविखन गरेको थियो । यहाँका स्थानीय ट्वान्टी-ट्वान्टी ग्रुपले वडा तथा नगरपालिकाको सहयोगमा प्रसस्त आलु उत्पादन गरि व्यवसायिक कृषिलाई बढावा दिएको पनि उदाहरण छ ।

४.२. स्थानीय उत्पादनहरु

यहाँका मानिसहरुको प्रमुख पेशा उर्वरि, समथर र सिचाइ योग्य जमिन र सिचाइ समेत भएकाले यहाँका मानिसहरु प्रसस्त भागमा धान, मकै, गहुँ उत्पादन गर्दछन् । सोहीबाट जीवन यापन गर्दछन् । पशु वस्तुहरु पनि करिव प्रत्येक घरमा पाल्ने हुनाले दुध, ध्यू, समेत उत्पादन हुन्छ । तोरी छरी तेलको व्यवस्था गरेका छन् । त्यस्तै विभिन्न प्रकारका तरकारीहरु आलु, काउली, मुला, साग, बन्दा, घिरौला, बोडी, चिचिन्डा, करेला, भिन्डी, बोडा, मटर (केराउ) आदि उत्पादन गर्दछन् ।

४.३. वैङ्क तथा वित्तिय संस्थाहरु :

यस वडाका अधिकांश मानिसहरु वैङ्ककीङ् सेवाका लागि बेझाड बजार जानुपर्ने हुन्छ तै पनि तपसील बमोमिका वित्तिय संस्थाहरुले यस क्षेत्रमा सेवा दिएका छन् ।

१. उज्यालो बचत तथा ऋण सहकारी संस्था
२. विजयपुर कृषि सहकारी संस्था
३. चौतारी लघुवित्त
४. छिमेक लघु वित्त

५. विकासका पूर्वाधारहरु

५.१. शिक्षा, स्वास्थ्य र सञ्चार

शिक्षा समाज परिवर्तनको बाहक हो । विकासको मेरुदण्ड हो, चेतनाको द्धार हो । शिक्षा सभ्य र सुसंस्कृत समाज निर्माणको आधार शिला हो र मानव जीवनको अपरिहार्य आवश्यकता हो भन्ने भावनालाई आत्मसाथ गरी यहाँ रहेका निम्नानुसारका विद्यालयहरुले गुणस्तरीय शिक्षामा ध्यान दिएको पाइन्छ ।

१. **दरैठाँटी मा.वि.** : बालविकास देखि कक्षा १२ सम्म नेपाली माध्यम र मन्टेश्वरी/नर्सरी देखि कक्षा १० सम्म अंग्रेजी माध्यममा शिक्षा प्रदान गर्ने विद्यालय ।
२. **नवदुर्गा मा.वि.** : बालविकास देखि कक्षा १० सम्म नेपाली माध्यम नर्सरी देखि कक्षा ५ सम्म अंग्रेजी माध्यममा शिक्षा प्रदान गर्ने विद्यालय ।
३. **विजयपुर इड्लिस बोडिक स्कुल** : नर्सरी देखि कक्षा ८ सम्म अंग्रेजी माध्यममा शिक्षा प्रदान गर्ने विद्यालय ।
४. **कालिगण्डकी बालविकास केन्द्र** : ४ वर्ष उमेर पुगेका बालबालिकालाई १ वर्षे शिक्षा प्रदान गर्ने केन्द्र ।
५. **सामुदायिक अध्ययन केन्द्र** : महिला आय आर्जन तथा सिपमुलक तालिम प्रदन गर्ने संस्था ।

माथि उल्लेख गरिएका विद्यालयहरु गुणस्तरीय शिक्षा प्रदान गर्न महत्वपूर्ण योगदान गरेका छन्। वडा सानो तथा भौगोलिक हिसाबले समथर र मिलेको हुनाले ३० मिनेटको दुरीमा सबैले आधारभूत शिक्षा प्राप्त गर्न सक्षम छन्।

विकासका पूर्वधारमा शिक्षासँगसँगै महत्वपूर्ण क्षेत्र स्वास्थ्य हो यस वडामा आधारभूत स्वास्थ्य केन्द्र तिलपुर र दुई ओटा मेडिकलले आधारभूत स्वास्थ्य सेवा प्रदान गर्दै आइरहेका छन्।

सञ्चारका दृष्टिकोणले यस वडाका सबै ठाउँमा मोबाइल, टेलिफोन, टेफिभिजन, इन्टरनेट आदिको सुविधा पुगेको छ।

५.२. विद्युत र खानेपानी

विकासको अर्को महत्वपूर्ण पूर्वाधार विद्युत र खानेपानी हो। यस वडाका सबै घरहरुमा बुटवल पावर कम्पनीले आवश्यक विद्युत सेवा उपलब्ध गराएको छ भने पुराना आ-आना खानेपानी, पुराना धाराहरु हुँदा हुँदै पनि रामपुर साना सहरी तथा सरसफाइ आयोजना मार्फत सबैका घर घरमा स्वस्छ खानेपानीको व्यवस्था भएको छ।

५.३. सडक र सिचाई

विकासको अर्को महत्वपूर्ण पूर्वाधार सडक र सिचाई हो। यो वडको सबै भाग समथर रहेको, वडाको सबैभन्दा दक्षिण भेग कालिआँपदेखि वडाको पुच्छार डल्ले चौपारी र विजपुर देखि स्वाँरा पक्कि बाटो पुगेको छ। यस वडामा सडक सञ्जालले सबैलाई समेटेको छ त्यस्तै सहायक बाटोहरुको पनि स्तर उन्नती भइरहेको छ।

रामपुर फाँट सिचाइ आयोजनाले यस वडाको सबै भाग सिँचित गर्न सहयोग पुऱ्याएको छ। खेतहरु र सो खेतहरुमा सिंचाइ गर्ने पुराना कुलाहरु पनि यथावत् अवस्थामा संचालनमा रहेकोले सिंचाइको राम्रो व्यवस्था छ।

रामपुर फाँट सिचाइ आयोजना, बलौटे कुलो, तिलपुरे कुलो, घिमिरे कुलो कडेल कुलो, बाह्रविसे, बेलबोटे, कडिबन, बगुवा, तुरुन्दी, चिदिया, विरौटो, गैरा, विजयपुर, चुवाडी, दतौली, कटहरे, सातविसे, कौवा, प्याक्लुक, माझकुलो, तल्लोकुलो आदि कुलोहरु समेत सञ्चालनमा छन्। रामपुर दामाचौर पक्की पुल, गौरिघाट पक्की पुल, बहखोला पक्की पुलहरु, तुरुन्दी खोला पक्की तथा झुलुङ्गे पुलहरुले अन्य वडालाई यस वडासँग जोड्दछन्।

६. विपद र विपद व्यवस्थापन :

रामपुर वडा नं ६ समथर भाग भएको वर्षाको पानी सजिलै बग्ने सतह भएको सीमानामा दुईओटा ठुला खोलाहरु रहेको सामान्य खोल्सिहरु समेत रहेकोले वर्षाको पानी सजिलै खोलाबाट नदीमा मिसिन जान्छन्। त्यसैले बाढि, पहिरोको जोखिम छैन भन्दा पनि हुन्छ। कहिले काँही तिलपुर नहरमा र कडेल कुला खेतमा भुन (खाडल) पर्ने समस्या देखिन्छन्। साथै स्वाँरा पूर्वटार र विट्टारमा समान्य पहिरो जाने समस्या छ र यी समस्याहरुलाई वडा तथा नगरपालिकाबाट न्यूनीकरण तथा समाधानकालागि कार्यहरु भईरहेका छन्।

रामपुर नगरपालिका, वडा नं. ७, रामपुर, पाल्पा
एकाइ : १

परिचय

१.१. भौगोलिक अवस्था

रामपुर नगरपालिका अन्तर्गत रहेको ७ नं वडा विभिन्न डाँडाकाँडा, खोलानाला, खोल्साखोल्सी र विभिन्न समथर भू-भाग मिलेर बनेको छ। २७°५०'१४" उत्तरी अक्षांस र ८३°५२'१८" पूर्वि देशान्तरमा अवस्थित छ। यस वडाको लम्वाई उत्तर दक्षिण फैलिएको छ भने चौडाई पुर्व पश्चिम रहेको छ। पूर्वमा बहखोला र पश्चिममा तुरुन्दी खोलाले छुट्याएको छ भने दक्षिणमा निस्दी गाउँपालिका र पूर्वखोला गाउँपालिका तथा उत्तरमा रामपुर नगरपालिका वडा नं ६ रहेको छ। समुन्द्री सतहदेखि ३५१ मिटर उचाईमा रहेको तुरुन्दी खोला बुढी आँपको फँेद किनार यस वडाको सबैभन्दा होँचो भू-भाग हो भने १०२५ मीटरमा रहेको बाहुनडाँडाको कालिका मन्दिर भएको स्थान सबैभन्दा अग्लो भू-भाग हो। यस वडामा १४ वटा टोल विकास संस्थाहरु छन् भने ५० भन्दा धेरै बस्तीहरु रहेका छन्।

वडा भित्र रहेका प्रमुख खोलानाला, खोल्साखोल्सी, भञ्ज्याङ, झरना, पोखरी, निम्नानुसार छन्

- तुरुन्दी खोला	खैजडी खोल्सो	बेलभञ्ज्याङ	छरछरे झरना	किटडाडा पोखरी
- बहखोला	लेडी खोल्सा	कोलभञ्ज्याङ		
- सिस्ने खोला	काली खोल्सी	बिक्रम्दी भञ्ज्याङ		
-ि भत्री खोला	चाप खोल्सी	देउराली भञ्ज्याङ		
- नाम्ले खोला	अलैची खोल्सी			
- पचासे खोला	गाँडपानी खोल्सा			
- दतौली खोला				
- छारापानी खोला				
- चिसापानी खोला				

१.२. ऐतिहासिक र समसामयिक अवस्था

प्राचीन समयमा बाहुनडाडा मौजा र मुडीखोक मौजा अन्तर्गत रहेको यस वडा पञ्चायत कालमा राङभाङ पञ्चायत अन्तरगत थियो भने बहुदलीय व्यवस्था पछि रामपुर गा.वि.स हुँदै नयाँ सविधान २०७२ जारी सँगै स्थानिय तहको पुनर्संरचना भए पछि रामपुर नगरपालिका अन्तर्गत रहेको छ।

राणाकालीन समयमा यस ठाउँमा जिम्मालको रुपमा काम गर्ने व्यक्तिहरु स्व. खीमानन्द गौतम, स्व. विनीमाया गौतम, स्व. उदयराज आचार्य र स्व. खगनाथ देवकोटा हुनुहुन्थ्यो। मुखीयाको रुपमा स्व. लोकनाथ पोखरेल, अमालीको रुपमा स्व. दुर्गा प्रसाद पोखरेल र खरदारको रुपमा स्व. सुर्य प्रसाद पोखरेलले कार्य गर्नुभएको थियो। राङभाङ पञ्चायत हुँदा स्व. भुपराज भट्टराईले कार्य गर्नुभएको थियो भने रामपुर गाउँ पञ्चायत भएपछि देवराज ढकाल प्रधानपञ्च बन्नुभएको थियो। रामपुर गा.वि.स भएपश्चात गा.वि.स अध्यक्षको रुपमा क्रमशः रामप्रसाद भट्टराई र तिर्थ प्रसाद पंगेनी हुनुभयो।

नेपालको संविधान २०७२ जारी भए सँगै साविक रामपुर गा.वि.स का तीनवटा वडाहरु २, ५ र ९ मिलेर बनेको यस वडा नं ७ को कार्यालय वीरेन्द्रटार भन्ने ठाउँमा रहेको छ ।संघिय व्यवस्थामा भएको पहिलो स्थानीय तहको निर्वाचनबाट निर्वाचित जनप्रतिनिधिहरु निम्नानुसार हुनुभयोः

वडाध्यक्ष : तिर्थ प्रसाद पंगेनी

सदस्यहरु : दुर्गादेवी भण्डारी, मिन बहादुर सिंजाली, मिठ्ठुमाया सुनार, कमल राज भट्टराई

कार्यपालिका सदस्य : दुर्गा देवी भण्डारी

स्थानीय तहको दोस्रो निर्वाचनबाट निर्वाचित जनप्रतिनिधीहरुः

वडाध्यक्ष : दोवराज तिवारी

सदस्यहरु : दुर्गादेवी भण्डारी, मिन बहादुर सिंजाली, मिठ्ठुमाया सुनार, खेमराज अधिकारी

कार्यपालिका सदस्य : दुर्गा देवी भण्डारी

एकाइ : २
समाज र संस्कति

२.१. प्रमुख बस्तीहरु

यस वडामा रहेका प्रमुख टोल विकास समिति र बस्तीहरु निम्नानुसार छन् :
कठान टोल विकास समितिः साविक वडा नं ५ को पूर्वटार, गैटार र कठान
कवडहल टोल विकास समितिः साविक वडा नं ५ चुवाडी, सागबारी, बाङ्गेबारी, बाग्मती
मजुवा टोल विकास समितिः साविक वडा नं ५ कालिआँप, बट्टार, मजुवा, बटारेआँप
मिलन टोल विकास समितिः साविक वडा नं ५ पिपलटारी, डुम्रीगाउँ, वीरेन्द्रटार, नयाँबजार
रातमाटा टोल विकास समितिः साविक वडा नं ५ रातमाटा, नेवारगाउँ
कालिका टोल विकास समितिः साविक वडा नं ५ फेदिया, बिरुवा, चन्मते
सीतलनगर टोल विकास समितिः साविक वडा नं ५ मोहोटी, कार्कीडाँडा, साविक वडा नं. ९, गर्चोदी रेवतीडाँडा
किसानबारी टोल विकास समितिः साविक वडा नं ५ चन्टारी, किसानबारी
बगरचोक टोल विकास समितिः साविक वडा नं ९ अमले, बहखोला
मौलाकालिका टोल विकास समितिः साविक वडा नं ९ गोलैचे, मुडीखोक, बलडाडा, कुसुन्डे
बतरकोट टोल विकास समितिः साविक वडा नं ९ सर्पराज, गर्चौदी, भञ्ज्याङबारी, गैराबारी, बिक्रम्दी
बाहुनडाडा टोल विकास समितिः साविक वडा नं २ गोलकाटे, बालेपँधेरो, दोप्परे, तेर्सा, कामीटोल
मलेङ टोल विकास समितिः साविक वडा नं २ मलेङ, थुम्का, सिरुपाटा, बेलपाटा, गाहाखोल्सा, सुखौरा
डिबिजी टोल विकास समितिः साविक वडा नं २ कटहरबारी, बरखरक, डेलडाँडा, आमडाँडा

२.२. जातजाति संस्कार र संस्कृति

जातजाति – मगर, ब्राह्मण, क्षेत्री, ठकुरी, नेवार, कामी, दमै, सार्की, तामाङ, कुमाल, थारु, मुस्लिम

संस्कार – न्वारन, छैटी, छेवर, पास्नी, ब्रतवन्ध, भेजा, बेलबिवाह, गुफा, मागि बिवाह, भागि बिवाह, चौरासी पूजा, श्राद्ध, काजकृया

संस्कृती – कौरानाच, झामरे नाच, मारुनी नाच, बालन नाच, लाखे नाच, भजन, चुड्का, कृतन, रत्यौली

चाडपर्वहरुः – दशैं, तिहार, तिज, जन्माष्टमी, माघे सक्रान्ती, जनैपूर्णिमा, फागूपूर्णिमा, साउने संक्रान्ती, क्रिस्मस, छठ, बकरइद

२.३. स्थानीय संघ संस्था तथा समुहहरु

ज्योतिपुञ्ज युवा क्लव, नव प्रतिभा युवा क्लव, सर्पराज नेवा खल, क्रियाशील मगर समुह, च्ब्थ्क समाज, दशअवतार बालन समुह, चेतनशील महिला समूह, जनप्रगतिशील महिला समूह, समाजसुधार आमा समूह, शुभकामना आमा समूह, शिवालय कृषि समूह, कठान कृषि समुह, चौतारी आमा समूह, उद्यमशिल युवा कृषि समूह, दिप ज्योती तरकारी उत्पादन समूह, दुर्गा भवानी महिला समूह, किसानबारी आमा समूह, नवदीप आयआर्जन आमा समूह, अकलादेवी स्वावलम्बन महिला समूह, जनजागरण महिला समूह

एकाइ : ३

३. वन, वातावरण र पर्यटन

३.१. सामुदायिक वन र वनपैदावर

यस वडामा रहेका सामुदायिक वनहरु निम्नानुसार छन्

सुर्यबास ठाडीउकाली सामुदायिक वन, मुडीखोक सामुदायिक वन, बतरकोट सामुदायिक वन, किसानबारी कार्किडाडा सामुदायिक वन, रातमाटा सामुदायिक वन

वनबाट प्राप्त हुने वन पैदावर

काठजन्य पैदावरः साल, सिसौ, चिलाउने, खयर, चाँप, मदाने, सिमल, वर, पिपल, आँप, कटहर

जडिबुटीजन्य बनस्पतीः तुलसी, बोझो, चिराइतो, रक्तचन्दन, श्रीखण्ड, पाखनवेद, गुजरगानो, घोलटाप्रे, सिकारी लहरो, पाती, पिपला, चुत्रो, धतुरो, सिमली, असुरो, धयरी, थाकल, जामुनो, केमुनो, फँडियर, हर्रो, बर्रो, अमला, खल्लुक, पनियर, डुम्री, अदुवा, वेसार, गुर्जो, हलेदो, रिठ्ठो, तेजपत्ता, बेल, सिउलीगान, निउरो, जलुका, पानीअमला, छिम्केझार, बामरी

३.२. वन्यजन्तु तथा पशुपंक्षीहरु

वन्यजन्तुहरुः मृग, बाँदर, नियालीबाघ, खरायो, दुम्सी, भार्से, न्याउरेमुसा, वनबिरालो, मालसाप्रो

पंक्षीहरुः वनकुखुरा, कालिज, तित्रो, ढुकुर, परेवा, चिल, डाङ्गे, लाटिकोसेरो, काग, बकुल्लो, सुगा, चिवे, धोवेनी, गौथली, भँगेरा, गिद्ध, कोइली, दोव्चे, ठेवा, लामपुछे
दुर्लभ पंक्षीहरुः गिद्ध, भँगेरा, लाटेकोसेरो

३.३. प्रमुख पर्यटकीय स्थलहरु

रामकुवा, मौलाकालिका मन्दिर, कोटघर, बाहुनडाडा कालिका मन्दिर, ओकेबाजे मितेरी पार्क, कार्कीडाडा सामुदायिक वन, जाल सुकाउने ढुङ्गा, सर्पराज, शिवमन्दिर, दशअवतार बालन धाम, छरछरे झरना, किटडाँडा पोखरी, पाहुना घर, विश्वकर्मा मन्दिर

एकाइ : ४

४. आर्थिक कृयाकलापहरु

४.१. प्रमुख पेशाहरु

कृषि, वैदेशिक रोजगार, निजामति सेवा, शिक्षण पेशा, पेन्टिङ, वाइरिङ, प्लम्बिङ, फर्निचर उद्योग, ग्रिल उद्योग, बाख्रा पालन, बङ्गुर पालन, माछा पालन, मौरी पालन, सामूहिक तरकारी खेती, गार्मेन्ट उद्योग, पेट्रोल पम्प सञ्चालन

४.२. प्रमुख उत्पादनहरु

खद्यवालीः धान, गहुँ, मकै, कोदो, फापर

नगदेवालीः गेडागुडी, अदुवा, बेसार, उखु, सुन्तला, आँप, लिची, केरा, आलु, पिडालु, केरा

पशुपालनः मासु तथा दुधजन्य उत्पादन

अन्य उत्पादनः बाँसजन्य (डोको, ढाकर, ढडिया, छिप्रिङ, डालो, नाङ्लो, मान्द्रो, ढकिया, मुढा), धातुजन्य (हँसिया, कुटो, कोदालो, बन्चरो, दाउ)

४.३. बैङ्क तथा वित्तीय संस्थाहरु

अन्धकार मुक्ति बचत तथा ऋण सहकारी संस्था
ग्रामीण विकास बैङ्क
उन्नति लघुवित्त संस्था
हराभरा कृषि सहकारी संस्था

एकाइ : ५

५. विकासका पूर्वाधारहरु

५.१ शिक्षा, स्वास्थ्य र सञ्चार

शिक्षा:

शहिद बहुमुखी क्याम्पस (मानविकी, शिक्षा, व्यवस्थापन, वि.ए., एम.एड. र एम.वि.एस.)

आधारभूत मा. वि. (साधारण विज्ञान ११-१२, पशु विज्ञान ९-१२)

आनन्द निकेतन विद्याश्रम (व्यवस्थापन ११-१२)

विजय प्रा. वि. (कक्षा १-५)

अकला प्रा. वि. (कक्षा १-५)

संयुक्त प्रा. वि. (कक्षा १-३)

खेलमैदानहरु: किसानबारी खेलमैदान, आधारभूत मा.वि. (निकासटार) खेलमैदान, विरेन्द्रटार खेलमैदान, पूर्वटार खेलमैदान, ढँड्यान खेलमैदान, आमडाडा खेलमैदान

स्वास्थ्य:

कालिगण्डकी आँखा उपचार तथा सर्जिकल सेन्टर

आधारभूत स्वास्थ्य केन्द्र

योग भवन

सञ्चार: रेडियो, टेलिभिजन, मोवाइल, इन्टरनेटको सुविधा भएको।

५.२. विद्युत र खानेपानी

विद्युत: वुटवल पावर कम्पनीद्वारा वितरित विद्युत सेवा उपलब्ध।

खानेपानी: रामपुर साना शहरी खानेपानी तथा सरसफाई उपभोक्ता समिति, किसानबारी बट्टार खानेपानी उपभोक्ता समिति, माथिल्लो औसे तथा तल्लो औसे खानेपानी उपभोक्ता समिति, तथा विभिन्न लिफ्टिङ खानेपानी उपभोक्ता समितिद्वारा सबै वडावासीलाई खानेपानीको सुविधा भएको।

५.३. सडक र सिचाई

सडक

पक्की सडक: तुरुन्दी-बहखोला करिडोर, किसानबारी-रातमाटा, किसानबारी-कालिआँप, कालिआँप-बिपी पार्क, किसानबारी-बहखोला-अमले, बिपी पार्क-दरेआँप-रातमाटा, छड्के होटल-अमलाफैंद

कच्ची सडक: फेदिया-बाहुनडाँडा, फेदिया-सर्पराज-औसे-बैछाप, सर्पराज-मुडिखोक-कुसुण्डे, बगर-छाहरापानी, क्षेत्रीगाउँ-बिक्रम्दी, मलेङ-आमडाँडा-बरखरक-डेलडाडा, बटारेआँप-पूर्वटार, मिलनचोक-मजुवा, बेलेआँप-करिडोर-गैटार, किसानबारी-बट्टार, बट्टार-नहरढीक-कठान

सिँचाई

रामपुर नहर, कठान कुलो, पचासे कुलो, मलेङ कुलो, बिरुवा कुलो, फेदिया कुलो, मजुवा कुलो, पिपलटारी कुलो, छातिफट्टा कुलो, चन्टारी कुलो, बाह्रबिसे कुलो, गैरी कुलो, कोर्खाम कुलो, ढड्यान कुलो, तिल्के कुलो, रानिसरा कुलो

एकाइ : ६

विपत् र विपत् व्यवस्थापन

वडामा भएका ठुला विपत्हरु

वि.सं २०३८ सालमा सर्पराजमा भएको आगलागिबाट ८ वटा घर पूर्ण रुपमा क्षति भइ एक जना मानिसको मृत्यु समेत भएको र धेरै धनसम्पत्ती नष्ट भएको।

वि.सं २०४६ सालमा गैरावारीमा भएको आगलागीबाट २ घर पूर्ण रुपमा क्षति भइ धेरै धनसम्पत्ति नष्ट भएको।

वि.सं २०७२ सालमा गएको विनासकारी भुकम्पले धेरै भौतिक संरचनाहरुमा क्षति पुर्यातएको।

वि.सं २०७५ सालमा कटहरबारीमा गएको पहिरोले ४ वटा घरमा पूर्ण रुपमा क्षति पुर्याइई उक्त घरपरिवारलाई अन्यत्रै विस्थापित गराएको।

वि. सं २०७६ सालको कोभिड १९ ले केही मानिसहरुको ज्यान लिएको।

विपत् व्यवस्थापनका लागि वडाबाट भएका प्रयासहरु:

पहिरो रोकथाम सम्वन्धी सचेतना कार्यक्रम सञ्चालन

आगलागीसम्वन्धी सचेतना कार्यक्रम सञ्चालन

सम्भावित जोखिमका क्षेत्रहरु पहिचान

सुरक्षित भवन निर्माणलाई प्रोत्साहन

पहिरो रोक्न पर्खाल निर्माण

सुरक्षित बाटो, कल्भर्ट तथा पुल निर्माण

वृक्षारोपण र सामुदायिक वन संरक्षण

केही महत्त्वपूर्ण जानकारी

रामकुवा: त्रेता युगमा भगवान श्री रामचन्द्र रामपुर आउने क्रममा यस कुवाको पानी खाएको।

बाहुनडाडाको कोटघर (कालिका मन्दिर): प्राचीन समयमा पाल्पाका सेन राजा मणिमुकुन्द सेनले वि.सं १८९५ मा बाहुनडाँडाको कोटघर कालिका मन्दिरमा घण्टी राखी पूजा सुरुवात गरेको।

मलेङ, फेदिया, बिरुवा कुलो: यस वडामा रहेको मलेङ खेत र फेदिया बिरुवा खेतका फाँटमा सिंचाई गर्न नाम्ले खोलाबाट कुलो निर्माण गरी पानी ल्याउँदा मलेङको खेतमा धारो राखि ३०० मिटर तलको अर्को कुलोलाई पानी छुट्याईएको परम्परा नेपालकै नमुना परम्परा मान्न सकिन्छ।

कार्किडाँडा: यस डाँडामा परापूर्व कालमा वाइसे चौविसे राजा रजौटाको पालामा कार्कीहरुको ठूलो दरवार रहेको र गर्चौदीमा टुँडीखेल बनाई सिपाहीहरुले परेड खेल्ने गरेको कुरा बुढापाकाहरुबाट सुन्न पाइन्छ। यस क्षेत्रमा उत्खनन् गर्ने क्रममा धेरै पुराना ईट्टाहरु साथै चाँदी र तामाका सिक्काहरु भेटिएका थिए। हाल यस ठाउँमा गणेश मन्दिर रहेको छ।

किसानबारी: साविक रामपुर ५ हालको वडा नं ७ को किसानबारी भनेर पहिचान बोकेको सरकारी जग्गा वि.सं २०३२ सालमा विभिन्न व्यक्तिहरुले अतिक्रमण गर्ने उद्देश्यले ११९ घरधुरी खडा गरी कब्जा गर्न खोज्दा तत्कालीन वडाबासीहरुले अतिक्रमण हुनबाट जोगाएको हुनाले हाल सानो रङ्गशाला बन्ने अवस्थामा रहेको छ।

ओकेबाजे मितेरी पार्क: वि.सं २०५१ सालदेखि पूर्वी पाल्पामा कार्यक्षेत्र बनाइ विभिन्न सामुदायिक र सामाजिक संघ

संस्था मार्फत शिक्षा स्वास्थ्य र खेलकुद लगायत विविध क्षेत्रमा सहयोग पुऱ्याउनुभएका जापानिज समाजसेवी काजुमासा काकिमीको सम्मान स्वरुप पाल्पा क्षेत्र नं १ भित्रका २२ वटा गा.वि.स. का विभिन्न संघ संस्था र स्वयं ओकेबाजे को सहयोगमा वि.सं २०६० सालमा निर्माण गरिएको ओकेबाजे मितेरी पार्क पुनः उहाँको निरन्तर ३० वर्षको सेवा पश्चात नागरिक अभिनन्दन कार्यक्रम २०८१ गर्ने क्रममा ओकेबाजेको मूर्तिसहित मितेरी पार्कको स्तरोन्नती भएकाले मनोरञ्जन प्राप्त गर्नका लागि दैनिक रुपमा उक्त पार्कमा सयौं मानिसहरु आउने गरेका छन् ।

मुडिखोक मौलाकालिका कोटघरको पूजा संस्कार: घटस्थापनाको दिन टोल टोलबाट मानिसहरु बाटोघाटो सरसफाई गरी मौलामा पुगी २ जना मगर पूजारी (उपासे) को चयन गर्ने । प्रत्येक दिन पण्डितले पाठ गरी उपासेले जमरामा पानी राख्ने साथै दमैले दमाहा बजाउनु पर्ने । सप्तमीको दिन उपासेहरुले बिजयपुर नजिक रहेको चुवाडी धारामा नुहाएर कठान, सर्पराज, भञ्ज्याङबारी हुँदै कोटघरमा पुग्नुपर्ने । अष्टमीको दिन कालिगण्डकीमा नुहाएर बिजयपुर, किसानबारी, बिक्रम्दी हुँदै फुलपाती लिएर कोटघरमा पुग्ने । फुलपातीको रुपमा कुभिन्डो, भोगटे, बेल, धान, दरै, भेडरी, घिरौला अनिवार्य रुपमा जम्मा गर्ने । यसै दिन सरकारी बोकालाई बली दिएर कालरात्रिपुजा गर्ने । नवमीको दिन पञ्चवली र पशुबलि दिएर पूजा गर्ने । दशमीको दिन कोटघरमा गएर बन्दुक पड्काएपछि सबैले टीका ग्रहण गर्ने चलन रहेको थियो । पञ्चायत कालमा तिलकपुरको कुमालले कोटघरको लागि माटोको घडा, घैटो, हाँडी दिनुपर्ने, विजयपुरको दमै परियारहरुले बाजा बजाउनुपर्ने, चौरीगाउ र बतरकोटको बाहुनहरुले दैनिक पूजापाठ गर्नुपर्ने जस्ता जिम्मेवारी बाँडफाँड गरिएको कुराहरु पाका पुस्ताबाट सुन्न पाइन्छ। र अन्त्यमा पूर्णिमाको दिन विधिवत् रुपमा पूजा विसर्जन हुन्थ्यो ।

रेवतीडाँडा: हाल रामपुर ७ सित्तलनगर टोलमा रहेको रेवती डाँडाको बस्तीले भोगचलन गरेको जग्गा विजय प्रा.वि. को नाममा रहेको ३६ रोपनी जग्गा वि.सं २०४४/०४/२६ मा विद्यालयको भवन निर्माण गर्ने क्रममा ४ जना मिस्त्री र ज्यामीहरुलाई पैसा दिन नपुगेको हुँदा विद्यालयले पैसा दिन नसक्दासम्म भोगचलन गर्न दिने र रजिष्ट्रेसन पास गर्न मिलेको खण्डमा चलन चल्तिको मूल्य अनुसार रजिष्ट्रेसन पास गरी आफ्नो पैसाले भ्याए सम्मको घडेरी दिने भनी कागज गरिएको जसमा उक्त ४ जना मध्ये एक जनाले जग्गा छोडी अन्यन्त्रै बस्न गएको र बाँकि ३ जनाले अन्य घरपरिवारलाई घर सारी कागज गरी बिक्री समेत गरेको र बसोबास गराएको अवस्थामा हाल आएर जग्गाधनी पुर्जा दिन पनि नमिलेको र बस्ती खाली गर्न पनि स्थानीय सरकारले नसकेको हुँदा विद्यालय तथा बस्ती बसेको व्यक्तिहरुलाई अत्यन्तै समस्या रहेको छ। उक्त क्षेत्रमा विना लालपुर्जा २०४४ सालदेखि बसोवास गरेर तीन पुस्ताले जीवन बिताइसकेका छन् ।

रामपुर नगरपालिका, वडा नं. ८, रामपुर, पाल्पा

१. परिचय

१.१. भौगोलिक अवस्था

यस रामपुर नगरपालिकाको वडा नं. ८ रामपुर नगरपालिकाको कार्यालय भवनवाट पश्चिम तर्फ ४ किलोमिटरको दुरीमा रहेको छ। गुगल नक्सा अनुसार यो वडा २७° ५१' १७' उत्तरी अक्षाशं र ८३° ४९' ५०' पुर्वी देशान्तरमा अवस्थित रहेको छ। यस वडाको सवै भन्दा अग्लो भु-भाग खालिवनको शिलाकोट समुन्द्रि सतहवाट १०८१ मिटर र सवै भन्दा होचो भाग तुरुन्दी खोला दोभान ३३४ मिटर उचाइमा रहेको छ। यहाँको भु-वनोटको अवस्था हेर्दा आधा भन्दा वढी भाग समथर रहेको र वाकी भाग डाँडाकाडा रहेको छ।

यस वडामा धेरै खोला नाला, पोखरी, झरना, भन्ज्याङ र गल्छीहरु रहेको छ। यस वडामा भएको प्रमुख खोलानालाहरुमा तुरुन्दी खोला, मंसिरे खोला, सुक्मादी खोला, वर्लेङदी खोला, बाङग्रे खोला, कुमराङ खोला, गैरी खोला, रोन्ची खोला, ढुङ्गे खोला, कैडल गैरो खोला, झलेङ्दी खोला, सिन्दुरे खोला, भर्लेखोला, जामुने खोला, भालुटार खोला आदि रहेको पाइन्छ। त्यसैगरी अधेरी खोल्सी, रिठ्ठे खोल्सी, गाँसे खोल्सी, धन्दे खोल्सी ठाडो खोल्सी आदि खोल्सीहरु रहेको पाइन्छ। त्यसैगरी यस वडा नं. ८ मा रहेका प्रमुख भञ्ज्याङहरुमा वेल भञ्ज्याङ, ढाक्रेवास भञ्ज्याङ, कोल भञ्ज्याङ, देउराली भञ्ज्याङ, खाम भञ्ज्याङ आदि छन्। दुभान झरना र छायाँखोला झरना यस वडाका प्रमुख झरनाहरु हुन्। यस वडाको उत्तर पट्टी कालीगण्डकी नदी रहेको जसको किनारमा खैरैनी वन टापुको रुपमा रहेको छ।

१.२. ऐतिहासिक र समसामयिक अवस्था

यस वडा भित्र विभिन्न ऐतिहासिक रुपमा महत्व भएका ठाउँहरु रहेको पाइन्छ। यस वडा नं. ८ लाई पञ्चायतकाल वा सो भन्दा अगाडी पिलुवा मौजा खालिवन पञ्चायतको नामले चिनिन्थ्यो। तत्कालिन समयमा जिम्मालहरुमा अजिर सिं खन्गाहा, पदम वहादुर आले र नित्यानन्द अर्याल हुन् भने हर्क वहादुर खन्गाहा मुखिया हुन्।

पञ्चायतकालिन अवस्थाका प्रधानपञ्चहरुमा खिम वहादुर आचार्य, टेक वहादुर दिशा, कृष्ण प्रसाद काफ्ले, धातानन्द अधिकारी, ज्ञान प्रसाद अर्याल, भुवनेश्वर अर्याल (गाविस अध्यक्ष) र शालिकराम पंगेनी (गाविस अध्यक्ष) रहेको पाइन्छ।

यस वडामा ऐतिहासिक रुपमा विशेष महत्व राख्ने मेला पर्वलाग्ने स्थानहरु रहेको पाइन्छ। जस अन्तर्गत माने वजार (चैत्र पुर्णिमामा लाग्ने), खोरीयाघाट मेला (असारे ठुली एकादशी र कार्तिक ठुलो एकादशीमा) वाघखोर लाखेनाच मेला (सोह्रश्राद्धको पुर्णिमा) माथिल्लो बाघखोर मेला (मंसिरे पुर्णिमामा)

यस वडाका विभिन्न स्थान ऐतिहाँसिक र धार्मीक हिसावले महत्वपुर्ण छन्।

क) देउराली वज्यै खालिवन डाँडा : यो स्थान नुवाकोट धादिङ, तनहु, लगाएतका स्थानवाट वुटवल हुँदै भारत तर्फ जाने वाटोमा पर्ने देउराली वज्यैको मन्दिर, जसको किम्मदन्ती अनुसार वाटो वनाउने क्रममा धेरै ढुङ्गाहरु तल फ्याकेको र ती सवै ढुङ्गाहरु फेरी रातिको समयमा पुन सोही स्थानमा आउने गरेको भन्ने विश्वास गरीएको छ। यसैगरी अकलादेवी मन्दिर र मनकामना मन्दिर पनि विशेष ऐतिहासिक महत्व रहेको छ।

यसैगरी यस वडाका ऐतिहासिक महत्वका ठाउँहरुमा शारदा रानिले वास वसेको स्थान रानिवास र सोही स्थानमा कोश ढुङ्गा (निश्चित स्थानवाट दुरीको नापका लागी सूचना) समेत रहेको, त्यसै गरी खालिवन चौपारी र वर भञ्ज्याङमा कोश ढुङ्गा रहेको पाइन्छ। त्यसैगरी विशेष महत्व भएको छेडुवा करङ्ग, (परापुर्व कालमा वटुवा व्यापारीहरु सँग कर लिइने

स्थान) जोइथोक (कुइनेटाको भट्टी जहाँ मानिसहरु भारी वोकेर विसाउने ठाउँ) माझीगाउँ जहाँ (आपँचौर देखी तलको ठाउँ) माझीहरुको वस्ती रहेको र जन्तीलाई तार्दा डुङ्गा पल्टिएको र त्यस पश्चात त्यस स्थानमा डुंगा तार्न छाडिएको कुरा स्थानीयहरु किमवदन्तीको आधारमा वताँउछन्। त्यस्तै गरी खैरेनी वन जहाँ कालिगण्डकी घुमाउरो गरी वगेको ठाउँ त्यस स्थानमा कालिगण्डकी वगेर आउदा कामधेनु गाइ व्याएको र सिधा वाटो हिड्दा गाई र वाच्छीलाई असर पुग्ने हुँदा नदिले कामधेनु गाइलाई बचाउन घुमाउरो गरी उत्तरपट्टिबाट आफ्नो धार परिवर्तन गरि वगेको भन्ने मान्यता रहेको छ।

नेपालको संविधान २०७२ अनुसार हाल आएर यस वडामा २०७४ र २०७९ सालमा गरी दुई पटक स्थानीय तहको निर्वाचन भएको र त्यस पश्चात निम्न अनुसार जनप्रतिनिधिहरु निर्वाचित भएको अवस्था छ। सोही वमोजिम २०७४ सालमा निर्वाचित जनप्रतिनिधिहरु को विवरण यस प्रकार रहेको छ

२०७४ का वडा प्रतिनिधिहरु	२०७९ का वडा प्रतिनिधिहरु	कार्यपालिका सदस्यहरु
वडा अध्यक्ष : बोम वहादुर नामजाली	वडा अध्यक्ष : दिनेश आचार्य	कार्यपालिका सदस्य : गिता अर्याल क्षेत्रि
वडा सदस्य : भगवान अधिकारी	वडा सदस्य : विष्णु माया गैरे	
वडा सदस्य : मोहन प्रसाद श्रेष्ठ	वडा सदस्य : कमला सुनार	
वडा सदस्य : गीता अर्याल क्षेत्री	वडा सदस्य : दिल वहादुर रामजाली	
वडा सदस्य : निर्मला वि.क.	वडा सदस्य : लिलानाथ अधिकारी	

यस वडाको कार्यलय भवन कुमराङटारमा रहेको छ भने यस वडाको सिमाना पुर्वमा तुरुन्देखोला, उत्तरमा कालीगण्डकी दक्षिणमा माथिल्लो बाघखोर(चुच्चेढुङ्गा) र पश्चिममा भालुटार रहेको छ। वडा नं. ८ (हालको) साविक खालिवन गा.वि.स.का वडाहरु १, २, ३, ४, ६ र गेभ्रा गा.वि.स.को १ मिलेर वनेको छ। यस वडामा ८ वटा टोल विकास समिति गठन गरीएको छ, जस मार्फत वडा भित्र विकास निर्माणका गतिविधिहरु संचालन हुन्छन्।

यस वडा भित्र विभिन्न विकासका पुर्वाधारहरु निर्माण गरीएको छन् र यसै वर्ष वडा भवन निर्माण गरी कार्यलयका कामकाज सोही भवन वाट संचालन गरीएको छ। यस वडा वाट दिइने दैनिक कामकाजलाई चुस्त दुरुस्त र पारदर्शी वनाउनका लागी अनलाइन सिस्टम वाट आफ्नो फेसबुक पेज मार्फत वडाका सुचनाहरु प्रवाह गर्ने गरेको पाइएको छ। यस वडाले महिलाहरुका लागि अभिमुखिकरण कार्यक्रम विभिन्न सिपमुलक कार्यक्रम जस्तै मादल वजाउने तालिम, सावुन सरफ वनाउने तालिम,आरन सुधार कार्यक्रम आदि संचालन गर्दै आएको छ। त्यसैगरी वालबालिकाको लागी छात्रवृद्धि, खेलकुदका सामाग्री नियमित रुपमा दिदै आएको छ। खेल मैदान निर्माण र खुल्ला जिमशाला निर्माण गरेको पाइन्छ।

२. समाज र संस्कृति

२.१. प्रमुख वस्तीहरु

यस वडा भित्र थुप्रै पुराना तथा नयाँ वस्तीहरु रहेका पाइन्छ। यस वडा भित्र भएका वस्तीहरुलाइ ८ वटा टोलहरुमा विभाजन गरीएको छ, जुन यस प्रकार रहेका छन्।

टोल नं १ : तल्लोसेरा, जरुवापानी, वराहटार, वराहा, चनौटे, कोल्टार, टापु
टोल नं २ : रानीवास, धैरेनी, रण्डाखाल, लुकुवा, वाँइकरे, खोलाखेत, पाट्नेवारी
टोल नं ३ : गोर्खालीगाउँ,सारुगाँउ, शिखरडाँडा, धारापानी, कामीगाँउ ,ढलेवर, एक्लेटार,भट्टाई थुम्का,धनसारे
टोल नं ४ : कटहटार, खम्चुवा, पिपलचौर, आँपचौर, आमटारी, भिमिरे, तिनकन्य
टोल नं ५ : माथिल्लो कुमराङ, तल्लो कुमराङ, वटम्मा, पैनिखेत,खुर्सानीडाँडा

टोल नं ६ : भुजात, वगेनी छाप(गुरुङ गाउँ), भुजात माझटोल, ठूलो बगैचा, सानो वगैचा, खिरडाँडा, मूल्याहा, कुँडहर, वैरेनी

टोल नं ७ : निसर्दी, भालुटार, पाण्डेटोल, अधिकारी टोल, बेलघारी टोल

टोल नं ८ : माथिल्लो झिरुछाप, तल्लो झिरुछाप, बाघखोर, देउराली, खालिवन डाँडा, ढुंगाना गाउँ, खरके, धारेखर्क आदि रहेका छन्।

२.२. **जातजाती, संस्कार र संस्कृति**

यस वडा भित्र थुप्रै खालका जातजातिगत संस्कार र संस्कृतीमा विविधता पाइन्छ। फरक फरक खालका भाषा, धर्म, जातजाती, संस्कार र संस्कृती रहेको छ। प्रमुख जातजातीहरुमा ब्राह्मण, कामी, दमाइ, सार्की, क्षेत्री, मगर, गुरुङ, कुमाल, घर्ती, नेवार, मुस्लिम, वादी, चुँदारा आदि रहेका छन्। फरक फरक समुदायका मनिसहरुले मनाउने चाडपर्वहरु रितीरिवाज र परम्परा पनि फरक फरक हुन्छ। प्रमुख चाडपर्वहरुमा दशै, तिहार, इद, जनैपुर्णिमा, चैते दशै, चण्डीपुर्णिमा, माघेसंक्रान्ती, तीज, कृष्णजन्मअष्टमी, पन्ध्रपुष र क्रिसमस डे आदि रहेको छ। विभिन्न चाडपर्वहरुमा यस समुदायका मनिसहरु विभिन्न खानेकुराहरु जस्तै वटुक, खिचडी, चिच्चर, मालपुवा, रोटीका परीकारहरु, चुकाउने, पुवा, चरीखट्टे, खिर, मासुका परीकाहरु आदि खाने गर्दछन्। विभिन्न समुदायमा मानिसहरुले नाच्ने नाचहरु नेवार समुदायको लाखे नाच, मगर समुदायको भ्याउरे, नचरी, कौरा, सोरठी त्यसैगरी वाहुन क्षेत्रीहरुको भजन किर्तन, ख्याली, चुट्का, विवाहमा रत्यौली आदि नाच्ने गरेको पाइन्छ।

यस वडा भित्र विभिन्न प्रकारका धार्मीक स्थलहरु रहेका छन्। जस अर्न्तगत देउराली वज्यैको मन्दिर, सिद्धेश्वर महादेवको मन्दिर (रानीवास), मनकामना मन्दिर (मानेवजार), शिव मन्दिर (अम्दाहा), शिवदुर्गा मन्दिर (आपँचौर), कण्ठदेवि मन्दिर (एक्लेटार), लुलेदेवी मन्दिर (रानीवास), अकलादेवी मन्दिर(निसर्दी), दुर्गा मन्दिर(कटहटार), तिनकन्य मन्दिर (गोर्खालीगाउँ), सिद्धबावा धाम(भुजात), वरायदेवी मन्दिर (सानो वँगैचा), दुर्गादेवि मन्दिर(खिरेडाँडा) र भगवता कालिनाग सेतीनाग मन्दिर आदि रहेको छन् यी धार्मीक स्थालहरुमा विभिन्न समयमा पुजापाठ मेलापर्व हुने गरेको पाइन्छ।

यसैगरी यसै वडा भित्र वसोवास गर्ने विभिन्न जातजातिहरु मध्ये नेपालकै लोपोन्मुख जातिको सुचीमा सुचिकृत वादि समुदाय समेतको यहा बसोबास रहेको छ ,परम्परागत रुपमा मादल बनाउने पेशा अगालेका उनिहरुको परीवार यसैबाट जिविकोपार्जन गरेको पाइन्छ।

२.३. **स्थानिय संघसंस्थाहरु**

यस वडा भित्र विभिन्न प्रकारका स्थानिय संघसंस्थाहरु रहेको छन्। जस अन्तर्गत आम समुहहरु, बालल्कवहरु, युवाल्कवहरु रहेका छन् जसले विभिन्न सामाजिक, सास्कृतिक, खेलकुद तथा अन्य विभिन्न कार्यहरु गर्दै आएका छन्। यस वडा भित्र रहेको गोर्खालीगाउँ नेवा समाज र नवचेतनशिल नेवा समाजले आफ्नो पुरानो नेवारी सास्कृतीक लाखे नाच, तथा जात्रा उत्सवहरु गर्दै आएका छन्। यस वडा भित्र ६ वटा सामुदायिक विद्यालयहरु रहेका छन्। यस वडा भित्र स्वास्थ्य संस्थाको रुपमा खालिवन स्वास्थ्य चौकी रहेको छ। त्यसै गरी नेपाल रेडक्रस र स्काउटले विभिन्न विद्यालयहरु मार्फत कार्यक्रमहरु संचालन गर्दै आएको छ। त्यसैगरी यस वडा भित्र खेलकुद विभिन्न गतिविधि गर्नका लागि खेलमैदानहरु रहेका छन् जस अन्तर्गत कुमराङ खेलमैदान, वराहटार खेलमैदान, ठाँडीखोल्सी खेलमैदान, लुकुवा, कटहरेटार, गंगा मा.वि. खेलमैदान, निसर्दी , बाघखोर, भुजात क्रिकेट ग्राउण्ड, लामाचौर खेलमैदान आदि रहेका छन्।

३. वन, वातावरण र पर्यटन

३.१. सामुदायिक वन र वनपैदवार

यस वडा भित्र सामुदायिक स्तर वाट संरक्षण गरीएका थुप्रै सामुदायिक वनहरु रहेका छन् । जस अन्तर्गत खहरेखोला सा.व., पिपलपाटा साव., भेरुछाप पुर्निघा सा.व., कोर्के आरुखरक सा.व.,कटुसे महिला, मजुवा खहरे सा.व., लामडाँडा पोखरडाँडा सा.व., खैरेनी सा.व., गैरी वरपिपल सा.व., एक्लेटारपुछार सा.व., धनसारे सा.व., रानिवन,चुच्चेढुङगा सामुदायिक वन पर्दछन् ।

यी सामुदायिक वनमा विभिन्न प्रकारका वोटविरुवाहरु पाइन्छ जस अन्तर्गत काठको रुपमा प्रयोग गरीने साल, सिसौ, टुनी, सिमल, खयर,साज, चिलाउनी, करङ, लसुने आदी रुखहरु प्रशस्त पाइन्छन् ।

त्यसैगरी वन पैदावारको रुपमा प्राप्त हुने प्रशस्त जडीवुटीहरु समेत यी वनहरुमा पाइन्छन् जस अन्तर्गत पडारी, अरेलीको जरा, वनकपास, वनलसुन, गुर्जे, जनुवा, सिस्नो, मगरकाची, उन्यु, निउरो, गलैचे, कुरिलो, दारीगिठो, मुडुलो, चिनी लहरा, धुरीकाठ सरिफा, सैचन, सर्पगन्ध, मैनकट्टा, भर्ला, रामभर्ला, गोमुख, पनियार, वयर, वेल, भक्याउलो, रिठ्ठा, टिमुर, गौचलो, सिदर्लो, दत्तिउन, कुरीलो, घोलटाप्रे आदि जुन औषधीय गुणको रुपमा र धार्मिक कार्यका लागी समेत उपयोगी हुन्छ। यस बाहेक घुरीकाठ र कुचिलो यस वडामा मात्र पाइने वनस्पति हुन् ।

३.२. वन्यजन्तुहरु

यस क्षेत्रका वनहरुमा विभिन्न प्रकारका वन्यजन्तु तथा पंक्षिहरु रहेका छन् । यहाँ जनावरको रुपमा निगाले बाघ, मृग, वाँदर, स्याल, दुम्सी, मालसाप्रो, खरायो, भार्से, वन विरालो, गोहोरो, आदि रहेका छन् भने पंक्षिहरुमा गिद्ध, काग, चिल, तित्रा, वनकुखुरा, कालिज, ढुकुर, जुरेली, भगेरा, गौथली, मैना, सुगा, चिवे, लाटोकसेरो, धोवीचरा, झोलीचरा, ठेवा, आदि पंक्षिहरु पाइन्छन् ।

३.३. प्रमुख पर्यटकीय स्थलहरु

यस वडा भित्र रामपुर नगरपालिकाकै पर्यटन प्रर्वदनका लागी सुन्दर पर्यटकीय स्थलहरु रहेका छन् । जस अन्तर्गत मुख्य पर्यटकिय स्थलहरु निम्न छन् ।

१. सिद्धबाबा धाम तथा पिकनिक स्पोट भुजात
२. खैरेनी सामुदायिक वन तथा खैरेनी जटायु पार्क
३. शिलाकोट

सिद्धबाबा धाम, भुजात

यस वडा भित्रको प्रमुख धार्मिक तथा पर्यटकिय गन्तव्य को रुपमा रहेको सिद्धबाबा धाम कालीगण्डकी वेशीकै महत्वपूर्ण ठाउँ हो । यो ठाउँ साविक खालीवन गा.वि.स वडा नं. ४ भुजात हाल रामपुर ८ मा रहेको धार्मिक एवं पर्यटकीय क्षेत्र श्री सिद्ध बाबा धाम भुजात पर्यटन विकास समिति नामको संस्था आन्तरिक मामिला तथा कानुन मन्त्रालय लुम्बिनी प्रदेशमा दर्ता रहेको छ । यहाँ रहेको गुफा परापुर्वकाल देखी को हो र यहाँ विभिन्न ऋषि मुनिहरुले पटक पटक तपस्या गरेको भन्ने गरेको पाइन्छ । यस धामको संरक्षण गर्ने काम २०५१ सालको असार ठुली एकादशीवाट मात्र गर्दै आएको छ । यस मन्दिरमा पुजा आजा १०८ शिवलिङ्गमा जल चढाउने र गाइ भैसीकोद दुध चढाउनाले मनोकामना पुरा हुने जनविश्वास रहीआएको छ । सिद्धबाबा गुफामा रहेको शिवजीको स्वरुपलाई पाशुपत क्षेत्रका रुपमा मानिन्छ । यहाँ पाल्पा, स्याङ्जा, तनहु, नवलपुर लगायतका जिल्लाहरु वाट उल्लेख्य मात्रामा भक्तजनहरु पुजाआजा र पिकनिकका लागि आउने गरेको पाइन्छ । पवित्र नदी श्री कृष्णगण्डकीको किनार साथै प्रशस्त खेलमैदान र सामुदायिक वनले यसको सुन्दरता वढाएको

छ। यहाँ राम्रो पिउने पानीको राम्रो व्यवास्था गरीएको छ, जसले गर्दा यहाँको भुगोल खाली जमीन चौर खेलमैदान आदिको कारणले पछिल्लो समय वनभोज स्थलको रुपमा विकास भएको छ। यहाँ दर्शन गर्न र घुम्नका लागि आन्तरिक तथा वाह्य पर्यटकहरु महाशिवरात्री, चैते दशै, रामनवमी, नयाँ वर्ष र श्रावण महिनाको प्रत्यक सोमबार आउने क्रमक वढी छ। यहाँ नियमित रुपमा पूजाआजा र अखण्ड ध्वनि हुने गर्छ। यहाँ धेरै विवाह तथा व्रतवन्ध जस्ता सामाजिक कार्यहरु पनि हुने गर्छ। यस संस्थाको संरक्षणका लागि तिनै तहका सरकारहरुवाट सहयोग गरेको पाइन्छ र यो स्थान रामपुर नगरपालिकाकै एक महत्वपूर्ण धार्मिक तथा पर्याटकीय स्थल भएकोले यसको विकास र विस्तारका लागि प्रचार प्रसारमा लाग्नु पर्ने देखिन्छ।

खैरैनी सामुदायिक वन तथा जटायु संरक्षण क्षेत्र

साविक खालिवन गा.वि.स. ३ र हाल रामपुर नगरपालिका वडा नं. ८ मा अवस्थित यस स्थान रामपुरकै एक महत्वपूर्ण पर्यटकीय गन्तव्य हो। यो स्थान सुन्दर कालिगण्डकी नदीको तटमा अवस्थित छ। यस स्थानमा कालिगण्डकी नदी दक्षिणवाट उत्तरतर्फ वगेको हुदाँ यस क्षेत्रलाई उत्तरवाहिनी पनि भनिन्छ र यस नदीले खैरेनी सामुदायिक वनलाई सुन्दर तरिकाले घुमेर गएको हुदाँ यसको महत्व अझ वढेको छ। यस वाहेक यहाँ गिद्ध संरक्षणका लागि जटायु रेष्टुरेन्ट जुन नेपालमै लोप हुन लागेका विभिन्न प्रकारका करिव ८ प्रजातिका ३०० गिद्धहरुको संरक्षणका लागि स्थापना गरिएको छ र यहाँ रामपुर नगरपालिका भित्र मरेका घरपालुवा जनावरहरुलाई ल्याउनका लागि खैरेनी सामुदायिक वनले व्यवस्थापन गरेको छ। यहाँ वासस्थानका लागि ठुला अग्ला सिमलका रुखहरु रहेका छन्। पर्यटन प्रर्वदनका लागि यस स्थानमा जटायु पार्कको समेत स्थापना गरिएको छ। त्यसका साथै खैरेनी वनलाई ठुलो खैरेनी र सानो खैरेनी गरी नदीको सोतोले छुट्याएको छ। सानो खैरेनीको विचमा बुद्धको मूर्ति रहेको छ जुन स्थानलाई किम्बदन्तीअनुसार कालिगण्डकी नदी बगेर आउदा कामधेनु गाई सुत्केरी भएर वसेको हुदाँ नदीले आफ्नो धार परिवर्तन गरी पश्चिम तर्फवाट वगेर गएको र सो स्थान अरु ठाउँ भन्दा अग्लो रहेको जानकारी छ। त्यस वाहेक ठूलो खैरेनीमा करीब ५०० मिटरको पैदल यात्रीका लागि पदमार्ग, वनभोज स्थल, ट्रि हाउस र अन्य आकर्षक खालका रुखहरु जडीवुटीहरु र वन्यजन्तु तथा चराचुरुङ्गीहरु रहेका छन् त्यसै गरी यहाँ पाइने भिमसेन ढुङ्गा, दर्शन ढुङ्गा, भुतिया ढुङ्गा, भैसे ढुङ्गा, पिडि ढुङ्गा आदि यहाँका थप आकर्षण हुन्।

३. शिलाकोट

रामपुर नगरपालिका अन्तर्गत यस वडा नं. ८ (साविक खालिवन गा.वि.स. ६)मा पर्ने शिलाकोट धार्मिक तथा पर्यटकीय हिसावले एक महत्वपुर्ण स्थान हो। समुन्द्र सतहदेखि १०८१ मिटरको उचाइमा रहेको यो स्थान यस वडाको सवैभन्दा अल्लो स्थान पनि हो। यो स्थानमा वालसिद्धथान रहेको छ जुन धार्मिक हिसावले महत्वपुर्ण छ। हरेक पुर्णिमामा यहाँ दुधधार दिदाँ मनोकाङक्षा पूरा हुने विश्वास रहिआएको छ। खासगरी मंसिर पूर्णिमाको दिन यस ठाउँमा विशेष पूजाआजा र मेला लाग्ने गर्दछ पहिलो पुजेरी विर वहादुर सारुले शुरु गर्नु भएको पुजाआजा हालसम्म पनि विभिन्न व्यक्तिहरु वाट पुजारीको रुपमा निरन्तरता दिइएको पाइन्छ। यस स्थान भौगिलिक हिसावले माथि डाँडामा सम्म परेको र वरिपरि सालका प्रशस्त रुखहरु रहेका छन्। यस ठाउँवाट रामपुर उपत्यका, चापाकोट, तनहुँ, नवलपुर लगायतका ठाउँहरु प्रष्टसँग देखीन्छ। यस ठाउँको थोरै तल कालिपारे वज्यैको मन्दिर पनि रहेको छ। जुन धार्मिक हिसावले महत्वपूर्ण रहेको छ। यस ठाउँको नामवाट खेलकुद प्रतियोगिताहरु संचालन हुने गरेको छ। पर्यटकीय हिसावले अति सुन्दर र महत्वपूर्ण स्थान भएकोले पर्यटकीय गन्तव्यको रुपमा विकास गर्ने र होमस्टे सञ्चालन गरी आर्थिक विकासमा समेत टेवा पुग्ने भएकोले सम्वन्धित सवै पक्षको ध्यान जानु पर्ने देखिन्छ।

४. आर्थिक क्रियाकपलाप

४.१. प्रमुख पेशाहरु

यस वडा भित्र विभिन्न पेसा व्यावसायका मानिसहरु वसोवास गर्छन् । यहाँ अधिकांश मानिसहरु कृषि पेशामा संलग्न छन् भने अन्य पेसाहरुमा शिक्षण पेशा, निजामती सेवा, आर्मी, प्रहरी, वैदेशिक रोजगार, उद्योग तथा व्यवसाय सञ्चालन, स्थानीय स्तरमा प्रयोग हुने वस्तुहरुको निर्माण र वेचविखन (डोको, डालो, सुपो, नाम्लो कृषि औजारहरु), मादल तथा ढोलक निर्माण तथा वेचविखन आदि रहेका छन् ,जसबाट आर्थिक लाभ लिइ जिविकोपार्जन गरिरहेका छन् ।

४.२. स्थानीय उत्पादनहरु

यस वडा भित्र स्थानीय स्तरमा विभिन्न उत्पादनहरु गरेको पाइन्छ। यहाँ अधिकांश मानिसहरु कृषि पेसामा संलग्न भएकोले कृषि उत्पादनहरु प्रशस्त हुने गरेको छ। जस अन्तर्गत धान, मकै, गहुँ, कोदो, फापर, अदुवा, वेसार, पिडाँलु, गेडागुडीहरु, आलु, उखु, विभिन्न किसिमका तरकारीहरु उत्पादन तथा विक्रिविवतरण हुने गरेको पाइन्छ । त्यसवाहेक यहाँ कुखुरा पालन, वँगुर पालन, बाख्रा पालन, मत्स्यपालन, आधुनिक तथा परम्परागत तरिकाबाट मौरी पालन र गाई तथा भैसी पालन वाट प्रशस्त आम्दानी गरेको देखिन्छ। यस ठाउँको अन्य उत्पादनमा विभिन्न आमा समूहबाट सावुन तथा सरफ वनाउने, माला वनाउने गरेको र त्यस वाट आर्थिक लाभ भएको छ र यहाँ गाइ तथा भैँसीको दुध सङ्कलन गरी डेरी उद्योग संचालन भएको जसवाट दुध, दही, घ्यू, पनिर, छुर्पी, कुराउनी, आदि उत्पादन गरी विक्रीवितरण गरेको पाइन्छ।

४.३. वैंक तथा वित्तीय संस्थाहरु

यस वडाभित्र आर्थिक कारोवार गर्ने वित्तीय संस्थाहरु बराहा कृषि सहकारी संस्था र नवज्योति बचत तथा ऋण सहकारी संस्था रहेका छन् । त्यसका अतिरिक्त सामान्य आर्थिक कारोवार गर्ने आमा समूहहरु र अन्य समूहहरु छन् त्यसबाहेक यस वडाभित्र विभिन्न वित्तीय संस्थाका लघुवित्तहरुले समेत आर्थिक कारोवार गरेको पाइन्छ।

५. विकासका पूर्वाधाहरु

५.१. शिक्षा, स्वास्थ्य तथा सडक र सञ्चार

शिक्षा

यस वडा भित्र जम्मा ६ वटा विद्यालयहरु रहेका छन् जस मध्ये मा.वि. १, आ.वि. १ र प्रा.वि. ४ वटा रहेका छन् , जुन निम्नानुसार रहेका छन्:

श्री गंगा माद्यमिक विद्यालय : बालकक्षा देखि १२ कक्षासम्म पढाइ हुने विद्यालय ।
श्री जानकी आधारभुत विद्यालय : बालकक्षा देखि कक्षा ८ सम्म पढाइ हुने विद्यालय ।
श्री शारदाशरण प्राथमिक विद्यालय : बालकक्षा देखि ५ कक्षासम्म पढाइ हुने विद्यालय ।
श्री वि पि आर्दश प्राथमिक विद्यालय : बालकक्षा देखि ५ कक्षासम्म पढाइ हुने विद्यालय ।
श्री बिरेन्द्र प्राथमिक विद्यालय : बालकक्षा देखि ५ कक्षासम्म पढाइ हुने विद्यालय ।
श्री देविस्थान प्राथमिक विद्यालय : बालकक्षा देखि ३ कक्षासम्म पढाइ हुने विद्यालय ।

प्रत्येक विद्यालयलाई वार्षिक रुपमा वडा कार्यालय वाट छात्रवृत्ति, खेलकुद सामाग्री तथा अन्य सामान्य भौतिक पूर्वधारका लागि सहयोग दिदै आएको छ। सवै विद्यालयको शैक्षिक तथा भौतिक पूर्वधारको अवस्था सन्तोषजनक रहेको छ र यस वडा भित्र श्री गंगा माध्यमिक विद्यालय नेपाल सरकारबाट नमुना विद्यालयको रुपमा छनोट भएको विद्यालय हो ।

स्वास्थ्य

यस वडा भित्र स्वास्थ्य उपचारको लागि खालिवन स्वास्थ्य चौकी रहेको छ जसले दुईवटा शाखाहरु खालिवन स्वास्थ्य चौकी खालिवन र खालिवन स्वास्थ्य चौकी कुमराङको आफ्नै कार्यालय भवनवाट नि-शुल्क रुपमा सेवा दिदै आएको छ। साथै यस स्वास्थ्य संस्थावाट वडा भित्रका सवै टोलमा घुम्ती शिविरहरु सञ्चालन गरी सेवा दिदै आएको पाइन्छ।

सडक तथा सञ्चार

यस वडामा दुई वटापक्की सडक (रानीवास र वराहाटार) मा रहेको छ र अन्य सवै स्थानलाई छुने ग्राबेल सडकहरु निर्माण गरिएका छन् साथै यस वडाको तल्लो भाग वाट कालिगण्डकी करिडोर करिब ४ किलोमिटर छोएर गएको छ। यस वडाभित्र सञ्चारका साधानहरु इन्टरनेट, मोवाइल, टेलिभिजन, रेडियो आदिका लागि सञ्चार पूर्वाधार राम्रो रहेको छ।

५.२. विद्युत, खानेपानी तथा सिचाइ

विद्युत

यस वडाभित्रका प्रत्येक घरधुरीमा पुग्ने गरी विद्युत व्यवस्थापन गरिएको छ। खासगरी यस वडामा वुटवल पावर कम्पनी लि. गल्याङ शाखावाट विद्युत वितरण भएको छ र विद्युत महशुल तिर्नका लागि रामपुर शाखाले सेवा दिदै आएको छ।

खानेपानी

यस वडा भित्र खाने पानी व्यवस्थाका लागि विभिन्न धाराहरु मर्मत गर्ने र नयाँ योजनाहरु लागु गरेको पाइन्छ जसअन्तर्गत खानेपानीका लागि भुजात र निसर्दीमा लिफ्टिङ खानेपानी, रानीवास ठुलो इनार लिफ्टिङ खानेपानी, रामपुर ८ डिप बोरिङ खानेपानी योजना जस वाट वडा भित्र रहेका सवै घरधुरीलाई पुग्ने गरी एक घर एक धाराको कार्यक्रम अन्तिम चरणमा रहेको छ।

सिंचाइ

यस वडाभित्र रहेका कृषियोग्य जमिनहरुमा सिंचाइ सुविधा पुऱ्याउनका लागि विभिन्न खेतका कुलाहरुलाई पक्की गर्ने, मर्मत गर्ने र लिफ्टिङ आयोजनाहरु निर्माण भएका छन् जस अन्तर्गत मुख्य लिफ्टिङ आयोजनाहरुमा सेरा बराहाटार लिफ्टिङ, कटहरेटार खम्चुवा पिपलचौर लिफ्टिङ, भुजात निसर्दी लिफ्टिङ आदि रहेका छन्।

६. विपद् र विपद् व्यवस्थापन

यस वडाको विपद्का विभिन्न समयमा भएका घटनाक्रमहरुलाई हेर्दा २०५१ सालमा झिरुछाप भन्ने ठाउँमा ठुलो आगलागीबाट १८ वटा घर सहित १ जना मानिसको समेत ज्यान गएको साथै थुप्रै पशुचौपायाको क्षति पुगेको कुरा यस ठाउँका स्थानियहरु वताउछन् । त्यस बाहेक भुजात अधिकारी परीवारमा भएको ठुलो धनमालको डकैती, गोर्खाली गाँउ,सारु गाँउको पहीरोबाट पनि कतिपय घरहरु विस्थापित हुनुपरेको घटना , २०७२ सालको भुकम्पले पुर्‌याएको क्षति आदि रहेका छन्। यस क्षेत्रका मुख्य पहीरो ग्रस्त क्षेत्रहरु खालीवन डाँडाको उत्तरी भाग९गोर्खाली गाँउ० शिखरडाँडाको दक्षिणी भाग (सारु गाँउ) र वाढी प्रभावित क्षेत्रहरुमा तुरुन्दीखोला किनारका खेतहरु, अन्यखोला किनारका खेतहरु वस्तीहरु, कालीगण्डकी तटीय क्षेत्रका जमिनहरु र आगलागी हुन सक्ने सामुदायिक वन नजिकका वस्तीहरु रहेका छन्। यसको व्यवस्थापनमा स्थानीय स्तरबाट सम्भावित विपद्हरु बाढी, पहीरो, भूक्षय, भूकम्प र आगलागी आदिबाट वच्नका लागि विभिन्न प्रकारका जनचेतनामूलक कार्यक्रमहरु संचालन गर्ने, वृक्षारोपण गर्ने, सम्भावित वस्तीहरुमा अग्रीम सूचना प्रवाह गर्ने र क्षति भएका ठाउँहरुमा राहत तथा सहयोगहरु उपलब्ध गराउने कार्य हुदै आएको छ।

रामपुर नगरपालिका, वडा नं. ९, रामपुर, पाल्पा

१. परिचय

१.१. भौतिक अवस्था :

रामपुर नगरपालिका वडा नं ९ रामपुर नगरपालिकाको पश्चिम दक्षिण भागमा अवस्थित छ। अन्य वडाहरु भन्दा यो वडाका सवै भूभागहरु डाँडाकाँडाहरु मात्र रहेका छन्। यो स्थान २७° ५०'५०" उत्तरी अक्षांस ८३° ४७'५२" पुर्वी देशान्तरमा पर्दछ। यस वडाको सवैभन्दा अग्लो भाग खालीवन कोटडाँडा हो जसको उचाई समुद्र सतहवाट १२९० मी. भने यसको सवैभन्दा होचो भू-भाग ग्याव्दी खोलाको दोभान (मान्छेलुंग र सेफतको गल्छि) जसको उचाई समुद्र सतहवाट ७१६ मीटर रहेको छ। रामपुर नगरपालिकालाई भौगोलिक रुपमा समथर भू-भाग भनेर चिनिन्छ तर वडा नं ९ को सम्पुर्ण भाग डाँडा पाखाहरुले मात्र वनेको छ।

यस वडामा साना ठूला खोलाहरु र खोल्साहरु प्रसस्त रहेका छन्। ती खोलाहरुमा लाम्दी खोला, घुमाउने खोला, मन्दाखोला, गाहाखोला, सम्म्याखोला, ग्याव्दीखोला, स्यार्पुङ्गदी खोल्सा, अर्चलखोला, भर्लेङ्गदी खोल्सा, सिरुव्दी खोल्सा, ढाक्रेवास खोला, वाँदखोला, ओखर्दी खोला, ओख्लेपानी खोल्सा, तुरुन्दी खोला, चिडियाखोला, धारादीखोला, ओदरेखोला डुम्रीकुन खोल्सा, ठाडोगैरा खोल्सा, मण्डली खोल्सा, ढुडीगैरा खोला, बल्लभ खोला, वरभञ्ज्यांग खोल्सा, सिमलभञ्ज्याङ खोल्सा, मोदीखोला आदि रहेका छन्। यति धेरै खोलाहरु मध्ये प्राय खोलाहरु साना पंधेराहरु वगेर वनेका खोल्साहरु नै छन्। यी खोल्साहरु मिसियर कुनै कुनै खोलाका रुपमा वग्ने गरेका छन्। यी खोल्साहरु मध्ये कतिपय स्थानमा पानीको वहावको कारणले आकर्षक झरनाहरु रहेका छन् । त्यस्त झरनाहरुमा, झर्लेङ्गदी झरना, ढुडीगैरा झरना र मोदीखोला लिन्दी छाँगा रहेका छन्। यस वडामा प्रसस्त भञ्ज्याङहरु रहेका छन् ती हुन् बर भञ्ज्याँग, सिमल भञ्ज्याङ, ठाँटी भञ्ज्याङ, चुन भञ्ज्याङ, मन्छेलुंग भञ्ज्याङ, वाघखोर भञ्ज्याङ, मधुकोट भञ्ज्याङ, घिनछाप भञ्ज्याङ, सेफत देउराली भञ्ज्याङहरु हुन्।

१.२. ऐतिहाँसिक र समसामयिक अवस्था :

ऐतिहाँसिक कालमा तन्हुँको भिमाद, घिरीङ्ग, स्याङ्जाको केलादीवाट रामपुर हुँदै वुटवल जाँदा यही वाटोमा वटुवाहरु बसेर आराम गर्ने स्थानमा ज्यादै चिसो र मिठो पानी पाइने स्थानको रुपमा मगरभाषामा **ज्याङ्चडी** वाट जनजिव्रोमा परिवर्तन हुदै हालको जब्गादी भन्ने स्थानको नाम रहेको कुरा त्यस क्षेत्रका वुढा पाकाहरु बताँउछन्। त्यस्तै जब्गादीबाट पश्चिम तर्फ ठूलो संख्यामा मगर र अन्य समुदायको वस्ती रहेको छ। त्यस स्थानमा अर्वा (कटवाँस जस्तै रुख) रहेको र मगरभाषामा त्यसलाई अर्वासिङ भनिने भएको हुँदा त्यस ठाँउको नाम अर्वासिङ रहन गएको भन्ने त्यस ठाँउका मानिसहरु वताउँछन्।

यस वडामा रहेका विभिन्न ऐतिहाँसिक स्थलहरु मध्ये कोटडाँडा र पुर्निघाको लेकलाई लिन सकिन्छ। पूर्वकालमा भुरे राजाहरुको पालामा पुर्निघाको पहाडको तल्लो भागमा रहेका गुफाहरुमा भुरे राजाहरुकको पालामा हातहतियारहरु लुकाएर राख्ने गरिएको कुरा पाका पुराना व्यक्तिहरु त्यस क्षेत्रमा जाँदा भेटिएका खुँडा तरवारहरु र अन्य हतियारहरुवाट पुष्टि हुन्छ। त्यहाँ भेटिएका हतियारहरु मध्ये कतिपय हाल कोटघरमा सुरक्षित गरिएको समेत जानकारहरु वताँउछन्। पञ्चायत काल भन्दा अगाडिको इतिहाँसको कुरा, गर्दा यस क्षेत्रमा राणाकालको प्रशासनिक निकायको रुपमा जिम्माल, मुखिया र विर्ता तथा मौजा जस्ता व्यवस्थाहरु रहेको र स्थानीय तहमा अत्याधिक शोषण विद्यामान रहेके पाइन्थ्यो, जसमा किसानहरुले सकिनसकी उत्पादन गरेको वालीहरु वोकेर राणाकालीन गोदामहरुमा लगेर जम्मा गर्नुपर्ने अवस्था, जिम्मालको घरमा झारा जानु पर्ने व्यवस्था तथा अन्य अन्यायपुर्ण काफ्ले सामाजिक व्यवस्थाका विरुद्धमा यस क्षेत्रकै नेतृत्व गरेर गोदाम प्रथाका अन्तका लागि तथा पाल्पा जिल्लामा भएको राणाविरुद्ध सशस्त्र आन्दोलन देखि प्रजातन्त्र स्थापनामा गरेको

संघर्ष जसलाई २०१६ सालमा सर्वश्व सहित जन्मकैदको सजाय तोकिएको थियो ,यस पाल्पा स्यांग्जा समेत यस क्षेत्रको नेतृत्व गर्ने स्व. टंकनाथ काफ्ले पनि यसैवडाका वासिन्दा हुनुहुन्थ्यो। राणाकालमा यो क्षेत्र पिलुवा मौजा अन्तर्गत रहेको थियो। यस मौजाको जिम्माल स्व. नित्यानन्द अर्याल र उजिर सिं खन्गाहा हुनुहुन्थ्यो, यस क्षेत्रमा मूख्याको काम गर्ने व्यक्तिहरु हर्क वहादुर खन्गाहा र उदल सिं सिंजाली हुनुहुन्थ्यो। पञ्चायत कालको सुरुवात भएपश्चात यो वडा पिलुवा खालिवन पञ्चायतमा पर्दथ्यो पिलुवा खालिवन पञ्चायतको प्रधानपञ्चहरु, खिम वहादुर आचर्य केदारनाथ उपाध्याय, टेक वहादुर दिशा, कृष्ण प्रसाद काफ्ले, प्रताप सिं दिशा हुनुहुन्थ्यो। भने पछि यो पञ्चायतको नाम खालिवन गाँउ पञ्चायत रहन गएको थियो। यसका प्रधानपञ्चहरु धातानन्द अर्याल र ज्ञान प्रसाद अर्याल हुनुभएको थियो। २०४७ सालमा यस खालिवन गाँउपञ्चायत खालिवन गा.वि.समा परिवर्तन भएको थियो र यसका गा.वि.स अध्यक्षहरु भुवनेश्वर अर्याल र पछि शालिकराम पंगेनी हुनुभएको थियो। रामपुर वडा नं ९ तत्कालिन खालिवन गा.वि.स. का वडाहरु वडा नं ५, वडा नं ७, वडा नं ८ र वडा नं ९ मिलेर हालको रामपुर नगरपालिकाको वडा नं ९ वनेको छ २०७१ वैसाख २५ गते रामपुर तत्कालिन स्थानीय स्वयत्त शासन संचालन ऐन अन्तर्गत घोषणा भएको नगरपालिकामा १५ वटा वडाहरु कायम भएकोमा हालको वडा नं ९ रहेको स्थान वडा नं १२ भएको थियो। त्यस वखत वडाको कार्य सञ्चालनका लागि वडा नागरीक मञ्च गठन गरिएकोमा उक्त वडाको वडा नागरीक मञ्चको संयोजक ज्ञान प्रसाद अर्याल रहनुभएको थियो। २०७२ सालमा नेपालको संविधान जारी भए पश्चात स्थानीय शासन संचालन ऐनको व्यवस्था अनुसार जनसंख्या र भूगोलको आधारमा वडा विभाजन गर्ने क्रममा रामपुर नगरपालिका भित्र जम्मा १० वटा वडा कायम भएकोमा हालको वडा नं ९ कायम भएको हो। संघिय नेपालको पहिलो स्थानिय तहको निर्वाचन २०७४ र दोस्रो निर्वाचन २०७९ मा यस वडावाट निम्नानुसार वडा प्रतिनिधिहरु निर्वाचित हुनु भएको थियो।

२०७४ का वडा प्रतिनिधिहरु	२०७९ का वडा प्रतिनिधिहरु
इच्छाराम सिंजाली वडा अध्यक्ष	डिलवहादुर राना वडा अध्यक्ष
विष्णु प्रसाद कोइराला वडा सदस्य	नारायण प्रसाद पोखरेल
झमन दर्लामी वडा सदस्य	भगवती सुनार
धनीमाया साठीघरे वडा सदस्य	सुनकुमारी रुचाल
मनकुमारी नेपाली वडा सदस्य	तिलवहादुर गाहा

२. समाज र संस्कृति

२.१. प्रमुख वस्तीहरु

रामपुर नगरपालिका वडा नं ९ मा निम्नानुसार वस्तीहरु रहेका छन्।

जव्गादी, अर्वीसंङ्ग, साठी पाइला, सोमैवारी, लाम्दी खोला बगैंचा, घिनछाप, अँगाहाटारी, सटाखरक पिलुवा र डाँडावारी वरपोखरा, मन्छेलुङ्ग, पिपलटारी, पिपलडाँडा, सेगीडहर, वरभञ्ज्याँग, रहेका छन्। त्यसैगरी यस वाडमा रहेका अन्य वस्तीहरु मातुरुन्दी, बचांगगैरा, मन्ताहा, मधुकोट, चिहान डाँडा, पुर्णिघा, डुंगे, खल्लुमा, स्यामीखरक, कोटथर, वाटोमुनी, थोत्रोवारी, देउराली, हटिया, ठाँटीदभन्ज्याङ, लाम्दीखरक, डाँडागैरी र सोतीटोल रहेका छन्, । माथी उल्लेखित टोलमा कुनैमा २ घर देखि ठूलो वस्तिहरु रहेका छन्। वडा नं ९ मा सवैभन्दा ठूलो वस्ती अर्वसिंग साठी पाइला रहेको छ।

२.२. जातजाती सस्कार र संस्कृति :

रामपुर नगरपालिका वढा नं ९ मा रहेका प्रमुख जातजातीहरुमा मगर, बाहुन, सार्की, कामी, दमै, क्षेत्री रहेका छन्। यस क्षेत्रका विभिन्न वस्तीहरुमा वसाँइ सरेर अन्यत्र जाने कारणले गर्दा जनसँख्या निकै कम हुँदै गइरहेको देख्न सकिन्छ।

वसाँइसराइको कारणले सवैभन्दा वढि वाहुनको जनसंख्या कम भएको पाइन्छ। यस क्षेत्रमा सवैभन्दा धेरै मगरजातिको जनसँख्या रहेको छ। यस क्षेत्रमा रामपुरमा मनाइने सवै प्रकारका चाडवाडहरु, जस्तै दशैं, तिहार, फागु, ठूलो एकादशी, चैत्राष्टमी, रामनवमी, दशहरा, नागपञ्चमी, जनैपुर्णिमा, कृष्णाष्टमी, तिज आदि रहेका छन्।

यस क्षेत्रमा मगरहरुको भेजा एक महत्वपुर्ण परम्परागत समुह रहेको पाइन्छ। भेजामा कति घर संलग्न छ त्यसको आधारमा प्रत्येक घरबाट अक्षता उठाएर पारिङ्गे वाजे वज्यैको पूजा गरिन्छ, त्यस्तै मण्डली वराजुको थपनामा पूजा गरीन्छ पूजा पछि भेजा संख्या अनुसार भाग लगाई भेजा खाने चलन मगर संस्कृतिमा रहेको छ। समाजशास्त्रमा उल्लेख भएको सामाजिक व्यवस्था र सामाजिक नियन्त्रणका लागि भेजा हाल सम्म पनि सामाजिक व्यवस्थाको परम्परागत संगठन हो।

मगर समुदायमा प्रचलित रहेको परम्परागत विवाह संस्कार यस क्षेत्रमा अहिलेसम्म पनि रहेको छ। स्थानीयका अनुसार मगर समुदायमा मामाकी छोरीलाई साली भन्ने गरीन्छ। सालीलाई फुपूको छोराको हक लाग्ने मानिन्छ। मामाको छोरीलाई घरमा सल्लाह गरेर माग्न जाने र विवाह छिनेर पछि जन्ती गई विवाह गर्ने प्रचलन पनि रहेका् छ। मागी विवाहको लागि केटी माग्न जाने व्यक्तिहरुलाई कुटुनी भनिन्छ। कुटुनीहरुले वटुक र दहीको ठेकी लिएर जाने र कुरा छिनेर आउने प्रचलन रहेको छ। कुरा छिन्ने प्रक्रियालाई ठेकी लाउने भन्ने गरिन्छ। ठेकी लगाइ सकेपछि उपयुक्त समयमा मामा पक्षले विवाहका लागि वोलाउने चलन रहेको छ। कुरा छिन्ने क्रममा केटी पक्षले विभिन्न किसिमा मागहरु राख्ने गरेको पाइन्छ। माग्ने क्रममा सुँगुरको मासु, वटुक, खसी, रक्सी आदीको माग गरेको पाइन्छ, यसलाई मगनी भनिन्छ। यस समुदायमा कुनै कुनै वेलामा २० को दरले भनेर २० पाथी रक्सी, २० धार्नी चोंचेको मासु, २० पाथीको वटुक, २० धार्नीको खसी मगनी लानुपरेको समेत जानकारी रहेको छ। यसरी धुमधाम सँग मागी विवाह गर्ने चलन पनि परम्परागत देखि नै रहेको पाइन्छ। तर मामाकी छारीलाई पनि नमागी भगाएर लैजाने चलन पनि रहेको पाइन्छ। भगाएर लगेको अवस्थामा ५ दिन भित्र केटी पक्षको घरमा सोधनी जाने गरेको पाइन्छ। सोधनी जाँदा कुरा गर्न आउने केटा पक्षका मान्छेलाई कुटुनी भनिन्छ। मामाकी छोरी भगाईलगेमा त्यसलाई सजिलै स्विकार गर्ने प्रचलन रहेको छ। विवाह पद्धतीमा मामाको छोरीलाई विहे गरी लगेमा पनि सोधनी जाने मन्छेहरु सँग छलफल गरी उपयुक्त दिन पारेर विहे गर्ने अर्थात टिका फुकाउने प्रचलन रहेको छ। टिका फुकाउन आँउदा कन्या केटीहरुले सगुन स्वरुप रक्सी र वटुक आकर्षक तरीकाले सजाएको सोलीमा वोकेर मगर पोशाकमा सजियर लैजाने चलन छ। यस्तो कार्य सांस्कृतिक हिसावले अति सुन्दर देखिन्छ फुपुको छोरा हुँदा हुदै अन्य केटा सँग विवाह गरेको अवस्थामा सामाजिक रुपमा वाटो विराएको मानिन्छ। यस्तो अवस्थामा माइतीमा यदि विवाह नभएका दिदिहरु छन् भने तिनिहरुले थप सजाय स्वरुप पैंचो थाप्ने प्रचलन रहेको पाइन्छ। विवाहको वेलामा केटीको मावली पक्ष र वुढामावली पक्षको घरमा समेत वटुक, मासु,रक्सी र खसी लैजानु पर्ने चलन रहेको छ। यस्तो सौगातको भारीलाई मावली भारी भन्ने गरीन्छ।

२.३. स्थानीय संघ संस्थाहरु

रामपुर नगरपालिका वडा नं ९ मा विभिन्न स्थानीय संघ संस्थाहरु रहेका छन् जस अन्तर्गत समुदायमा आधारित आमा समुह, वालक्लव तथा साँस्कृतिक रुपमा रहेका भेजा, तथा अन्य आर्थिक क्रियाकलाप गर्ने अनौपचारीक समुहहरु रहेका छन्। यस स्थानमा १. नेपाल रेडक्रस सर्कलको उपशाखा कार्यालय २. नवज्योती क्लव, माछापुछे सामुदायिक खेलकुँद विकास मञ्च ३. ग्रामीण समाजकेन्द्र, ४. रैनादेवी युवक्लव, रहेका छन्।

३. वन तथा वातावरण

३.१. सामुदायिक वन र वन पैदावार

रामपुर नगरपालिका वडा नं ९ मा निम्नानुसार सामुदायिक वनहरु रहेका छन्।

१. श्री मान्छेलुंग सामुदायिक वन २. अर्वसीं सामुदायिक वन ३. जब्गादी सामुदायीक वन ४. चुच्चे डुंगा आठभीर

सामुदायिक वन, यस वडामा सामुदायिक वनको संख्या निकै कम रहेको छ। यहाँका वनमा तपसिलमा उल्लेखित विरुवाहरु पाइन्छन्।

काठको लागि उपयुक्त : १. साल २. चिलाउने ३.साज, ४. न्यून संख्यमा सल्लो

स्याउला, दाउरा, वनफल र कुकाठको रुपमा : १. कटुस, २. लालीगुँरास, ३. कुखुरेकाठ, ४. खिलुवा ५. वेलौती, चुत्रो,

जडिबुटिको रुपमा प्रयोग हुने : टिमुर, सिस्नो, कानचिर्ने, वनसिस्नो, दालचिनि,भर्ला, तितेपाती, अंगेरी,गिठा, भ्याकुर, सिकारी लहरो, पाखनवेद, वनकपास, अराली, रैनी, रुदिलो, टटहलो, असूरो, गुजरगानो, सिरु, दंगेउलो, आँखीतरे, क्यामुनो, जमुनो, हर्रो, वर्रो, आकासेवेली, मगरकाँची, भक्याम्लो पाइन्छ।

अन्य विरुवाहरु : १. केतुकी, वनमारा, काउरो, गिदरी, कोइरालो, वोहोरी, मनीगट्टा, आँप, कटहर,

३.२ **वन्य जन्तुहरु** : यस क्षेत्रमा निम्नानुसारका जंगली जनावरहरु पाइन्छ।

वाँदर, स्याल,वनविरालो, न्याउरीमुसा, लोखर्के, दुम्सी, मिर्ग, चितुवा, भार्से, गोहोरो, खरायो आदि पाइन्छ।

यस क्षेत्रमा निम्नअनुसार चराहरु पाइन्छ। काग, भंगेरा, तित्रो, कालिज, डांग्रे, लामपुछ्रे, ढुकुर, सुगा, परेवा, कोइली, काठफोरुवा, झोलीचरा, चिवे, चिल, गिद्धह, धोवीनी, वकुल्ला आदी पाइन्छन्। यस क्षेत्रमा पाइने अन्य जिवहरुमा जुका, चिप्लेकिरा, जुनकिरी, भमरा, पुतली पनि पर्दछन्।

३.३ **प्रमुख पर्यटकीय स्थलहरु** : रामपुर नगरपालिका वडा नं ९ मा विभिन्न पर्यटकीय स्थलहरु रहेका छन्। सडक पूर्वाधारको सहज पहुँचको कमिको कारणले हाल सम्म ती पर्यटकीय स्थलको प्रचार प्रसार र आर्थिक प्रयोग हुन सकेको छैन। यहाँ रहेका पर्यटकिय दृष्टीकोणवाट महत्वपुर्ण स्थानहरु निम्नानुसार रहेका छन्।

जग्गादी स्वामी डाँडामा रहेको ऐतिहाँसिक स्वामीको चौपारी झण्डै २ सय वर्ष पुरानो रहेको स्थानीय वासीहरु वताउँछन् चौपारीको संरक्षणका लागि स्वर्गीय टंकनाथ काफ्लेको स्मृतिमा उहाँका छोरा अरुण काफ्लेले सुरुवात गर्नु भएको र हाल वडा नं ९ को आर्थिक सहयोगमा झण्डै ८ लाख जतिको लगानीमा आकर्षक विश्राम स्थल सहितको चौपारी निर्माण भएको छ। उक्त चौपारीमा वसेर वरिपरीका डाँडा र साना साना फाँटहरुको दृष्य अवलोकन गर्न सकिन्छ।

३.३.२ रामपुर नगरपालिका वडा नं ९ मा रहेको रामपुरकै सवैभन्दा अग्लो स्थान कोटडाँडामा रहेको कोटघर ऐतिहाँसिक, धार्मिक,सास्कृतिक र पर्यटकीय स्थलको रुपमा विकास गर्न सकिने प्रशस्त आधारहरु छन्। यस स्थानमा खासगरी चैते दशैं र वडा दशैंको अवसरमा स्थानीय मौलिक परम्परा अनुसार गरीने पूजा, उपवास, फूलापातीको वढाई तथा सराँयनाच निकै रमाइलो र मौलिक रहेको छ। यस कोटमा फूलापातीको अघिल्लो दिन मगरहरुको भेजाको मुख्य मानिस जसलाई उमराओ भनिन्छ , उमरा ओको घरमा दुईजना कुमार केटाहरुलाई लगेर चोखो खाना खुवाइन्छ र तिनीहरुलाई घटस्थापनाको दिनदेखि कोटघरमा हुने पूजाहरुमा कर्ताको रुपमा राखिन्छ, र ती कुमारहरुलाई उपासे भन्ने गरीन्छ। कोटमा बाह्रमण पूजारीले नियमित रुपमा दियोकलस पूजा गर्ने र चण्डिपाठ गर्ने चलन रहेको कुरा स्थानीयहरु वताँउछन्। कोटमा पूजाका लागि खटीएका उपासेहरु षष्टिको दिन पुन उमराओको निर्देशन अनुसार कालीगण्डकीको समिपमा रहेको स्थान कुमराँगको तोकिएको घरमा वास वसि भोलिपल्ट फुलपातीको दिन कालिगण्डकीमा स्नान गरी प्रत्येक घरवाट फूलापातीहरु जम्मा गर्दे फुलापतीको वढाँइको लागी लैजाने र फूपातिको दिन राती फूलापती चढाँउदा सँगै वोका वली दिने प्रचलन रहेको छ। अष्टमीको दिन आधरातमा वोकाको वलिदिइन्छ त्यसलाई वलेक्रा भनिन्छ। वलेक्राको वलि तिनै उपासेहरुले दिने गर्छन्। त्यस्तै गरी नवमीको दिन सरकारी वलि दिने चलन रहेको छ त्यसमा पञ्चवलि दिने चलन रहेको छ। टिकाको दिन कोटघरमा वन्दुक पट्कीसकेपछि टिकाको साइत सुरु भएको मानिन्छ। पछिल्लो समयमा वन्दुक पड्काउने चलन रहेको छैन, त्यस्तै टिकाको दिन साँझ स्थानीयहरु जम्मा भई सरांगे नाच प्रदर्शन गर्ने प्रचलन रहेको छ। यस परम्परालाई व्यवस्थित गरी प्रचार प्रसार गरेमा पर्यटकरुलाई आकर्षण गर्न सकिन्छ। यस स्थान नेपाल एकीकरणको

वेलामा गोरखाका सैनिकहरु समेत यस स्थानमा आई पूजा गरेको हुँदा, हाल एकिकरणको इतिहाँसको सम्झना स्वरुप नेपाली सेनाले गर्ने गोरखा जितगढि एकिकरण पैदल यात्रामा समेत सेनाहरु यस कोटमा आई पूजा गर्ने र सलामी दिने गर्दछन् । यस वडामा रहेका अन्य धार्मिक स्थलहरु निम्नानुसार रहेका छन् ।

अकालदेवी मन्दिर, शिवालय मन्दिर, जलदेवी मन्दिर, जलकन्य बालकन्या मन्दिर, रम्भादेवी मन्दिर, रैनादेवी मन्दिर, शिव मन्दिर, सत्यवती मन्दिर, शिद्धबाबा मन्दिर, जल्पादेवी मन्दिर आदि रहेको पाइन्छ ।

३.३.३. यस वडामा रहेको ऐतिहाँसिक र भौगोलिक हिसावले विशेष रहेको पुर्णिमाको लेक पर्यटकीय हिसावले सम्भावना रहेको ठाँउ मानिन्छ । यस लेकमा पुरानो भुरे राजाको पालामा लडाईको लागि हातहतियारहरु लुकाएर राखेको गुफाहरु पनि रहेको छ । हाल जिर्ण अवस्थामा रहेको गुफा ३० मिटर जति लामो रहेको र उक्त गुफामा पुरानो जमानाका हातहतियारहरु फेला परेको र ती हातहतियारहरु कोटमा राखिएको स्थानीय वासीहरु वताँउछन् । हाल गुफामा पुग्न मोटबाटो छाडेर झण्डै आधाघण्टा पैदल यात्रा गर्नु पर्ने उक्त स्थान पर्यटकीय सम्भावना वोकेको अर्को महत्वपूर्ण स्थान हो । यस स्थानवाट कालिगण्डकी नदी, रामपुरको केही भाग र चापाकोटको अधिकाश भाग अवलोकन गर्न सकिन्छ ।

४. आर्थीक क्रियाकलाप

रामपुर नगरपालिका वडा नं ९ भौगोलिक हिसावले नगरपालिकाको केन्द्रवाट टाढा पर्ने भएको र भौगोलिक हिसावले डाँडा काडाहरु मात्र भएको हुनाले यहाँका वस्तीहरु क्रमस पातलो हुँदै गएको छ । रामपुर उपत्यका र यस पूर्वका भेगहरुमा आवतजावतका लागि एकमात्र विकल्पको रुपमा आर्यभञ्ज्याङ रामपुर मोटरबाटो मात्र रहेको वेला जब्गादी वजार निकै चहलपहल देखिन्थ्यो । हाल निकै कम मात्र मोटर चल्ने हुँदा जब्गादी वजारको चहलपहल निकै घटेको छ । यो एक स्थानीय वजारको रुपमा मात्र रहेको छ । यस स्थानमा साना होटल, रेष्टुरेन्ट, भाँडापसल, किरानापसल, साना कपडा फेन्सी पसल, तरकारी पसलहरु सञ्चालनमा रहेका छन् । जब्गादीको चिसो र मिठो पानीले पकाएको खाना खाने ग्राहकहरु पनि निकै पातलो हुन थालेका छन् ।

४.१ प्रमुख पेशाहरु :

यस वडामा स्थायी रुपमा वसिरहेका वासिन्दाहरुको प्रमुख पेशा निर्वाहमुखी कृषि पेशा हो । सिंचाइको आभाव तथा वाँदर तथा अन्य जङ्गली जनावरहरुको कारणले खेती गर्ने मानिसहरु पनि विस्तारै कम हुँदै गएको दृष्य पहिले पहिले हराभरा हुने डाँडाहरु हाल झाडीमा परीणत भएको देखिन्छ । यस क्षेत्रमा अन्यत्रको भन्दा फरक जमिन रहेको र वर्षायाममा कुलो नभएको तर धानफल्ने खेतहरु भएको पाइन्छ । ती खेतहरुमा धान रोपाइ गरी धान उञ्जाउ हुने गरेको छ । यस क्षेत्रमा निम्नानुसारका पेशाहरु गरेको पाइन्छ ।

४.१.१. कुटानी पिसानी मिल सञ्चालन, विभिन्न प्रकृतिका सामानहरु विक्रि वितरण गर्ने पसलहरु सञ्चालन, डोको नाम्लो तथा विभिन्न वाँसका सामानहरु वुनेर विक्रि गर्ने काम, मौरीपालन, वाख्रापालन, बङ्गुर पालन, उखु खेती, फलामको काम, सिलाइकटाइको काम आदि ।

४.२.२ स्थानीय उत्पादनहरु

यस वडाका मुख्य स्थानीय उत्पादन भनेको लाम्दी खोलाको खुदो र खुदोवाट वनेको गुँडलाई मान्न सकिन्छ । पहिले लाम्दी खोलाको खुदो र गुँड यस क्षेत्रमा निकै प्रचलित रहेको थियो भने त्यसैलाई निरन्तरता दिदै अहिले पनि उक्त खुदो र गुँड यस क्षेत्रमा पाइन्छ । त्यस्तै यो स्थान माहुरी पालनका लागि पनि उत्तिकै उपयुक्त देखिन्छ । अहिले पनि यस स्थानमा मुढेघारवाट उत्पादित मह खरीद गर्न पाइन्छ । वोका पाठाहरु पनि यस स्थानमा पाउन सकिन्छ । यहाँको उत्पदान भएका वोका पाठाहरु पोखरा, वुटवल सम्म पनि निकासी हुने गरेको पाइन्छ ।

४.३ वैंक तथा वित्तिय संस्थाहरु

यस क्षेत्रको वित्तिय कारोवारमा अहिले पनि परम्परागत ओइचो पैंचो र सापटीको प्रचलन रही आएको छ। यस स्थानका व्यापारीहरु रामपुर वजारमा रहेका विभिन्न वैंकहरुमा आर्थीक कारोवार गर्ने गरेको पाइन्छ। भने यस क्षेत्रको अग्रणी वित्तिय सँस्थाको रुपमा अन्धकार मुक्ति वचत तथा ऋण सहकारी सँस्थाको सवैभन्दा पुरानो शाखा जब्गादीमा रहेको छ। अर्वसिंगमा निर्धन लगुवित्त रहेको छ।यस स्थानमा स्थानीय कृषि तथा पशु महिला सहकारी संस्था पनि रहेको छ।

५ विकासका पूर्वाधारहरु

५.१ शिक्षा स्वास्थ्य र सञ्चार

शिक्षा : रामपुर नगरपालिका वडा नं ९ राणाशासनको वेलामा पनि राजनैतिक चेतना विकास भएको वडा हो। तत्कालिन खालिवन गाँउ पञ्चालयतको प्रधानपञ्च वा गा.वि.स को अध्यक्ष पदमा यसै क्षेत्रका व्यक्तिहरु निर्वाचित भएको इतिहाँसले पनि यो कुरालाई पुष्टि गर्छ। यस वडामा जम्मा ५ वटा सामुदायिक विद्यालयहरु छन् भने १ वटा गुठीवाट सञ्चालित संस्थागत विद्यालय रहेको छ।

विद्यालयहरु
१. भानुभक्त माध्यमिक विद्यालय, वालकक्षा देखि १२ कक्षा सम्म
२. जनशान्ति माध्यमिक विद्यालय, कक्षा १ देखि कक्षा १२ सम्म
३. प्रगतीशिल प्राथमिक विद्यालय, कक्षा १ देखि कक्षा ३ सम्म
४. जनहित प्राथमिक विद्यालय, कक्षा १ देखि कक्षा ५ सम्म
५. सिद्ध प्राथमिक विद्यालय, मधुकोट कक्षा १ देखि कक्षा ३ सम्म

स्वास्थ्य : नगरपालिकाको केन्द्रवाट टाढा भएकोले स्वास्थ्यको क्षेत्रमा सहज पँहुचका लागि आधारभूत स्वास्थ्य केन्द्र स्थापना भएको छ। यस क्षेत्रमा परम्परागत रुपमा झारफुक गर्ने तथा स्थानीय जडिवुटीको प्रयोग गरी उपचार गर्ने पद्धती पनि विद्यमान रहेको व्योहोरा स्थानीय हरु वताउँछन्।

सञ्चार : संचारको लागि यस क्षेत्रमा मोवाइलको टावर स्थापना भएको छ। नेपाल टेलिकमको टावर, एनसेलको टावर भएका कारणले मोवाइलको नेटवर्क राम्रो छ। त्यस्तै गरी फाइवर इन्टरनेट सेवा पनि यस क्षेत्रमा सञ्चालित छ। यस क्षेत्रमा सञ्चारको राम्रो व्यवस्था छ भन्न सकिन्छ।

५.२ विद्युत तथा खानेपानी :

यस वडाका सवै घरमा नेपाल विद्युत प्राधिकरणवाट सामुदायिक विद्युतिकरण कार्यक्रम अन्तर्गत विद्युत वितरण भएको छ। जब्गादी क्षेत्रमा कठिन रहेको खानेपानीको समस्या समाधान गर्नको लागि जब्गादी लिफ्टिंङ्ग खानेपानी आयोजनाको ठूलो योगदान रहेको छ, आयोजना मार्फत,जब्गादी अर्वसिंग, साठीपाइला, तथा मन्छेलुंग सम्म खानेपानीको सुविधा पुगेको छ। अन्य स्थानमा पनि विभिन्न योजना मार्फत खानेपानीको सहज पहुँच भएको कुरा स्थानीय वासिन्दाहरुले वताउनु हुन्छ।

५.१.४ सडक र सिंचाई : यस वडामा रामपुर फाँटमा पुग्ने पहिलो मोटरवाटो आर्यभञ्ज्याँग रामपुरको देउराली देखि सिमलभञ्ज्यांग सम्मको झण्डै ४ कि.मि. पक्कि सडक रहेको छ। यस वडाको भौगोलिक वनोटको कारणले प्रत्येक टोलमा पुग्नका लागि फरक फरक मोटरवाटो निर्माण गर्नुपर्ने अवस्था रहेको छ। यहाँ वनेको प्रमुख सडकमा ठाँटी भञ्ज्याङ मधुकोट मगरे ३ कि.मि कच्ची सडक र कोटडाँडा लाम्दिखाला २.५ कि.मि कच्ची सडक रहेका छन्। अन्य वस्तीहरुमा जान कच्ची मोटरवाटो तथा गोरेटो वाटोहरु रहेका छन्। यस क्षेत्रमा खोलाको नजिक साना साना फाँटहरुमा खेत रहेको छ, जसमा सत्तरी कुलो, लाम्दी खोला कुलो, ठूलो खेत कुलो, वगरे दशमुरे कुलो, कुद्लेरी कुलो,मन्डली खेत कुलो आदी

हुन् ।

६. विपत र विपत व्यस्थापन

रामपुर नगरपालिका वडा नं ९ स्थित मधुकोटमा वि.सं २०८० सालमा ठूलो आगलागी भएको इतिहास छ। वारीमा आगो लगाई सफा गर्ने क्रममा वनमा डढेलो लागि वनवाट गोठ हुँदै सल्केको आगोले ९ घर जलेर क्षति भएको थियो । उक्त स्थानमा मानिसहरु घाइते हुनुको साथै २ घरका सम्पुर्ण पशुहरु जलेर मरेका थिए। त्यस वखत स्थानीयहरुलाई राहत स्वरुप रामपुर नगरपालिकावाट र वडावाट राहत उपलव्ध गराइएको थियो । उक्त घट्ना पछि राहत स्वरुप विभिन्न संघ सस्था र व्यक्तिहरुवाट पनि सहयोग उपलव्ध भएको कुरा स्थानीयहरु वताँउनुहुन्छ। यस क्षेत्रमा हालसम्म अन्य विपत जन्य ठूला घट्ननहरु भएका छैनन् तर विपत हुन सक्ने सम्भावित स्थानमा जब्गादी वजारको उत्तर तर्फको पहिरो जोखिमपुर्ण रहेको छ। पहिरोको रोकथामका लागि तार जालि राख्ने काम तथा वृक्षारोपण गरीएको छ। विपत जन्य सम्भाव्य जोखिमवाट वच्नका लागि आवस्यक सावधानी सम्वन्धमा वडा स्तरवाट विभिन्न सूचना प्रवाह गर्ने तथा आवश्यकताको आधारमा जोखिम न्यूनीकरणका लागि विभिन्न कार्यक्रमहरु राखिएका छन् ।

रामपुर नगरपालिका, वडा नं. १०, रामपुर, पाल्पा

एकाइ-१

परिचय

१.१. भौगोलिक अवस्था

पाल्पा जिल्लाका १० वटा स्थानीय तहहरुमध्ये पर्यटन विकासको प्रचुर सम्भावनायुक्त रामपुर नगरपालिका अन्तर्गत नगरपालिकाको कार्यालयदेखि पश्चिम भागमा अवस्थित १० नं. वडा धेरैजसो डाँडाकाँडाले घेरिएको र केही समथर भूभाग मिश्रित रहेको छ। २७.८८ डिग्री उत्तरी अक्षांश र ८३.७८ डिग्री पूर्वी देशान्तरमा अवस्थित यस वडाको सबैभन्दा अग्लो भूभाग ठोक्सिङ भञ्ज्याङ समुद्र सतहदेखि ११०० मिटरको उचाइ र सबैभन्दा होचो भूभाग ग्याब्दी खोलाको दोभान नजिकै रहेको होस्दी ज्वाला देवी मन्दिर रहेको स्थान समुद्र सतहदेखि ३५० मीटरको उचाइमा रहेको छ। पूर्वमा ८ नं वडा, पश्चिममा रम्भा गाउँ पालिकाको १ नं.वडा,उत्तरमा काली गण्डकी र दक्षिणमा पूर्वखोला गाउँपालिकाको ५ नं.वडाको सिमा क्षेत्रभित्र अवस्थित यस वडाको धेरै जसो भूभाग डाँडा काँडा भएपनि बाँकी रहेको समथर भूभाग अत्यन्त उर्वर र खेतीयोग्य मानिन्छ।

दक्षिणतर्फको सबैजसो भूभाग डाँडाकाँडा र उत्तरतर्फक काली नदीको तटीय क्षेत्र समथर रहेको यस वडामा ग्याब्दी खोला, सारु खोला, अँधेरी खोला, धारादी खोला, अमृत खोला, झम्मा खोला, काली खोला, जामुने खोला, गोमान्दी खोला, भुतियार खोला आदि जस्ता ठूला खोलाहरु र वस्ती गैरा, ठूली गैरा, खँडाल खोल्सी, सिमल गैरा, चिसापानी खोल्सी, चाँप खोल्सी, फाल गैरा, दौडारे खोल्सी, झ्याम्री गैरा आदि स-साना खोल्साहरुले यहाँका विभिन्न बस्तीहरुलाई छुट्टयाउने काम गरेका छन्। डाँडा काँडाहरुका सिरानमा ठोक्सिङ भञ्ज्याङ, मुरली भञ्ज्याङ, स्वामी भञ्ज्याङ, सिकोडाँडा भञ्ज्याङ, बेल भञ्ज्याङका नामले चिनिने स-साना समथर भू-भागहरु रहेका छन्। यस्तै काली नदीको माथि कुमाल बस्ती नजिकै अत्यन्तै राम्रो विमानस्थल बनाउन योग्य समथर भूभाग छ, जसलाई गौडी बरडाँडाको नामले चिनिन्छ।

१.२. ऐतिहासिक र समसामयिक अवस्था

राणा शासन कालको अन्त्य तथा पञ्चायती शासन व्यवस्थाको सुरुवाती कालमा हेक्लाङ, मनभागा, ग्याझा र पिलुवा गरी चार वटा मौजामा विभाजित यस वडामा पछि ती सबै मौजाहरु मिलाई ग्याझा गाउँ पञ्चायत नामाकरण भयो। यस क्षेत्रको धेरै जसो भूभागको माटो रातो भएको र मगर जातिको बस्तीको बाहुल्य रहेकाले मगर भाषामा रातो माटोलाई ग्याच झा भनिने भएकाले त्यही **ग्याच झा** शब्द प्रयोग गर्दै आउने क्रममा यस ठाउँको नाम **ग्याझा** रहन गएको मानिन्छ। केही समय पछि ग्याझा शब्द पनि प्रयोगको सिलसिलामा अपभ्रंस भएर गेझा गाउँ पञ्चायत नामाकरण भएको पाइन्छ। वि.सं. २०४६ सालको जन आन्दोलन पश्चात गेझा गाउँ पञ्चायतको साटो गेझा गाउँ विकास समिति भयो। जसमा जम्मा ९ वटा वडाहरु रहेका थिए। वि.सं. २०७१ सालमा रामपुर नगरपालिकामा मिलाउने क्रममा साविकका १,२,३,४,५ र ९ वडालाई १४ र ६,७ र ८ वडालाई १५ नं. वडा गरी २ वडामा विभाजन गरिएको थियो। तर पछि पुनः २०७४ मा नयाँ संरचना निर्माणका क्रममा वडा नं १ लाई ८ मा गाभी बाँकी सबै साविकका वडालाई मिलाएर १० नं. वडा निर्माण गरिएको हो।

तत्कालीन समयमा विभिन्न क्षेत्रमा आर्थिक तथा प्रशासनिक कार्य सम्पन्न गर्नका लागि जिम्माल तथा मुखियाहरु रहने प्रचलन थियो। सोही अनुसार तत्कालीन ग्याझा गाउँ पञ्चायतको जिम्मालको जिम्मेवार्रा तारा प्रसाद सेढाईंले सम्हाल्नु भएको थियो भने मुखियाको जिम्मेवारी पहल सिँ सिँजाली र लक्ष्मण रानाले सम्हाल्नुभएको थियो। वि.सं. २०१७ सालको राजनीतिक परिवर्तन पश्चात ग्याझा गाउँ पञ्चायतको पहिलो प्रधान पञ्चका रुपमा खिमकर्ण भण्डारी रहनु भयो।

त्यसपछि क्रमशः रितमान राना, लिलानाथ सिलवाल, नून बहादुर राना, पुनः लिलानाथ सिलवाल र लक्ष्मण भण्डारी प्रधान पञ्च हुनु भएको थियो । पछि वि.सं. २०४६ सालको जनआन्दोलन पश्चात गेभ्रा गाउँ विकास समितिका अध्यक्षका रुपमा भद्र बहादुर थापा र टंकथान खनाल रहनु भयो । वि.सं. २०७४ को स्थानीय तहको निर्वाचन पश्चात यस १० नं. वडाका जन प्रतिनिधिहरुको नाम यस प्रकार रहेका छन् :

अध्यक्ष लिल बहादुर गाहा
सदस्य सोना श्रेष्ठ
सदस्य तुलसी सुनार
सदस्य कृष्ण बहादुर सारु
सदसय भुवन सिं सिंजाली
कार्यपालिका सदस्य सविता कुमाल

२०७९ सालका जन प्रतिनिधिहरु:

अध्यक्ष : तोयानाथ सारु थापा
सदस्य सुमित्रा बर्मेली
सदस्य राम कुमारी भण्डारी
सदस्य पिताम्बर ओस्ती
सदस्य टंकनाथ खनाल
कार्यपालिका सदस्य भविश्वर कुमाल

एकाइ-२
समाज र संस्कृति

२.१. **प्रमुख बस्तीहरु**

यस वडामा रहेका प्रमुख बस्तीहरु यसप्रकार छन् :

क) होस्दी टोल	:	पूर्व टोल, माझ टोल, पश्चिम टोल
ख) मगरे टोल	:	तल्लो मगरे, माथिल्लो मगरे, कटुवा
ग) पानसय अफिस टोल	:	पानसय, सातबिसे, अफिसटोल, बाह्रबिसे, अक्यान
घ) वर्दले टोल	:	वर्दले, मिलन चोक
ङ) चम्फे टारबारी टोल	:	चम्फे, गेझा माझथर, पश्चिम गेझा, टारबारी
च) अधम्बरा टोल	:	अधम्बरा, बेलभञ्ज्याङ
छ) सिद्धार्थ मौलाथर टोल	:	मौलाथर, बेलबारी, कोख्या,
ज) टोक्स्या पल्याङ टोल	:	टोक्स्या, पल्याङ, हेलन्दी
झ) राहुडाँडा टोल	:	राहुडाँडा,छाप, एक्लाचौर
ञ) मनभागा टोल	:	मनभागा, तल्ला थर, माझ थर, सूर्यगौडा, खरक, चन्दनेटार
ट) दुर्गा मन्दिर टोल	:	मस्लेङ, थोत्रीबारी, दुर्गामन्दिर, जगटे आप,चिउरी टोल, जफती टोल, गैरी बगैचा, तिमल्सिना टोल
ठ) रामटार टोल	:	रामटार, औंडी, बेल्टार, बैंडा
ड) धनसार टोल	:	धनसार, गोतामे बारी
ढ) सिकोडाडा टोल	:	मलौटे, राना गाउँ , हटिया, सिकोडाडा
ण) स्वामी भञ्ज्याङ टोल	:	स्वामी भञ्ज्याङ, बर भञ्ज्याङ, सालघारी, गेगरेनी
त) च्याङलिङ टोल	:	मरेडाडा, माथिल्लो च्याङलिङ, च्याङलिङ
थ) माथिल्लो कुमाल गाउँ टोल	:	औडी, बगाले थर
द) तल्लो कुमाल गाउँ टोल	:	कुरिनटार,माझ थर, तल्लाथर, साहुथर, डाडाथर, विज गाउँ

२.२. **जातजाति, संस्कार र संस्कृति**

भौगोलिक, जातिय , भाषिक , धार्मिक, सांस्कृतिक विविधतायूक्त समाजको संरचना

जातजातिमा	: ब्रामण, मगर, क्षेत्री, नेवार, कुमाल, ठकुरी, गुरुङ, कामी, दमाई, सार्की, घर्ती, आदि।
प्रचलित भाषा	: नेपाली , मगर, नेवार गुरुङ
चाडपर्व	: नयाँ वर्ष, आमा औंसी, चण्डी पुर्णिमा, साउने संक्रान्ति, नाग पञ्चमी, जनै पुर्णिमा, श्री कृष्ण जन्माष्टमी, तीज, दशैं, तिहार, ल्होसार, माघे संक्रान्ति, श्री पञ्चमी, होली, चैते दशैं
संस्कार	: जन्म र मृत्यु संस्कार सबैको समान, विवाह संस्कार मगर र नेवारको पृथक।
भेषभुषा र पहिरन	: दौरा, सुरुवाल, टोपी, साडी, चोलो, गुन्यु, (ब्रामण, क्षेत्री, नेवार, कामी, दमाइ, सार्की) भोटो, कछाड, दौरा, सुरुवाल, टोपी, साडी, चोले, लुङ्गी, घलेक, लर्फु, मेखला (मगर, गुरुङ, ठकुरी)
खानपानमा	: पर्व विशेषअनुसार फरक फरक
तीजमा	: लट्टे (घिउमा पकाएको चामल), दशैमा मासु, तिहारमा सेलरोटी, फिनी, अर्सा, अनरसा, खुर्मा, १५ पुसमा चिच्चर, माघे संक्रान्तीमाः बटुक, फरौला, तरुल , खिचडी आदि।

नृत्यहरुमा : झ्याउरे, मारुनी, चुट्का, भजन, फागुनाच, आदि।

खेती लाउने/स्याहार्ने बेला प्रयोग हुने शब्दः हलो, कुटो, कोदालो, जुवा, खोक, जोतारा, हसिया, छत्री, स्याखु, घोल्याङ्, हतासो, चिउरी पेल्ने कोल।

विभिन्न चाडपर्व र अवसरहरुमा मेला लाग्ने स्थानः

वैशाख १ मा - सिद्धबाबा मन्दिर
चण्डी पूर्णिमा - छाप
जन्माष्टमीमा - रामटार, बर्दले
तीजमा - रामटार, बर्दले
दशैँमा - कोटघर, (मगरे र मौलाथरमा)
एकादशी - नर्मदेश्वर महादेव मन्दिर, आंधिघाट
मंसिरे पूर्णिमा - माथिल्लो मनभागा
माघे संक्रान्ति - थोत्रीबारी
शिवरात्रीमा - नर्मदेश्वर महादेव मन्दिर, बालासिद्ध मन्दिर

२.३. **स्थानीय संघ संस्थाहरु**

यस १० नं. वडाभित्र रहेका संस्थाहरु :

१. सिर्जनशील विकास समाज नेपाल
२. सिर्जना आमा समूह
३. कानुङ मगर समाज

एकाइ-३
वन, वातावरण र पर्यटन

२.१. **सामुदायिक वन र वनपैदावार**

यस वडा क्षेत्रभित्र रहेका सामुदायिक वनहरु :

क) ग्याब्दीखोला सिखार्दी सामुदायिक वन होस्दी

ख) श्यामकोट सालडांडा सामुदायिक वन बर्दले

ग) लुरीखर्क नाङ्गेटार सामूदायिक वन बर्दले

घ) ठूली गैरा तारा सामुदायिक वन हेक्लाङ

काठजन्य रुखहरु – साल, सिसौ, खयर

औषधीजन्य जडीबुटी – सर्पगन्धा, पानी अमला, गुर्जो, बोभ्को, निम, लज्जावती, पिपला, सिमली, आंक, पाती, बिरम, सिकारी लहरा, चिनी लहरा, अराली, घोडटाप्रे, गोकुलधुप आदि।

कुकाठहरु – चिलाउने, कटुस, खिलुवा, खल्लुक, बकाइनो, लोकते, आँप, पिपल, बर, सिमल, दुम्री, सिमल।

३.२ **वन्यजन्तु** : बाघ, भालु, चितुवा, बांदर, मृग, स्थाल, फ्याउरो, खरायो, गोहोरो, दुम्सी, लोखर्के, वनमुसा, वनबिरालो आदि

पन्छीहरु : चिल, गिद्ध, काग, कालिज, वनकुखुरा, ढुकुर, तित्रो, लाटोकोसेरो, चमेरो, ठेउवा, सुगा, फापरे, चिबे, गौथली आदी।

३.३. **प्रमुख पर्यटकीय स्थलहरु**

१. **नर्मदेश्वर महादेव मन्दिर** :

साविकको गेभ्का (९, हाल रामपुर नगर पालिका वडा नं. १० काली गण्डकी आदीघाटको दक्षिणी तटमा सवत् १८१० सालमा दीपकेश्वर लोहनीद्वारा निर्मित नर्मदेश्वर महादेवको मन्दिर यस वडाको एक महत्वपूर्ण पर्यटकीय धार्मिक स्थल हो। उक्त मन्दिर निर्माण पछि शास्त्रीय विधिमुताबिक नर्मदेश्वर महादेवको मूर्ति प्रतिस्थापन गरी सविक गेभ्का २, होस्दीमा रहेको १०८ मुरी खेत गुठीको रुपमा राखी सो खेतबाट उब्जनी भएको धानबाट महादेव नर्मदेश्वरको दैनिकपूजा आजा गर्दै आएको पाइन्छ। आफूले मागेको वर पूरा हुन्छ भन्ने जनविश्वास रहँदै आएको यस मन्दिरमा महाशिवरात्री, बाला चतुर्दशी, अक्षय तृतीया, आदि पर्व र श्रावण महिनामा शिवजीको विशेष पूजा आजा समेत गरिन्छ। वि.सं. २०७९ सालमा बैकुण्ठ खनालको अध्यक्षतामा धन धान्याञ्चल महायज्ञ सञ्चालन गरी रकम सङ्कलन गरेर सो रकमबाट १०८ ओटा शिवलिङ्ग सहित मन्दिरको स्तरोन्नति गर्ने कार्य सम्पन्न भयो। अहिले मन्दिरदेखि माथि करिडोरसम्म आउने बाटो स्तरोन्नति गर्ने काम भइरहेको छ भने त्यस मन्दिरमा प्रत्येक दिन पूजारी नारायण प्रसाद आर्चायबाट पूजाआजा सम्पन्न हुन्छ।

२. **बालासिद्ध मन्दिर** :

साविक गेभ्का ६ हाल रामपुर(१० मा पर्ने उत्तरबाहिनी हुग्दी घाटको शिरमा अवस्थित सिद्ध गुफा यस क्षेत्रको एक महत्वपूर्ण धार्मिक तीर्थस्थल हो।लगभग २०० वर्ष अगाडि प्रसिद्ध बाल ब्रम्हचारी काली नदीको तीरैतीर हरिहर क्षेत्र देवघाट जाने क्रममा यस स्थानमा बसोबास गरी सिद्धी प्राप्त गरेको हुनाले यसलाइ बालसिद्ध गुफा नामकरण गरिएको भन्ने किंवदन्ती छ। वि.सं. २०२९ साल जेष्ठ ६ मा स्थानीयहरुमा अनौठो घटना घट्न गएको र खोजी गर्दा यही सिद्ध गुफाको शक्ति तथा पराकम्पन भएको एकिन गरी त्यहांका जानकार व्यक्तिहरुको राय अनुरुप विशेष रुपले देवाधिदेव भगवान सहित सिद्ध

भगवानको प्राण प्रतिष्ठा गरी स्थानीय वासीहरुको पहलमा मन्दिर खडा गरी पूजाआजा गर्न सुरुवात गरेको पाइन्छ। सो मन्दिर स्थापनाका लागि स्थानीय टोपलाल भट्टराईले उक्त शक्ति स्थान रहेको आफ्नो नामको कित्ता नं. १६७, क्षेत्रफल ३-९-०-२ को जग्गा र साविक हुँगी ५ निवासी मित्रलाल पाठकले हाल रम्भा १ हुँगीमा रहेको १-८-०-० रोपनी खेत गुठका लागि बाल सिद्ध गुफाको नाममा प्रदान गर्नु भएको थियो। धार्मिक आस्थामा लीन भएका विभिन्न माता तथा सन्यासीहरु आई महिना दिनसम्म ब्रत, उपवास बसी सिद्धि प्राप्त गर्ने गरेको यस मन्दिरमा गरिने भाकल पुरा हुने जनविश्वास रहेकाले पाल्पा, स्याङजा, कास्की, पर्वत, तनहु, नवलपरासी आसपासका भक्तजनहरु आई परेवा उडाउने, नरिवल, दुध, रोट आदि चढाउने गर्छन् । गुफामाथि स्थापित यस सुन्दर मन्दिर परिसरमा अहिले हवन कुण्ड,घामपानीबाट ओत लाग्नलाई ट्रस भवनसमेत निर्माण गरी दैनिक पूजाआजा, अखण्ड हवन कार्य, साउन महिनामा दैनिक रुद्री तथा महाशिवरात्री, बाला चतुर्दशी, बैशाख संक्रान्ति, तीज पञ्चमी, अक्षय तृतीया आदि पर्वहरुमा विशेष पूजाआजा सम्पन्न हुन्छ।

एकाइ-४
आर्थिक क्रियाकलाप

४.१. **प्रमुख पेशाहरु**

पेशा व्यावसायका दृष्टिले यहाँका मानिसहरु विविध क्षेत्रमा आवद्ध भएता पनि समग्ररुपमा हेर्दा प्रमुख पेशा कृषि र पशुपालन नै हो। यहांका धेरै जसो मानिसहरु निर्वाहमुखी कृषि पेशामा संलग्न छन् भने जनार्दन पन्तले विशेष किसिमको फलफूल खेती, सुब्बा सिंजालीले तरकारी खेती, वडा अध्यक्ष तोयानाथ सारु थापाले लोकल कुखुरा फर्म, राजु गुरुङले बाख्रा फर्म (G.Agro Goat farm), उमानाथ कुमालले मिना रिभर साइट बङ्गुर फर्म जस्ता व्यावसायिक पेशा व्यावसाय अवलम्बन गरी प्रशस्त आय आर्जन गर्नु भएको छ भने सेवाका दृष्टिले यहांका कतिपय मानिसहरु शिक्षक, कर्मचारी पेशा पनि अवलम्वन गरेको पाइन्छ। साथै कसैले ग्रिल उधोग, फर्निचर उधोग, भाटाको भांडा बनाउने आदि जस्ता उधोग धन्दा सञ्चालन गरेका छन् भने कोही व्यापार तथा वैदेशिक रोजगारीतर्फ संलग्न रहेका छन्।

४.२. **स्थानीय उत्पादनहरु :**

भौगोलिक दृष्टिले यस वडाको समथर उर्वर खेतीयोग्य भूभाग केही कम भएता पनि यहांको स्थानीय उत्पादनले यस वडाक्षेत्रलाई मात्र नभई समग्र रामपुर नगरपालिका वासीलाई फलफूल र तरकारीको आवश्यकता परिपूर्ति गरेको छ। यहांका मानिसहरु धान, मकै, गहुँ, कोदो, आलु प्रशस्त मात्रामा उत्पादन गरी बिक्री समेत गर्दछन्। यहांको भैंसी पालन, बाख्रा पालन, कुखुरा पालन, बंगुर पालनबाट उत्पादित दुध, घ्यू तथा मासुजन्य पदार्थहरु बिक्रीबाट प्रशस्त आय आर्जन भएको छ भने तरकारी खेतीबाट प्रशस्त मात्रामा काउली, बन्दा, सिमी, टमाटर, आलु, कांक्रा आदि उत्पादन गरी बर्षेनी लाखौं आम्दानी यस वडामा भित्रिएको पाइन्छ। त्यस्तै गरी फलफूल खेतीबाट आँप, लिची र सुन्तला प्रशस्त मात्राामा उत्पादन गरी रामपुर, तानसेन लगायतका बजारसम्म पुऱ्याई आय आर्जनको बाटो विस्तार गरेको छ।

४.३. **बैंक तथा वित्तिय संस्थाहरु :**

१. काली गण्डकी आधारशिला सहकारी संस्था
२. अन्धकार मुक्ति बचत तथा ऋण सहकारी संस्था

एकाइ -५
विकासका पूर्वाधारहरू

१.शिक्षा, स्वास्थ्य र सञ्चार

यस वडामा अवस्थित शैक्षिक संस्थाहरु :

क) श्री भानुभक्त मा.वि. - कक्षा नर्सरीदेखि ५ सम्म अंग्रेजी माध्यम र ६ देखि १२ सम्म नेपाली माध्यममा पठनपाठन

ख) श्री जनकल्याण मा.वि. - कक्षा नर्सरीदेखि ८ सम्म अंग्रेजी माध्यम र ९ देखि १२ सम्म नेपाली माध्यममा पठनपाठन

ग) श्री नवजागृति प्रा.वि. - कक्षा ECD (५ सम्म नेपाली

घ) श्री कुम्भ प्रा.वि. - कक्षा ECD (५ सम्म नेपाली

ङ) श्री बालासिद्ध प्रा.वि. - कक्षा नर्सरी देखि ५ सम्म अंग्रेजी माध्यममा

छ) श्री बुद्ध प्रा.वि. - कक्षा १ देखि ३ सम्म

ज) गेभ्रा सनराइज इङ्लिस बोर्डिङ - कक्षा नर्सरीदेखि कक्षा ८ सम्म

स्वास्थ्य संस्थाहरु :

१) गेभ्रा स्वास्थ्य चौकी बर्दले

२) शहरी स्वास्थ्य क्लिनिक, काभ्रेघारी

सञ्चार : डांडा कांडाले बनेको भूभाग भएता पनि वडाका सबै ठाउँमा मोबाइल, इन्टरनेट, टेलिभिजन आदिको सुविधा भएको।

५.२. **विद्युत र खानेपानी –** वडाका सबै वस्तीहरुमा विद्युतको सुविधा भएको - खानेपानी समथर बस्तीहरमा प्राय : जसो ठाउँमा एक घर एक धाराको व्यवस्था भएको तर डांडातिरको बस्तीहरुमा एक टोल एक धाराको व्यवस्था भएको।

५.३. सडक र सिंचाइ

सडक : यस वडा क्षेत्रभित्र काली गण्डकी करिडोर बाहेक कुनै पनि सडक पक्की नभएको समथर बस्तीहरुमा प्राय सबै तिर कच्ची सडक पुगेको तर मगरे र हेलन्दी बस्तीहरुमा कच्ची सडक पनि नपुगेको अवस्था।

सिंचाइ : खेतीयोग्य समथर भूभागहरुमा धेरै जसो ठाउँमा सिंचाइको सुविधा भएको।

सिंचाइका लागि प्रयोग हुने कुलाहरु (च्याङलिङ फांट कुलो, कुडुले कुलो, टारको ठूलो कुलो, आले विरौटा कुलो, लिके कुलो, जायतारी कुलो, बर्दले फांटको कुलो, हुंगुर कुलो, जेठी कुलो, माइली कुलो, कान्छी कुलो।

एकाइ-६
विपद् र विपद् व्यवस्थापन

यस वडाको समथर भूभाग भन्दा भिरालो जमिन र खोला नाला धेरै भएको क्षेत्र हुनाले पनि बाढी, पहिरो, भूकम्प जस्ता प्राकृतिक विपत्तिका दृष्टिले केही असुरक्षित स्थान मानिन्छ। बाढी, पहिरो, भुकम्प, आँधी आदि जस्ता प्राकृतिक विप(तबाट ठूला क्षति नभए पनि सामान्य र मध्यम खालका क्षतिहरु वर्षेनी भइरहने गर्छन् । वर्षातको समयमा भएको वर भञ्ज्याङ पहिरो, राना चौपारी पहिरो, विर्ताबारी पहिरो, घाटकुलो पहिरो, थेात्रीबारी पहिरो, बिरौटा पहिरो आदिले विभिन्न ठाँउको बस्ती र सिंचाइलाई वर्षेनी नराम्ररी असर पुऱ्याएको छ। ती पहिराहरुमध्ये कतिपयलाई व्यवस्थापन गर्ने काम पूरा भएको छ भने ढोलीबारी पहिरोको अभैसम्म उचित व्यवस्थापन हुन सकेको छैन। त्यसले राहुडाँडा र छापका बस्तीका केही घरहरु निकै प्रभावित छन् । त्यसले त्यहाँको बस्ती, सडक, पानी जस्ता पक्षहरुमा प्रत्यक्ष असर पऱ्याएको छ । वर्षातको समयमा केही ठूलो पानी पर्दा निकै त्रासमा बस्नु परेको अवस्था सिर्जना भएको छ।

यस्ता प्राकृतिक प्रकोपबाट निम्तिने घटनाहरुलाई व्यवस्थापन तथा न्यूनीकरण गर्नका लागि यहांका बासिन्दा, वडा कार्यालय तथा नगरपालिकाबाट पनि विभिन्न कार्यहरु भइरहेका छन् । यस्ता विपत्हरुबाट सुरक्षित रहनका लागि यहांका बासिन्दाहरुलाई सचेतनामूलक कार्यक्रमहरु संचालन गरी जोखिमयुक्त स्थानहरुको पहिचान गरी बिपत न्यूनीकरणका विभिन्न उपायहरु अवलम्बन गर्नुपर्ने देखिन्छ।